# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **हरिहर खनालको उपन्यासकारिता** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत विश्वविद्यालय क्याम्पस कीर्तिपुरको नेपाली केन्द्रीय विभागको निर्धारित स्नातकोत्तर तह दोस्रो वर्षको ऐच्छिक दसौं पत्रको परिपूर्तिको निम्ति रहेको छ ।

## १.३ विषयपरिचय

साहित्यकार हरिहर खनाल (वि.सं. २००३) नेपाली साहित्यको क्षेत्रमा वि.सं. २०२० को दशकदेखि देखापरेका साहित्यिक प्रतिभा हुन् । उनी वि.सं. २०२४ देखि अनवरत रूपमा साहित्य साधनामा देखापर्छन् । हालसम्म उनका दस वटा कथासङ्ग्रह, दुईवटा कवितासङ्ग्रह, एक निबन्धसङ्ग्रह, एक जीवनी अनुवाद, दुई नियात्रा र दुई वटा उपन्यास गरी  जम्मा अठार वटा कृतिहरू प्रकाशित भइसकेका छन् ।

तेजविलास अधिकारीले आफ्नो शोधपत्रमा साहित्यकार खनाल समाजवादी यथार्थवादी साहित्य सिर्जनमा प्रयासरत रहेका र उनका आख्यानहरुले मार्क्सवादको वर्गचेतना, वर्गद्वन्द्व र निम्न वर्गको संघर्षलाई स्थापित गर्दै समानता र न्यायपूर्ण आन्दोलनलाई यथोचित मलजल गर्छन् गर्दै प्रगतिवादी चेतले ओतप्रोत साहित्य सिर्जना गर्ने साहित्यकारको रुपमा लिएका छन् । खनालका **उज्यालोको खोजीमा** (२०६५) र **समयको रेखाचित्र** (२०६५) दुइवटा उपन्यास प्रकाशित छन् । यिनै दुई उपन्यासहरूको विश्लेषण नै यस शोधको विषय रहेको छ ।

## १.४ समस्याकथन

मूलतः कथाका क्षेत्रमा कलम चलाउँदै आएका खनालको कलम साठीको दशकमा आएर उपन्यास विधामा चल्मलाउन थालेको पाइन्छ । नेपाली उपन्यास परम्परामा हरिहर खनालको उत्कृष्ट योगदान रहँदा रहँदै पनि उनको उपन्यासकारिताको समग्र रूपमा अध्ययन हालसम्म हुन नसकेको परिप्रेक्ष्यमा **हरिहर खनालको उपन्यासकारिता** के कस्तो रहेको छ ? भन्ने मूल समस्यासँग सम्बन्धित भएर निम्नानुसारका समस्याहरू यस शोधपत्रमा आएका छन्:

क) हरिहर खनालको जीवनी र व्यक्तित्त्ववृत्त के कस्तो रहेको छ ?

ख) उपन्यास सिद्धान्तका आधारमा हरिहर खनालका उपन्यासहरू के-कस्ता रहेका छन्?

ग) हरिहर खनालको औपन्यासिक यात्रा के कस्तो रहेको छ ?

घ) उपन्यासकारका रूपमा हरिहर खनालका प्रवृत्तिहरू के-कस्ता रहेका छन् ?

ङ)नेपाली उपन्यास परम्परामा हरिहर खनालको स्थान र योगदान के-कस्तो रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

वि.सं. २०२४ देखि हालसम्म निरन्तर रूपमा साहित्य साधनामा लागेका खनालले पुस्तकाकारका रूपमा अठार वटा विभिन्न विधाका कृतिहरू प्रकाशन गराई नेपाली साहित्य परम्परामा आफूलाई स्थापित गराएका छन् । उनले हालसम्म दुईवटा उपन्यास प्रकाशन गराई नेपाली उपन्यास परम्परामा उल्लेख्य योगदान रहँदा रहँदै पनि उनको उपन्यासकारिताको समग्र अध्ययन हालसम्म हुन नसकेकाले परिप्रेक्ष्यमा हरिहर खनालको उपन्यासकारिताको सन्दर्भमा समग्र अध्ययन गर्नु यस शोधकार्यको मूल उद्देश्य रहेको छ भने यसै मूल उद्देश्यसँग सम्बन्धित भएर निम्नानुसारका उद्देश्यहरू निर्धारण गरिएका छन् :

क) हरिहर खनालको जीवनी र व्यक्तित्त्ववृत्तको बारेमा अध्ययन गर्नु,

ख) उपन्यास सिद्धान्तका आधारमा खनालका उपन्यासहरूको अध्ययन गर्नु,

ग) हरिहर खनालको औपन्यासिक यात्राको बारेमा अध्ययन गर्नु ।

घ) उपन्यासकारका रूपमा हरिहर खनालका प्रवृत्तिहरूको अध्ययन विश्लेषण गर्नु,

ङ) नेपाली उपन्यास परम्परामा हरिहर खनालको योगदान निरुपण गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

आधुनिक कथा परम्परामा निरन्तर सेवा गर्दै आएका हरिहर खनालले वि.सं. २०६५ सालमा आएर उपन्यास विधालाई अगाडि बढाएका छन् । उनले नेपाली साहित्यमा आख्यान मात्र नभएर निबन्ध, टिप्पणी, नियात्रा, कविता समीक्षा तथा संस्मरणात्मक लेखहरूमा पनि योगदान दिएका छन् । यसै सन्दर्भमा उनका बारेमा विभिन्न विद्वान तथा समालोचकहरूले टिप्पणी, चर्चा परिचर्चा गरेका छन्, जसलाई यसरी प्रस्तुत गरिएको छ :

पारिजातले हरिहर खनालको दोस्रो कथासङ्ग्रह **आकाश छुने डाँडोमुनि** (२०३८) को भूमिका खण्डमा गाउँ घरको वातावरणमा राम्ररी भिजी सबै किसिमका पात्रहरू र परिवेशको चित्रण गर्न सक्ने खनाल जनताको हकहित तथा सिद्धान्तप्रति प्रतिवद्ध भएर समसामयिक प्रगतिशील फाँटमा स्पष्ट रूपमा चिनिएका छन् भन्ने कुराको चर्चा गरेकी छिन् ।

तारानाथ शर्माले **नेपाली साहित्यको इतिहास** २०३९ मा आधुनिक कालका आशलाग्दा कथाकारका रूपमा खनालको चर्चा गरेका छ्न ।

इश्वरचन्द्र वाग्लेले वि.सं. २०४९ सालमा **हरिहर खनालको जीवनी, व्यक्तित्त्व र कृतित्त्व**को अध्ययन गरेका छन् । यस शोधपत्रमा खनाललाई प्रगतिवादी साहित्यकारको रूपमा वाग्लेले चिनाएका छन् ।

निनु चापागाईंले **मार्क्सवादी चिन्तनमा सौन्दर्य** (२०५४) मा हरिहर खनाललाई अग्रणी समाजवादी कथाकारको रूपमा चर्चा गरेका छन् ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०५६) मा नवयुगका नयाँ पुस्ताका युवा कथाकारको पङ्क्तिमा हरिहर खनाललाई क्रमबद्ध गरेका छन् ।

घटराज भट्टराईले **नेपाली लेखककोश** (२०५६) मा हरिहर खनाललाई प्रगतिशील चिन्तनबाट प्रभावित साहित्यकारको रूपमा चर्चा गरेका छन्. ।

नारायणप्रसाद चापागाईंले **कथाकार हरिहर खनालको कथाकारिता** (२०६०) शीर्षकको स्नातकोत्तर अप्रकाशित शोधपत्रमा हरिहर खनालका कथालाई विभिन्न शीर्षक राखी विश्लेषण गरेका छन् तर अन्य विधाको बारेमा चर्चा गरेको पाइदैन ।

तेजविलास अधिकारीले **साहित्यकार हरिहर खनाल र उनका साहित्यिक कृतिहरूको सङ्क्षिप्त अध्ययन** (२०६१) शीर्षकको स्नातकोत्तरको अप्रकाशित शोधपत्रमा हरिहर खनाल र उनका त्यस समयसम्म प्रकाशित कथा, कविता, निबन्ध तथा जीवनीको मात्र अध्ययन गरेका छन् ।

भागवतशरण न्यौपानेले **हरिहर खनालका छोटा कथाहरू** (२०६४) को भूमिकामा उक्त कथाकृतिमा समाविष्ट ४३ कथाहरूले नेपालको आर्थिक, सामाजिक, राजनीतिक, ऐतिहासिक अवस्था, गाउँ, समाज, वर्गीय एवं लैङ्गिक विभेद जस्ता विषयहरूलाई कथ्य बनाइएको कुराको चर्चा गरेका छन् ।

गोविन्दराज भट्टराईले **उज्यालोको खोजीमा** (२०६५) को भूमिका खण्डमा चितवन जिल्लाको कान्छो उपन्यासको रूपमा चर्चा गर्दै उक्त उपन्यासको सामान्य परिचय दिएका छन् ।

रमेश विकलले **समयको रेखाचित्र** (२०६५) को भूमिका खण्डमा यो उपन्यासको विश्लेषण गर्दै आख्यान साहित्यको श्रीवृद्धिमा एउटा इँटा थपेको कुरा व्यक्त गरेका छन् ।

वासुदेव अधिकारीले सम्पादन गरेको **शब्द संयोजन** मा डा. खेम कोइरालाले 'हरिहर खनालको समयको एउटा रेखाचित्र' एक टिपोट शीर्षकमा खनाललाई प्रगतिवादी उपन्यासकारको रूपमा चिनाएका छन् र **समयको रेखाचित्र** उपन्यासको बारेमा सामान्य चर्चा गरेका छन् ।

डा. कृष्णहरी बराल र नेत्र एटम द्वयले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** नामक पुस्तकको प्रगतिवादी नेपाली उपन्यासका पङ्क्तिमा हरिहर खनालको **समयको रेखाचित्र** लाई समावेश गर्दै निम्नवर्गका पात्रले गरेको सबल संघर्षलाई अङ्कन गर्ने प्रगतिवादी उपन्यासको संज्ञा दिएका छन् र यसमा युवाहरूको जोश, वर्गीय हीत राष्ट्रिय चिन्तनले व्यापकता प्राप्त गरेको कुरा उल्लेख गरेका छन् ।

डा. गोपीन्द्र पौडेलले **सौन्दर्यबोध र समीक्षा विविध** (२०५९) मा हरिहर खनाललाई सामाजिक यथार्थवादी दृष्टिकोण अनुरूप कथा सिर्जना गर्ने कथाकारका रूपमा लिएका छन् र यथार्थका विभिन्न पाटाहरूको अलग-अलग विश्लेषण गरेका छन् ।

प्रा. डा. गोपीन्द्र पौडेलले 'कथाको सौन्दर्यशास्त्र' (२०६५) मा कथाकार हरिहर खनालले दश-एघार वर्षे जनयुद्धलाई कथामार्फत चित्रण गर्दै कथा रचनाको विषय स्रोत वर्गसङ्घर्षलाई लिएको कुरा जनाएका छन् । खनालले जनयुद्धको सघन प्रक्रियाको उदात्तीकरण नगरे पनि जनहत्या र राज्य आतङ्कको चित्रण गर्ने कथाकारको पङ्तीमा पौडेलले उभ्याएका छन् ।

निनु चापागाईंले **चिनको डायरी** (२०६६) नियात्रात्मक कृतिको भूमिका खण्डमा हरिहर खनाललाई प्रगतिवादी कथाक्षेत्रका कुशल कथाकार तथा कविता, उपन्यास आदि विभिन्न साहित्यिक विधामा कलम चलाएका बहुआयामिक व्यक्तित्त्व मानेका छन् ।

डी.आर. पोखरेलले **खनाल : व्यक्ति र कृति** शीर्षकको समालोचनामा खनाललाई बहुमुखी प्रतिभाका रूपमा चिनाउँदै उनका कथा, कविता आदि कृतिहरूको विश्लेषण गरेका छन् ।

राधिका रायाले **यथार्थ यात्रा** भाग १ मा 'युगका पदचापहरूभित्र डुबुल्की मार्दा' शीर्षकात्मक लेखमा खनाल एक आदर्श व्यक्तित्त्व र स्वाभिमानी भएका र असल चरित्रको छाप हुनुलाई उनको इमान्दारीताको संज्ञा दिदैं संस्मरणहरूको प्रशंसा गरेकी छन् ।

यी विभिन्न विद्वानहरूले हरिहर खनालका कृतिहरूको विभिन्न किसिमले व्याख्या तथा विवेचना गरेका छन् । यस्ता विविध व्याख्या तथा विवेचना भए पनि उनका उपन्यास तथा उपन्यासकारिताको बारेमा अध्ययन भएको देखिँदैन । यसैको अभावलाई प्रस्तुत शोधले पूरा गर्ने अपेक्षा राखिएको छ ।

### १.७ शोधकार्यको औचित्य, महत्त्व तथा उपयोगिता

वि.सं. २०२४ देखि साहित्य साधनामा तल्लीन नेपाली साहित्यका बहुमुखी प्रतिभा हरिहर खनालले साहित्यका विभिन्न विधामा कलम चलाए तापनि आख्यानका क्षेत्रबाट ठूलो ख्याति कमाएका छन् । खासगरि उनको लेखन कथा विधामा रहे तापनि पछिल्लो समयमा

आएर ओजस्वी, गुणात्मक दृष्टिले उच्च कोटीको उपन्यास पनि लेखेका छन् । हालसम्म उनका बारेमा जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, कथाकारिताको अध्ययन तथा २०६१ सालसम्मका साहित्यिक कृतिहरूको अध्ययन र उनले रचना गरेका कृतिका बारेमा विभिन्न विद्वान तथा समालोचकहरूले विभिन्न ठाउँमा टिकाटिप्पणी तथा चर्चा परिचर्चा गरेको पाइन्छ तर उनको समग्र उपन्यासकारिताका बारेमा एकत्रित अध्ययन हुन नसकेको परिप्रेक्ष्यमा प्रस्तुत शोधकार्यको औचित्य स्वतः रहने छ । खनालको उपन्यासकारिताको बारेमा अध्ययन र विश्लेषण गर्न चाहने जुनसुकै पाठक तथा अध्येताहरूलाई पनि यस शोधकार्यले थप सहयोग र जानकारी पुऱ्याउने भएकोले यसको औचित्य, महत्त्व तथा उपयोगिता पनि रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

बहुमुखी प्रतिभाका धनी हरिहर खनालको कलम नेपाली साहित्यका विभिन्न विधामा अनवरत रूपमा अगाडि बढिरहेको छ । उनको कलम कथा, उपन्यास, कविता, निबन्ध, नियात्रा आदि क्षेत्रमा चलेको छ र खासगरि आख्यानका क्षेत्रमा बढी फराकिलो हुन पुगेको छ । यसो भए पनि प्रस्तुत शोधकार्यलाई हरिहर खनालको हालसम्म प्रकाशित उपन्यासका आधारमा उनको उपन्यासकारिताको अध्ययन र विश्लेषणमा मात्र सीमित गरिएको छ ।

## १.९ सामग्री संकलन तथा शोधविधि

प्रस्तुत शोधकार्यको सिलसिलामा आवश्यकता अनुसार पुस्तक र पत्रपत्रिकाको अध्ययन बढी गरिने हुँदा यस शोधकार्यमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । यसबाहेक शोधनायक तथा प्रस्तुत शोधशीर्षकसँग सम्बन्धित व्यक्ति तथा विशेषज्ञहरूसँग भेटेर पनि आवश्यक सामग्री सङ्कलन गरिएको छ । यसैगरि औपन्यासिक कृतिहरूको विवेचनाका क्रममा सम्बद्ध एवम् प्रचलित विधा सिद्धान्तको प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसँगठित र सुव्यवस्थित गर्नका लागि निम्नानुसारको परिच्छेदहरूमा विभाजन गरिएको छ ।

| | |
|---|---|
| पहिलो परिच्छेद | : शोधपरिचय |
| दोस्रो परच्छेद | : हरिहर खनालको जीवन वृत्त र व्यक्तित्त्व वृत्त |
| तेस्रो परिच्छेद | : उपन्यासको सैद्धान्तिक परिचय |
| चौथो परिच्छेद | : नेपाली उपन्यास परम्परामा हरिहर खनालको औपन्यासिक यात्रा |
| पाचौं परिच्छेद | : हरिहर खनालका उपन्यासको विश्लेषण |
| छैठौं परिच्छेद | : उपसंहार तथा निष्कर्ष |

# दोस्रो परिच्छेद

# हरिहर खनालको जीवन वृत्त र व्यक्तित्त्व वृत्त

## २.१ हरिहर खनालको जीवन वृत्त

### २.१.१ जन्मस्थान र बाल्यकाल

हरिहर खनालको जन्म वि.सं. २००३ भाद्र १२ गते पिता कृष्णप्रसाद खनाल र माता सुलोचना खनालका कोखबाट ज्येष्ठ सुपुत्रका रूपमा कास्की जिल्लाको फल्याङकोट भन्ने गाउँको एक मध्यवर्गीय परिवारमा भएको देखिन्छ । उनी सानैदेखि मिहिनेती र कार्यमा लगाव राख्ने स्वभावका देखिन्छन् । पाँच वर्षकै उमेरमा मातृस्नेहबाट वञ्चित हुन पुगेका खनालले आठ वर्षको उमेरमा नै बाबाको छहारी पनि गुमाउन पुगेको बुझिन्छ । यसप्रकार कलिलैमा टुहुरा बन्न पुगेका, सहन गर्ने क्षमता प्रबल भएका खनाल आर्थिक तथा विभिन्न समस्याहरूसँग जुझ्दै अगाडि बढ्दै गए । यसरी उनको बाल्यकाल अभाव, सङ्कट तथा कारुणिक देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.१.२ शिक्षा-दीक्षा

घरैमा कक्षा १ र २ को अध्ययन गरी  सर्वप्रथम खनालले तीन कक्षादेखि मात्र विद्यालय शिक्षाको सुरुवात गरेको पाइन्छ । माध्यमिक शिक्षा पूरा गर्न नै उनले निकै विद्यालयहरू परिवर्तन गर्नुपरेको देखिन्छ । घरायसी वातावरण दिगो र उत्प्रेरक नहुनाले यिनले आफ्नो पढाइलाई बिच-बिचमा छोडदै कष्टप्रदरूपमा अगाडि बढाउँदै लगे पनि वि.सं. २०२३ सालमा चितवन हाइस्कूलबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेको पाइन्छ । यिनले वि.सं. २०२५ मा प्रमाणपत्र तह, वि.सं. २०३२ मा स्नातक तह तथा स्नातक गरेको १४ वर्षपछि वि.सं २०४६ सालमा अङ्ग्रेजी विषयमा एम.ए. पनि पूरा गरे (वाग्ले, २०४९:५) । लगनशील व्यक्ति कुनै पनि बेला आफ्नो लक्ष्यमा पुग्छ र अभिष्ट पूरा गररै छोड्छ भनेझैं खनालले आफूमा रहेको शिक्षाप्रतिको अभिरुचि ढिलै भए पनि पूरा गरेको देखिन्छ ।

### २.१.३ पेशा

खनालको जन्मस्थान कास्की भए पनि कर्मस्थान भरतपुर, चितवन रहेको देखिन्छ । उनले स्कूले जीवन धान्नकै लागि पनि कमाउँदै पढ्दै गरेको देखिन्छ । वि.सं. २०२५ मा आई.ए. उत्तीर्ण भएपछि शिक्षण पेशामा संलग्न रहेको देखिन्छ । उनले वि.सं. २०२८ देखि २०३१ सम्म जि.शि.का. चितवनमा अस्थायी ना.सु. पदमा काम गरेको पाइन्छ । त्यसपछि उनी चितवन मा.वि. भरतपुरमा मा.शि. पदमा स्थायी नियुक्ति भएको देखिन्छ । खनालले वि.सं. २०३३ देखि २०३४ सालसम्म चितवन जिल्लाको पटिहानी स्थित श्री अमर माध्यमिक विद्यालयमा तथा २०३४ देखि २०५४ साल सम्म बालकुमारी माध्यमिक विद्यालय नारायणगढमा शिक्षणकार्य गरेको पाइन्छ । एम्.ए. पूरा गरेपछि वि.सं. २०४५ देखि २०४९ सम्म वीरेन्द्र बहुमुखी क्याम्पस भरतपूरमा आंशिक प्राध्यापकको रूपमा समेत अध्यापन गरे भने वि.सं. २०४५ देखि नै सप्तगण्डकी वहुमुखी क्याम्पस, भरतपूरमा प्राध्यापनका साथै २०५८ देखि क्याम्पस प्रमुख भइ शिक्षालाई उज्यालोतिर धकेल्न सक्दो सहयोग गरेको देखिन्छ । हाल उनी यही क्याम्पसबाट सेवानिवृत्त भएका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.१.४ स्वभाव र रुचि

हरिहर खनालको मुहार सँधै प्रसन्न देखिन्छ । हँसिलो र मिजासिलो स्वभावका धनी खनाल लगनशील तथा सहनशील भएको कुरा उनका बारेमा लेखिएका विभिन्न कृतिहरूबाट प्रष्टिन्छ । विगतका कहालिलाग्दा दिनहरू थाहा पाउँदा अपत्यारिलो जस्तो देखाउँछ, उनको वर्तमानले । विगतका ती कष्टदायक पीडालाई यदाकदा कृतिमार्फत चाहिं उजागर गरेको आभाष उनका कृति अध्ययनपश्चात मिल्न जान्छ । कुनै पनि ठाउँमा सक्दो सहयोगको भावना राख्ने खनाल धूर्त र शोषक व्यक्तिलाई मन पराउँदैनन् । बाल्यकालदेखि नै लेख्न, पढ्न र चिन्तन मनन गर्न रुचाउने हरिहर खनालको प्रमुख सेवा तथा साधनाको क्षेत्र नेपाली साहित्य र पत्रकारिता हो (उही : १५) । उनी लोकगीत, सङ्गीत तथा प्रगतिशील गीतहरू सुन्न बढी मन पराउँछन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.१.५ आर्थिक अवस्था

नियतिको खेलले गर्दा सानैमा टुहुरा बन्न पुगी आफन्तकोमा आश्रय लिन पुगेका खनालको बाल्यजीवन लथालिङ्ग भएको बुझिन्छ । अध्ययनलाई पनि रोक्दै अघि बढाउँदै गर्नुपर्ने स्थितिका खनालको आर्थिक गतिविधि नै निराधार तथा शून्य भएको पाइन्छ । ओरालो लागेको मृगलाई जसले पनि खेद्छ भनेझैं अबोध बालकलाई साहारा दिनुको सट्टा गोठालो बनाई अलिअलि भएको जेथो पनि आफन्तद्वारा हडपिएको देखिन्छ । आफन्तको टोकसो सहन गाह्रो हुन थाले पछि उनी वि.सं. २०२० मा चितवन झरेको पाइन्छ । पढ्नकै लागि पढाएर खर्च जुटाउने अनि पढ्नुपर्ने बाध्यता देखिन्छ उनी माथि । अरु कसैले नदेखे पनि भगवानले हेर्छन् भनेझैं ट्युसन पढाउँदै भेटिएको जागिर खाँदै गर्दा वि.सं. २०२९ मा आएर चितवन मा.वि. भरतपुरमा स्थायी मा.शि. पदमा नियुक्त भएको पाइन्छ । यसरी क्रमशः मेहनतको फल पाउँदै जाँदा आफ्नो आर्थिक अवस्था पनि सुधार्दै लगेको देखिन्छ । हाल खनाललाई पहिलेको जस्तो आर्थिक सङ्कट नहुनुको साथै भरतपुर, चितवनमा एउटा घर, भएका खनाल हाल काठमाडौं, धापासी-७, तिलिङ्टारमा वसोवास गर्छन । हाल उनी साहित्य साधनालाई निरन्तरता दिदै आफ्नो परिवारसँग सुखदायी जीवन काठमाडौंमा बसेर बिताइरहेका छन् ।

### २.१.६ पुर्ख्यौली तथा पारिवारिक स्थिति

खनालको पुर्ख्यौली थलो दमौलीको मानु भन्ने ठाउँ हो भने पछि मात्र कास्कीको फल्याङकोट गएका हुन् । हजुरबुबाहरू तीन भाइ, बुबाहरू पाँच भाइ थिए भने दुबै आमापट्टि गरी खनालहरू चार भाइ थिए (चापागाई, २०६० : ६) । खनालका पुर्खाहरू गाउँका मान्य व्यक्ति तथा मुखियाका रूपमा परिचित सामन्ती प्रवृत्तिका थिए । खनालका आफ्नी आमापट्टी दुई भाइ थिए जसमा कान्छो भाइको मृत्यु सानैमा भएको थियो (विभिन्न पुस्तक अध्ययनबाट प्राप्त जानकारी) ।

बाल्यावस्थामै टुहुरो भएका खनाल वि.सं. २०२५ वैशाखमा तनहुँ साँगेफाँट निवासी केशवराज वाग्लेकी जेठी छोरी विजयालक्ष्मीसँग विवाह बन्धनमा बाँधिए । सानैमा आमाबुबाको मायाबाट वञ्चित खनाललाई विजयालक्ष्मीको साथले आफ्नो गन्तव्यमा लम्किन प्रेरित गऱ्यो । यसैक्रममा वि.सं. २०२६ पौषमा जेठा छोराको जन्म भयो भने वि.सं.

२०२९ मा छोरी सुशीला, २०३२ मा छोरी शीला र २०३५ मा कान्छो छोरा सुनिलको जन्म भयो । हाल दुवै छोरीलाई खनालले कर्मघर पठाइसकेका छन् भने छोराहरू पनि उचित लाइनमा आफ्नो जीवन अगाडि बढाइरहेका छन् । दुबै छोराको विवाह भइसकेको छ भने जेठा छोराको दुई छोराछोरी पनि जन्मिसकेका छन् । कान्छा छोरा बुहारी अमेरिकामा छन् । यसरी खनालको हाल ८ जनाको पारिवारिक संख्या रहेको देखिन्छ (शोध नायकबाट प्राप्त जानकारी) ।

### २.१.७ सम्मान र पुरस्कार

बिसको दशकदेखि साहित्य सेवामा अनवरतरूपमा लागिरहेका खनालको साहित्य प्रति सानै उमेर देखि चासो थियो । उनी विभिन्न साहित्य सम्बन्धी प्रतियोगिताहरूमा अघि बढ्ने गर्दथे । साहित्य साधनामा दुई बिस बीताएर तीन बिसमा हिडिरहेका खनालले थुप्रै सम्मान तथा पुरस्कारहरू पाएका छन् । उनले हालसम्म पाएका पुरस्कार तथा सम्मानहरूलाई निम्नानुसार सूचीवद्ध गर्न सकिन्छ :

- विरेन्द्र कलेजमा सम्पन्न इन्टर कलेजस्तरीय निबन्ध प्रतियोगितामा प्रथम (२०२४)
- वि.सं. २०२४ फाल्गुणमा चितवन भरतपुरमा संचालन भएको जिल्ला व्यापी कवि गोष्ठीमा ‘लगामले बाँधिएको जीव’ भन्ने कवितामा प्रथम
- गण्डकी विद्यार्थी परिषद्द्वारा आयोजित अञ्चलव्यापी साहित्य गोष्ठीमा स्वर्णपदकसहित प्रथम पुरस्कार (२०२७)
- चिसाप प्रतिभा पुरस्कार (२०५५)
- साहित्य सन्ध्या पुरस्कार (२०५५)
- भरतपुर नगरपालिकाद्वारा प्रतिभा सम्मान (२०५६)
- जिविस चितवनद्वारा सम्मान (२०५८)
- यथार्थ कुरा - जुही सम्मान (२०६१)
- प्रलेस झापाद्वारा सम्मान (२०६१)
- लेखनाथ पुस्तकालय झापाद्वारा सम्मान (२०६१)
- कालिका स्रष्टा सम्मान (२०६३)

) प्रगतिशील लेखक संघ नेपाल, केन्द्रीय समितिद्वारा सम्मान (२०६६)

### २.१.८ संलग्नता

विभिन्न कठिनाइहरूसित जुझ्दै प्रायः शिक्षण पेशामा नै संलग्न रहेका खनाल शिक्षकबाट लिएको अवकाश पश्चात पनि विभिन्न संघसंस्थासँग आवद्ध छन् । खनाल प्रगतिशील लेखक संघ, केन्द्रीय समिति, नेपालका उपाध्यक्ष हुनुका साथै साहित्य सङ्गम ( चितवन), नारायणी कलामन्दिर (नारायणगढ), जीवन स्मृति प्रतिष्ठान (दमक, झापा), जनमत (मासिक, बनेपा), अनेसास (वाशिङ्टन डि.सि.), भानु (साहित्यिक मासिक) तथा नेपाल बालसाहित्य समाजका आजीवन सदस्य समेत हुन । यसर्थ खनालको सक्रियतामा ६५ वर्षको उमेरमा पुग्दासमेत अलिकति पनि आँच आएको देखिदैन । विभिन्न संघसंस्थासँगको संलग्नतासँगै खनाल आफ्नो साहित्यिक यात्रामा निरन्तरता देखाउँदै नयाँ-नयाँ विधामा कलम चलाउन लागिपरेका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.२ हरिहर खनालको व्यक्तित्त्व वृत्त

### २.२.१ हरिहर खनालका व्यक्तित्त्व निर्माणका पाटाहरू

'व्यक्तित्व' भन्ने शब्द आफैमा गहन र ओजस्वी छ, किनकि यसले प्रत्येक व्यक्तिको सम्पूर्णता बोकेको हुन्छ । कुनैपनि व्यक्तिको व्यक्तित्व नै सफलताको आधार हो । व्यक्तित्वलाई पनि दुई प्रकारमा बाँडेर हेर्ने गरिन्छ । कुनै पनि व्यक्तिको बाह्य आवरण बाह्य व्यक्तित्व हो भने उसमा नीहित गुण भित्रि व्यक्तित्व हो । व्यक्तिको व्यक्तित्व त्यस व्यक्तिको विगत, पारिवारिक वातावरण, सामाजिक, आर्थिक, सांस्कृतिक परिवेश तथा जीवनमा घटेका विभिन्न घटनाहरूद्वारा प्रभावित हुनपुग्छ । सानैदेखि धेरै हण्डर खाएका खनाल पारिवारिक, सामाजिक, सांस्कृतिक र आर्थिक पक्षबाट प्रभावित व्यक्तित्व हुन् । धेरै पीडा तथा चोट सहन गर्ने क्षमता भएका खनालले यी विविध चपेटाबाट आफूलाई बलियो बनाउनुका साथै आफ्नो व्यक्तित्वलाई सबल बनाएका छन् । आन्तरिक व्यक्तित्व लुकेको हुन्छ भने बाह्य व्यक्तित्त्व सदैव अगाडि हुन्छ । यस सन्दर्भमा खनालको व्यक्तित्वलाई शारीरिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व र साहित्येत्तर व्यक्तित्व गरी  तीन भागमा राखेर अध्ययन गर्नु उपयुक्त हुनजान्छ ।

### २.२.२ शारीरिक व्यक्तित्त्व

मझौला कद, चौडा र पुष्ट छाती, हँसीलो अनुहार, गोरो वर्ण, ५.४ फिट उचाई, हृष्टपुष्ट फूर्तिला तथा सरल र शान्त प्रकृतिका खनाल निकै आकर्षक देखिन्छन् (वाग्ले, २०४९:२४) । ६४ वर्ष पुगी ६५ मा हिड्दै गरेका खनालमा बुढ्यौलीले छोए पनि जोश जाँगरमा कुनै कमी देखिदैन ।

### २.२.३ साहित्यिक व्यक्तित्त्व

हरिहर खनालको व्यक्तित्त्वका विविध पाटा मध्ये धेरै फस्टाएको र उर्वर पाटो साहित्यिक व्यक्तित्वको पाटो हो । बिसको दशकदेखि नै साहित्यमा अनवरत लागिपरेका खनालले आख्यान क्षेत्रलाई कसिलो बनाउँदै अघि बढिरहेका छन् । उनले कथा, कविता, उपन्यास, समालोचना, निबन्ध, अनुवाद, नियात्रा आदि क्षेत्रमा कलम चलाएका छन् । उनको व्यक्तित्वको साहित्यिक पाटोलाई यसरी हेर्न सकिन्छ ।

#### २.२.३.१ कथाकार व्यक्तित्त्व

एक्काइस वर्षको किशोरावस्थादेखि नै आफूले भोगे-सुनेका मर्म र व्यथालाई साहित्यमा उतार्ने प्रयत्न गर्ने खनालको औपचारिक रूपमा वि.सं. २०२४मा प्रकाशित पहिलो साहित्यिक रचना **जूनको प्रकाशमा सूर्यलाई निम्त्याएर** शीर्षकको कथा हो । वि.सं. २०२४ बाट सुरु भएको कथायात्रालाई निरन्तरता दिने क्रममा हालसम्म नौं वटा कथासङ्ग्रह प्रकाशित हुनुका साथै फुटकर कथाहरू विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् । रबीन्द्रनाथ ठाकुर, गुरूप्रसाद मैनाली आदिबाट प्रभावित खनालले आफ्नै जीवनमा परेका दुःख कष्ट, समाजका शोषण, अन्याय, अत्याचार आदिलाई आफ्ना कथाका विषयवस्तु बनाएको पाइन्छ । उनले विकृति र विसङ्गतिको चिरफार गर्दै हरेक वर्ग माथि हुने शोषणको चर्को रूपमा विरोध जनाएका छन् । अन्यायको विरुद्धमा जाइ लाग्ने सन्देश पनि प्रवाह गरेका छन् । यिनका आजसम्म प्रकाशित कथासङग्रहहरूलाई यसप्रकार देखाउन सकिन्छ :-

| क.सं. | कथासङ्ग्रहको नाम | प्रकाशित समय (वि.सं.) |
|---|---|---|
| १ | अजम्मरी गाउँ | २०३७ |
| २ | आकाश छुने डाँडोमुनि | २०३८ |
| ३ | देश परदेश | २०४६ |
| ४ | बमको छिर्का | २०४७ |
| ५ | विगत आगत | २०५५ |
| ६ | देशभित्र देश खोज्दै | २०६० |
| ७ | विघटन | २०६३ |
| ८ | हरिहर खनालका छोटा कथाहरू | २०६४ |
| ९ | अस्तित्त्वको खोजी | २०६६ |

### २.२.३.२ कवि व्यक्तित्त्व

हरिहर खनालका विभिन्न व्यक्तित्त्वमध्ये अर्को पाटो कवि व्यक्तित्त्व पनि हो । वि.सं. २०२० बाटै कविता लेख्न सुरु गरेपनि पहिलो प्रकाशित कविता सङ्ग्रह **बिदा हुँदा** (२०२४) हो । वि.सं. २०२४ मा **लगामले बाँधिएको जीव** शीर्षकको कवितामा चितवन जिल्ला व्यापी साहित्य गोष्ठीमा यिनी प्रथम भएका थिए । गीतिमय झ्याउरे र गद्यात्मक कवितामा कलम चलाएका खनालले आफ्ना कविताका माध्यमबाट सामाजिक विषमता, देशप्रेम, प्रकृतिप्रेम, बाध्यता तथा विवशताले पिरोलिएको नेपाली समाजको जनजीवनलाई स्पष्ट पार्ने प्रयत्न गरेका छन् (चापागाईं, २०६०:१०) । तल्लो वर्गीय जनताका दुःख र वेदनाका आर्तनादहरू खनालका कवितामा गुञ्जिएका छन् । यिनका कवितामा प्रकृतिको मनोरम चित्रणका साथै नेपाली समाजका व्यथाहरू सलबलाएका छन् । पहिलो कवितासङ्ग्रहका तुलनामा दोस्रो कवितासङ्ग्रहका कविता निकै उत्कृष्ट भए पनि भाषिक प्रयोग र शैलीशिल्पका दृष्टिले हेर्दा अझै परिष्कृत नभएको अनुभव हुन्छ ।

खनालका दुईवटा कवितासङ्ग्रहहरू प्रकाशित छन् । यी कवितासङ्ग्रहहरू यसप्रकार छन्:-

| क.सं. | कवितासङ्ग्रहको नाम | प्रकाशित समय (वि.सं.) |
|---|---|---|
| १ | विदा हुँदा | २०२४ |
| २ | आस्थाको गोरेटो | २०५१ |

### २.२.३.३ उपन्यासकार व्यक्तित्व

हरिहर खनालको अन्य विधाहरूमा लागि परी खारिएको कलम २०६५ मा आइपुग्दा उपन्यासतिर ढल्केको छ । छोटा आख्यानबाट खारिदै, माझिदै र उत्कृष्ट हुँदै परिष्कृत विचार र शैली लामो आख्यान (उपन्यास) तर्फ प्रेरित बनेको छ । हुनत २०२६ तिर नै लघु उपन्यास लेख्न थालेको तर प्राथमिक तहका सिर्जना भएकोले प्रकाशित नगरेको कुरा खनालले बताएका छन् । कथाबाट प्रेरित बनेका साथीहरूको आग्रहको प्रतिफल मान्दछन्, खनाल उपन्यासलाई । यिनले वि.सं. २०६५ को बैशाख र भाद्र महिनामा दुई वटा उपन्यास प्रकाशित गरेका छन् । उपन्यासको विषयवस्तु पनि निम्नवर्गीय परिवारका समस्या तथा दुःख, पीडा, कष्ट आदिसँग सम्बन्धित छ । गाउँले जीवनको यथार्थ परिवेशको जीवन्त नमुना खनालका उपन्यास बनेका छन् । कथा लेखनबाट प्रगतिवादी आख्यानकारका रूपमा चिनिएका खनाल उपन्यासमा पनि प्रगतिवादीताबाट नै पाठकमाझ आफूलाई चिनाउन सफल भएका छन् । उपन्यासमा सामाजिक, पारिवारिक, राजनीतिक, समसामयिक आदि सबैको मार्मिक प्रस्तुति पाइन्छ । नेपाली जनताले गरेका सङ्घर्षका ऐतिहासिक पाटाहरूलाई उपन्यासमा केलाइएको छ । यिनका प्रकाशित उपन्यासलाई यसप्रकार देखाउन सकिन्छ :-

| क्र.सं. | उपन्यासको नाम | प्रकाशित समय (वि.सं.) |
|---|---|---|
| १ | 'उज्यालोको खोजीमा' | २०६५ बैशाख १ गते |
| २ | 'समयको रेखाचित्र' | २०६५ भाद्र १२ गते |

### २.२.३.४ अनुवादक व्यक्तित्व

एक व्यक्तिमा बहुगुण निहीत भएका खनाल बहुमुखी प्रतिभा भएका व्यक्ति हुन् । अङ्ग्रेजी भाषाको ज्ञान भएका कारण अनुवादक व्यक्तित्व पनि खारिएको पाइन्छ । यिनले आफ्नो दक्षताको प्रयोग गर्दै रुसी लेखक म्याक्सिम गोर्कीको जीवनीलाई नेपालीमा अनुवाद गरे । पहिलो पटक वि.सं. २०३८ मा अनुवादित र प्रकाशित यो कृति वि.सं. २०६३ मा आइपुग्दा पाँचौ पटक परिष्कृत भइसकेको छ । हाल उपलब्ध नभए पनि खनालले **बादशाहको नयाँ लुगा** र हिन्दी भाषाबाट प्रेमचन्दको **गोदान** उपन्यासको नाट्यरूपान्त होरी धनश्याम शर्मा पौडयालसितको सहकार्यमा अनुवाद गरेका बताउँछन् (चापागाईं, २०६०:११) । यिनको **द भ्वाइस अफ माउण्टेन** सन् २००० मा प्रकाशित अङ्ग्रेजीमा अनुवादीत

कथासङ्ग्रह हो । यो कृतिमा उनले उनका केही छानिएका कथाहरु अनुवाद गरेर राखेका छन् । यसरी खनाल अनुवादक व्यक्तित्त्वमा पनि प्रखर देखिन्छन् । उनका अनुवादीत कृतिहरूलाई यसप्रकार देखाउन सकिन्छ :-

| क्र.सं. | उपन्यासको नाम | विधा | प्रकाशित समय |
|---|---|---|---|
| १ | म्याक्सिम गोर्की | जीवनी (अंग्रेजीवाट नेपालीमा) | वि.सं. २०३८ मा प्रथम संस्करण र वि.सं. २०६३ मा पाचौं संस्करण |
| २ | द भ्वाइस अफ माउण्टेन | कथासङ्ग्रह (नेपालीवाट अंग्रेजीमा) | सन् २००० |

### २.२.३.५ नियात्राकार व्यक्तित्त्व

कथा, कविता, अनुवाद, उपन्यास आदि विधामा ख्याति कमाएका खनालले २०६० को दशकमा आइपुग्दा नियात्रामा पनि हात हालेका छन् । उनको **चिनको डायरी** नामक नियात्रा वि.सं. २०६६ भाद्र १२ गते प्रकाशित भएको छ भने **बेलाइती दैनिकी** नामक नियात्रा वि.सं. २०६७ भाद्र १२ गते प्रकाशित भएको छ । खनालसहितका ५४ जना व्यक्तिहरूको २ हप्ताभन्दा बढी (जुन १६ देखि जुलाई १ तारिख) को चीनभ्रमणको अनुभवलाई धेरथोर कलाकौशलले रङ्गाई सम्पूर्ण पाठकलाई नै त्यहीँ घुमिरहेको आभाष गराउन चिनको डायरीमा खनाल सक्षम देखिन्छन् । यसबाट चीनबारे त्यहाँ नपुगेका पाठकहरूलाई जानकारी हुन्छ । नियात्राको बिच-बिचमा राखिएका मनमोहक दृश्यहरूले पाठकलाई अझ रोचकता थपेको र कुनै अर्कै संसारमा पुगेको अनुभव गराउँदछ । यसबाट छिमेकी राष्ट्र चीनको राजनीतिक, साहित्यिक, प्राकृतिक, सांस्कृतिक आदि क्षेत्रका धेरथोर जानकारी समेत हुने देखिन्छ । आफ्नो जन्म दिन पुस्तक प्रकाशन गरेर मनाउने यिनको चलन पनि चाख लाग्दो देखिन्छ ।

### २.२.३.६ निबन्धकार व्यक्तित्त्व

नेपाली साहित्यका बहुआयामिक व्यक्तित्त्व हरिहर खनालले निबन्ध विधामा पनि हाल हालेका छन् । वि.सं. २०२४ मा सम्पन्न विरेन्द्र इन्टर कलेजस्तरीय निबन्ध प्रतियोगितामा **देवकोटाको सम्झनामा** नामक खनालको निबन्ध प्रथम भएको थियो । यहीँबाट निबन्ध लेख्न थालेका खनालले हालसम्म आइपुग्दा निबन्धसङ्ग्रह प्रकाशित नगरेतापनि यो विधाबाट उनी

अलग भने छैनन् । समसामयिक विषयमा निबन्ध लेख्न रुचाउने खनालले वि.सं. २०४४ सालदेखी विभिन्न पत्र-पत्रिकाका माध्यमबाट आफ्ना विचारप्रधान निबन्धहरू प्रकाशित गरेको बताउँछन् । यिनले **आजका नेपाली युवकको बाटो र प्रवृत्तिबारे दुई चार कुरा** जस्ता निबन्ध लेखेका छन् । उनले उच्च तथा मध्यमवर्गीय जनताको कमी कमजोरी केलाउँदै अनुशासनहीनता, कुप्रवृत्ति र शोषक मनोवृत्तिको तीव्र विरोध गरेका छन् । निम्नवर्गीय जनताप्रति सहानुभूति प्रकट गरेका छन् । यिनै निबन्धबाट खनालको निबन्धात्मक प्रवृत्ति वा व्यक्तित्व प्रष्टिन्छ ।

### २.२.३.७ सम्पादक व्यक्तित्व

हरिहर खनालको विविध साहित्यिक व्यक्तित्व मध्ये सम्पादक व्यक्तित्व एक हो । यिनले सुरुमा संयुक्त प्रयासका सम्पादन कार्यमा हात हालेर पछि एकल रुपमानै स्तरीय साहित्यिक पत्रिका सम्पादन प्रकाशन गरेको देखिन्छ । सर्वप्रथम २०२५ सालमा चितवनवाट प्रकाशित 'होमान' सामयिक संकलन नौजना सम्पादन मध्ये यिनको नाम तेस्रो नंवरमा छ । २०२६ सालमा चितवन वाटै प्रकाशित प्रगतिशील साहित्यिक पत्रिका "नौलो राँको" संयुक्त सम्पादनको यिनको अर्को उदाहरण हो । मुरारीमोहन जोशी, हरिहर खनाल र प्रभातकुमार जोशीको संयुक्त सम्पादनवाट सुरु भएको यो पत्रिका यतिवेला सहित्य संगम चितवनको मुखपत्रको रुपमा प्रकाशित भैरहेको छ । यस्तै नारायणी कालामन्दिर नारायणगडको मुखपत्र **'मारुनी'** का पनि यिनी २०३५ सालताका संयुक्त सम्पादन समुहका सदस्य हुन् । यिनले २०३६ सालमा एकल सम्पादन र प्रकाशन **'जाँगर'** नामक साहित्यिक पत्रिकाको सम्पादन तथा प्रकाशन गरेको देखिन्छ । त्यतिवेलाको पञ्चायती सरकारले त्यो पत्रिकालाई दीर्घजीवी हुन दिएन र यिनले वाद्यतावस त्यो पत्रिका वन्द गर्न पर्‍यो । तर पत्रिका निकाल्ने हुटहुटी र आन्तरिक चाहना यिनमा भित्रभित्रै निस्सासिएर वसिरहेको थियो । यिनले २०४२ सालमा रविकिरण 'निर्जीव'लाई साथमा लिएर, काठमाण्डौंमा सुरेश आले मगरको नाममा दर्ता भएको साहित्यिक पत्रिका 'सेरोफेरो' चितवनवाट प्रकाशन गरे । तर पञ्चायतले त्यसलाई पनि अघि बढ्न दिएन । पञ्चायती व्यवस्थाको अवसानपछि २०४८ वैशाखमा 'जनसाहित्य' नामक त्रैमासिक प्रगतिशील पत्रिका दर्ता गरे र त्यसका ६ अंक सम्म निर्वाध रुपमा प्रकाशन गरे । पछि विविध व्यवहारिक कारणले त्यसले पनि निरन्तरता पाउन सकेन । हाल यिनी प्रगतिशील लेखक संघ नेपाल केन्द्रीय समितिको मुखपत्र 'प्रलेस' को प्रधान सम्पादक छन् ।

### २.२.३.८ समालोचक व्यक्तित्व

पुस्तकाकार रुपमा छुट्टै कृति नभए पनि हरिहर खनालका एउटा पुस्तक पुग्ने समालोचना सम्वन्धी पत्र पत्रिकाहरुमा यत्रतत्र छरिएर रहेका छन् । वीरेन्द्र वहुमुखी क्याम्पस भरतपुर चितवनको मुखपत्र 'विवेक'मा २०४८ सालमा प्रकाशित साहित्य र अनुसन्धानको क्षेत्रमा चितवन नामक यिनको रचना चितवनको समालोचनात्मक साहित्यिक इतिहासको कोशेढुङ्गा हो । जुही ज्ञानगुनका कुरा, रचना लोकभावना चूडामणि रेग्मी अभिनन्दन ग्रन्थ, रमेश विकल, विम्व एक प्रतिविम्व अनेक, जनादेश कान्तिपुर दैनिक आदिमा यिनका समलोचनात्मक लेखहरु टिप्पणीहरु भाषा संम्वन्धी लेखहरु प्रकाशित छन् । यिनले समालोचक डि.आर. पोखरेल, व्यङ्ग लेखक विश्व शाक्य, साहित्यकाहरु श्यामप्रसाद, पारिजात, आनन्ददेव भट्ट, चूडामणि रेग्मी, रमेश विकल, जगदीश घिमिरे, मञ्जुश्री थापा, मदनमोहन जोशी, डा. बालकृष्ण थापा संजीव उप्रेती, डा. सूर्यमणि अधिकारी, धनश्याम शर्मा पौडेल, टि.आर. विश्वकर्मा, भारतीय लेखक अरुन्धती राय आदिका व्यक्तित्व तथा कृतिवारे कलम चलाएका छन् ।

### २.२.४ साहित्येत्तर व्यक्तित्त्व

आख्यान साहित्यमा ख्यातिप्राप्त खनालको साहित्यभन्दा बाहिर पनि एक फरक व्यक्तिको रूपमा स्थान देख्न सकिन्छ । उनको जीवन यात्रा साहित्यले मात्र चल्न नसक्ने तितो सत्यता हामी माझ छ । यसर्थ जीवन रथलाई गुडाउन उनी साहित्य भन्दा बाहिर पनि ढल्पलाएका छन् । उनको साहित्य भन्दा बाहिरको व्यक्तित्त्व पनि कम महत्त्वको देखिदैंन ।

### २.२.४.१ शिक्षक-प्राध्यापक व्यक्तित्त्व

सानै उमरेमा पितृ र मातृ वियोगको शोकमा डुबेका खनालको सुरु जीवन संकटग्रस्त र उदासिन देखिन्छ । उनी वि.स. २०२० मा चितवन आइ विभिन्न ठाउँमा बस्न पुग्छन् । कुशल शिक्षकका रूपमा चिनिने खनालले अध्ययन र जागिर दुबै कार्यलाई अगाडि बढाउने क्रममा वि.सं. २०२० मा कक्षा ८ उत्तिर्ण गरेपछि धादिङ जिल्लाको हुमपुम (हाल चितवन) भन्ने ठाउँको धमौरा प्राइमरी स्कूलको प्रधानाध्यापकमा नियुक्त भएर सर्वप्रथम शिक्षण सेवा पुऱ्याएका थिए (उही) । जिल्ला शिक्षा आयोग चितवनबाट वि.सं. २०२९ मा स्थायी मा.शि. पदमा नियुक्त भएका थिए । त्यसपछि वि.सं. २०३३ मा पटिहानीस्थित श्री

अमर माध्यमिक विद्यालयमा सरुवा भएका खनाल वि.सं. २०३४ देखि बालकुमारी मा.वि. नारायणगढमा फेरि सरुवा भएका थिए (चापागाईं, २०६०:१२) । वि.सं. २०४५ मा अङ्ग्रेजीमा एम्.ए. गरेका खनालले २०४५ देखि २०४९ सालसम्म वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा समेत आंशिक प्राध्यापक भइ काम गरेका थिए । २०४५ देखि नै सप्तगण्डकी वहुमुखी क्याम्पस भरतपुरमा प्राध्यापनका साथै २०५८ मा क्याम्पस प्रमुख भई २०६४ माघ १० सम्म निरन्तर सेवा गरे (शोधनायकबाट प्राप्त जानकारी) । सप्तगण्डकी वहुमुखी क्याम्पसको संस्थापक मध्ये एक यिनी यो क्याम्पस स्थापनाको परिकल्पनाकार हुन् । विचारको पहिलो विजारोपण यिनैले गरेका हुन् ।

यसप्रकार हाल उनी शिक्षण पेशाबाट अलग रहे पनि एक कुशल तथा दक्ष शिक्षकका रूपमा चिनिन्छन् । उनले प्राथमिक स्कूल तहदेखि स्नातक तहसम्मको अध्यापन गराए । यसैको परिणामस्वरूप उनी पुरस्कृत पनि भएका छन् । यसर्थ उनी एक कुशल शिक्षक तथा प्राध्यापक व्यक्तित्त्व हुन् ।

### २.२.४.२ सामाजिक-सांस्कृतिक व्यक्तित्त्व

सामाजिक सेवाको भावनाबाट सानैदेखि आकर्षित खनालले समाजको विकासमा साहित्य, कला र संस्कृतिले एउटा प्रकाशपुञ्जको काम गरेको हुन्छ भन्ने विचार राख्दछन् ( वाग्ले, २०४९:३५) । उनको साहित्यिक व्यक्तित्त्व नै सामाजिक-सांस्कृतिक व्यक्तित्त्वको पूरक हुनजान्छ । कास्कीबाट चितवन झरेपछि नवलपरासी जिल्लाको त्रिभुवनटार, डण्डामा श्री जनता माध्यमिक विद्यालयको स्थापनामा देखाएको सक्दो लगनशीलता, शुक्रनगरमा पुस्तकालयको स्थापना, प्रौढ शिक्षा संचालन, बाटोघाटो, पुल आदि निर्माणमा चासो देखाउनुका साथै सप्त गण्डकी क्याम्पस भरतपूरको शैक्षिक तथा भौतिक क्षेत्र सुधार्न लागि परेका खनाल आफ्ना साहित्यिक कृतिहरूमार्फत निम्नवर्गीय समाजको आर्तनादलाई अन्त्य गरी अन्याय र अत्याचार विरुद्ध आवाज उठाउनुपर्ने माग गरेबाट उनको सामाजिक-सांस्कृतिक व्यक्तित्त्व प्रकट हुनजान्छ । साहित्यप्रेमी खनाल राष्ट्रिय परिषद्को सदस्य, प्रगतिशील लेखक संघको सदस्य, स्रष्टा नेपालका संचालक सदस्य, नेपाल प्राध्यापक संघ सप्तगण्डकी क्याम्पस एकाइ समितिको अध्यक्ष र नेपाल राष्ट्रिय शिक्षक सँगठनको साधारण सदस्य जस्ता पदमा रहेर सामाजिक कार्य गरेबाट हरिहर खनालको सामाजिक व्यक्तित्त्व

फस्टाउँदै गएको देखिन्छ । साहित्य संगम चितवनमा संस्थापक सदस्य खनाल सो संगठनका अध्यक्ष र सल्लाहकार समेत भएर काम गरेको पाइन्छ ।

### २.२.४.३ राजनीतिक व्यक्तित्त्व

निम्नवर्ग तथा निमुखा वर्गप्रति अन्याय भएको देख्न नसक्ने तथा अन्याय, अत्याचार, शोषणका विरोधी खनालले भरतपुरमा आइ.ए. पढ्दा नै आफ्ना गुरुको प्रभावमा परी मार्क्सवादी सिद्धान्तको अनुसरण गर्न पुगेका थिए । २०२४ सालमै अनेरास्ववियुका तर्फबाट सचिव पदमा चुनाव लड्दा खनाललाई हार हात परेको थियो । त्यस्तै वि.सं. २०२६ मा चितवनको शुक्रनगर गा.वि.स. का प्रधानपञ्च, २०३६ मा शिक्षक सँगठनको अध्यक्ष र २०४८ सालमा नेपाल प्राध्यापक संघको केन्द्रीय समितिको चुनावमा समेत हार भएको राजनैतिक व्यथा खनाल बताउँछन् (चापागाईं, २०६०:१३) । यसर्थ उनको राजनीतिबाट उनलाई हातालागि शुन्य भएको कुरा थाहा हुन्छ ।

## २.३ निष्कर्ष

हरिहर खनाल बहुआयामिक व्यक्तित्त्व हुन् । यिनका व्यक्तित्त्वका प्रत्येक पाटाहरू घतलाग्दा र महत्त्वपूर्ण छन् । तापनि अन्य पाटाहरू भन्दा साहित्यिक पाटोले महत्त्वपूर्ण स्थान हासिल गरेको छ । निम्नवर्गीय परिवारको जातीय उत्थान र अन्याय अत्याचारको विरुद्धमा मार्क्सवादबाट प्रभावित खनालले चर्को आवाज उठाएका छन् । रुसी लेखक म्याक्सिम गोर्की, एन्टोन चेखोव, टाल्सटाय, बंगाली कवि रवीन्द्रनाथ ठाकुर र प्रेमचन्द्र जस्ता विदेशी विद्वान तथा साहित्यकार र आधुनिक नेपाली कथाकार गुरूप्रसाद मैनाली, विश्वेश्वर प्रसाद कोइराला, भवानी भिक्षु, गोबिन्दबहादुर मल्ल ‘गोठाले’ र रमेश विकलका कथा प्रभावमा उभिएर आफ्नै गाउँघर, रनवन र मेलापातमा दिनहुँ घट्ने सामान्य घटनाहरूको तारतम्यपूर्ण संयोजनबाट निम्नवर्गका हितमा आवाज उठाउन खनालका कथा सक्षम छन् ( चापागाई, २०६०:१५) । उनी मेहनती, लगनशील तथा विद्यार्थी जीवनदेखि नै कुनै न कुनै रूपमा साहित्यप्रति झुकाव राख्ने व्यक्तित्त्व हुन् । लेखन क्षमता भएका खनाल अनुवादक, प्रकाशक, समाजसेवी, सम्पादक, नियात्राकार जस्ता व्यक्तित्त्व भएकाले नेपालदेखि विश्व साहित्यकै श्रीवृद्धिमा उनले गरेको साहित्यिक योगदानस्वरूप साहित्यकारका रूपमा यिनको व्यक्तित्त्व प्रखर हुन पुगेको छ ।

# तेस्रो परिच्छेद

# उपन्यासको सैद्धान्तिक परिचय

## ३.१ उपन्यासको सामान्य चिनारी

'उपन्यास' शब्दले नेपाली साहित्यका विविध विधाहरूमध्ये महत्त्वपूर्ण एवं नवीनतम् विशेषताका साथ एउटा नयाँ विकसित विधालाई जनाउँदछ । यो हाल आएर विश्व साहित्यमै लोकप्रिय विधा भएता पनि यसको इतिहास साहित्यका अन्य विधाहरू जति पुरानो देखिदैन । नेपाली साहित्यमा विकसित 'उपन्यास' तत्सम शब्द हो । 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग जोडी त्यसमा 'धय्' प्रत्यय समेत जोडिई 'उपन्यास' शब्दको व्यूत्पति भएको छ । यसको अर्थ संस्कृतमा 'अर्थको यूक्तिपूर्ण प्रस्तुतिकरण', 'आनन्द गराउने वाक्य', 'प्रतिमुख सन्धीको एउटा भेद', 'प्रदर्शक वाक्य' भन्ने हुन्छ (बराल र एटम, २०५६:३) । संस्कृतमा उपन्यासको अर्थ कुनै वस्तु कसैको समिपमा राख्नु भन्ने हुन्छ (आचार्य र बस्नेत, २०६३:१) । संस्कृत साहित्यमा उपन्यासलाई आनन्द गराउने अर्थका रूपमा मात्र हेरिएकोले आधुनिक नेपाली साहित्यले बहन गरेको अर्थ संस्कृत साहित्यको सन्दर्भमा मेल खाँदैन । आधुनिक नेपाली साहित्यमा आफ्नो मूल्य कायम गर्न सफल हुँदै गएको उपन्यास पाश्चात्य साहित्य चिन्तनकै द्योतक हो । तसर्थ 'उपन्यास' शब्द संस्कृतबाट बन्न पुगेको छ । हाल 'उपन्यास' शब्दलाई नोबेल कै पयार्यका रूपमा लिइने गरिन्छ ।

अँग्रेजी भाषाका 'नोवेल' शब्द इटालेली भाषाको 'नोवेले' बाट आएको हो । जसको अर्थ छोटा आख्यान वा समाचार भन्ने हुन्छ यही शब्दले फ्रान्समा नयाँ कृतिलाई जनाउँदछ । यसप्रकार आख्यानात्मक साहित्यिक विधा उपन्यासको उत्पत्ति हुन लामो कालखण्ड बितेको छ । उपन्यास विधाको उद्भव खोज्न पाश्चात्य साहित्यको अंग्रेजी र ल्याटिन, रोमन साहित्यसम्म पुग्नुपर्ने हुन्छ । प्राचीन उपन्यासको नालीबेली पत्ता लगाउन ल्याटिन साहित्यसम्म पुग्नु परेपनि अंग्रेजी साहित्यका अध्येता डोनाल्ड केनीको विचारअनुसार आधुनिक उपन्यासको सुरुवात जापानबाट भएको बुझिन्छ । आधुनिक उपन्यासको सुरुवात गर्ने उपन्यास कृति जापानी आख्यानकार मुरासाकी सिकिबुको **गेन्जीको कथा** हो । केही विद्वानहरूले यो भन्दा अघिकै उपन्यासलाई आधुनिक मानेतापनि पूर्ण आधुनिकता पाएको उपन्यास **गेन्जीको कथा** नै हो भन्ने मत टाटसु मोरिमोतोको रहेको छ । जापानबाट सुत्रपात

भएको आधुनिक उपन्यास बेलायतमा पुगी अंग्रेजी साहित्यको नयाँ विधाको रूपमा स्थापित हुन पुग्यो । यसपछि उपन्यास विधाले अठारौं शताब्दीमा आइपुग्दा यथार्थवादीलाई अङ्गीकार गऱ्यो र लोकप्रिय पनि बन्दै गयो ।

उपन्यास जीवनको आन्तरिक र बाह्य संरचनाको वास्तविक तर कलात्मक अभिव्यक्ति हो । उपन्यास जीवनको पूर्ण कदको तस्वीर हो अझ कलात्मक प्रस्तुतिमा आउने हुनाले जीवनभन्दा बढ्ता साझा जीवनको प्रतिच्छाँया हो । अरु कलाकृति जस्तै उपन्यास पनि रूप, आकृति र संरचना आदिको अपेक्षा राख्ने विधा हो (सुवेदी, २०६४:५) । यसर्थ हाल आएर उपन्यासले वर्तमान जीवनको व्यापक तथा साङ्गोपाङ्ग परिवेशलाई समेट्ने हुनाले र यसका आफ्नै विशेषता पनि हुने हुनाले आफ्नो क्षेत्र वा परिधि फराकिलो पार्दै लगेको छ । केवल एकछिनको रमाइलो अवस्थामा मात्र होइन, घटना र जीवनका सुक्ष्म तहहरूको संयोजनमा नै उपन्यासको सम्पूर्ण स्वरूप अडेको हुन्छ (बराल र एटम,२०६६:८) । उपन्यासमा सिङ्गो समाज अटाएको हुन्छ भने परिवेश पनि व्यापक हुन्छ । उपन्यासले विषयवस्तुहरू पनि समाजबाटै ग्रहण गरेको हुन्छ र त्यस विषयवस्तुलाई रमाइलो बनाई आफ्नो कलाकौशलले सिङ्गारेको हुन्छ । उपन्यासले समयको गतिसँगै सामाजिक भेदभाव, शोषण, दमन, अन्याय, अत्याचार, सामाजिक तथा राजनैतिक र सांस्कृतिक समस्याको यथार्थतालाई समेट्नुका साथै यथार्थवादी र आलोचनात्मक यथार्थवादी उपन्यासले विशेष स्थान लिए (आचार्य र बस्नेत, २०६३:६-७) । पात्रको जीवनशैली र उपन्यासको उद्देश्यमा विषमता हुने हुँदा जीवनको भोगाइ र मानव नियति लेखकले निर्धारण गरेको उद्देश्यभन्दा फरक हुनसक्छ । किनकी प्रत्येक उपन्यास एउटा यन्त्रमा निर्मित वस्तुजस्तो एकै ढाँचाको हुँदैन (सुवेदी, २०६४:१३) । उपन्यास कुनै निश्चित समय र स्थानको सीमामा हुन्छ भन्ने हुँदैन । यस सीमायुक्त स्वतन्त्रताले गर्दा नै उपन्यासमा सम्पूर्णता समेटिन्छ । समाजका यथार्थलाई कल्पनाको मिश्रण गराई कौशलताले सिँगार्ने सहजता हुन्छ । प्रत्येक समाजमा वा प्रत्येक देशमा आ-आफ्नै भाषा संस्कृति हुन्छ । नया-नयाँ संस्कृति तथा परिवेशसँगै नवीन प्रवृत्तिहरू देखापर्दछन् । यस आधारमा आख्यान-उपाख्यानको फरक-फरक परम्परा हुन्छ । यो उपन्यासको आफ्नै विशेषता हो । उपन्यास एउटै जीवनको सीमित आयतनमा मात्र समेटिने विधा होइन यो त कलाको व्यापक पक्षमा, सभ्यताको व्यापक परिधिमा, जीवनको व्यापक निरन्तरतामा व्यापक क्षितिज भएर फैलिन सक्छ (उही:१६) । यसरी उपन्यासमा जीवन प्रतिबिम्बित हुन्छ । जीवनमा घटेका वास्तविक घटनाहरूको प्रतिनिधित्व हुने भएकाले

पनि यो विश्व साहित्यमा लोकप्रिय बन्दै गएको हो । कुनै पनि साहित्यिक विधाले उपन्यासको तुलनामा जीवन र जगतलाई सहजरूपमा चिनाउन र समाजका आन्तरिक र बाह्य यथार्थलाई सम्पूर्णतामा प्रस्तुत गर्नु वर्तमान सन्दर्भमा असक्षम बनेका छन् (प्रधान, २०५२:३) । उपन्यासले आर्जन गरेको लोकप्रियता समाज र समाजमा घट्ने घटनाहरूको यथार्थ विवरणलाई जान्छ । समाजमा राम्रा-नराम्रा दुवै पक्षहरू हुन्छन् । यसरी मनन गर्दा उपन्यासको उद्गम स्थल मानव जीवन र यही मानव रहने सामाजिक धरातल तथा पात्रहरूको आन्तरिक तथा सत्यतथ्य चित्रणमा निहीत हुने देखिन्छ ।

## ३.२ उपन्यासको परिभाषा एवं स्वरूप

स्रष्टाले आफ्नो रचना जब प्रकाशन गर्न थाल्दछ तब यो रचनाले पाठकलाई पारेको प्रभावको आधारमा त्यसको व्याख्या, विश्लेषण, टिका-टिप्पणीको सुरुवात हुन पुग्छ । विभिन्न विद्वान तथा उपन्यासकारहरूले आफ्नो समय सम्ममा प्रकाशित भएका उपन्यासहरूको आधारमा उपन्यासलाई चिनाउने प्रयासहरू गरेको पाइन्छ । उपन्यासलाई चिनाउने क्रममा उपन्यासका विभिन्न भागहरूको आधारमा चिनाएको पाइन्छ । जस्तैः शैलीको आधारमा, भावका आधारमा, मूल्यको आधारमा अथवा लेख्य कलाको आधारमा विभिन्न विचार भएका ठाउँमा एउटै परिभाषाले उपन्यासलाई चिनाउन गाह्रो छ । त्यसमा पनि विश्व साहित्यमा नै एउटा नवीन तथा जागरुक विधाका रूपमा विकसित उपन्यासलाई एउटा निश्चित परिधि भित्र समेट्ने प्रयास विवादपूर्ण बन्न जान्छ । समयसँगै हुँदै गएको अन्तरले वा युगीन परिवर्तन र मूल्य मान्यताले हिजोका साहित्यिक विधामा पनि परिवर्तन ल्याउँदै गइरहेको छ । यसर्थ हिजोका परिभाषाहरू आज आएर मेल नखाने वा अपूर्ण हुने स्थितिमा छन् । हिजोका उपन्यासको परिभाषाले आजका उपन्यासलाई बाँध्न सक्दैन । त्यस्तै आजका उपन्यासले भोलिका उपन्यासलाई पनि निश्चितता प्रदान गर्न सक्दैन । यसर्थ उपन्यासको दीर्घकालीन र सर्वसम्मत परिभाषा ठम्याउन गाह्रो पर्ने देखिन्छ । तर पनि विगत र वर्तमानका उपन्यासहरूका आधारमा उपन्यासको मोटामोटी स्वरूप पहिल्याउन विद्वानहरू दत्ताचित्तका साथ लागिपरेका छन् । यस्ता विद्वानहरूले दिएका केही परिभाषाहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

क) "उपन्यास साहित्यको अठारौं शताब्दी पछिको गद्यात्मक आख्यानलाई बुझाउने अभिधात्मक शब्द हो । यसमा मानव जीवनको व्यापक पक्ष समेटिएको हुन्छ ।

उदाहरणका लागि रविनसन क्रुसो, टामजोन्सजस्ता वृहत उपन्यास र चार्ल्स डिकेन्स बाल्जाक, जोला र दस्तोभस्कीजस्ता स्रष्टाका आख्यान रचना सफल उपन्यासहरू हुन् ।"

-विश्व युनिभर्सिटी इन्साइक्लोपेडिया

ख) "विशेष देशकाल र चारित्रिक समूह समावेश भएको क्रमवद्ध घटनाहरूको माध्यमद्वारा अभिव्यक्ति हुने आवश्यक लम्बाइ भएको तथा बनाइएको त्यस्तो साहित्यिक वर्णनात्मक गद्यविधालाई उपन्यास भनिन्छ, जसमा मान्छेका अनुभवहरूलाई केही जटिलताका साथ कल्पनाको सहयोगले प्रस्तुत गरिन्छ ।"

-The New Encyclopedia Britanica, Vol 18.

ग) "उपन्यास त्यो हो, जसमा काल्पनिक तथा धेरै लामो कथ्य धेरै पात्रहरू र तिनका जीवनका विविध पक्षको चित्रण हुन्छ ।"

- हिन्दी शब्दकोष

घ) "उपन्यासको रुचि र अस्तित्त्व जहाँ पनि नारी र पुरुषका जीवनका साथै मानवीय कार्य र भावनाको भव्य चित्रण गर्नामा रहेको छ ।"

- डब्लु एच हड्सन

ङ) "उपन्यास चरित्र एवं घटनाहरूको माध्यमले समाजको बाह्य र आन्तरिक रूप तथा अवस्थालाई चित्रित गर्ने सुनियोजित कथानक र निश्चित आयाम भएको गद्यमय आख्यान हो ।'

-उपाध्याय, २०५९:१३२

च) "सबैभन्दा मूक्त र विराट, लोकप्रिय, कुनै नियम वा बन्धनमा नबाधिएको, महाकाव्यको रूपान्तरण प्रक्रियाबाट विकसित विधा नै उपन्यास हो ।"

(शर्मा, २०५५:४५१)

छ) "उपन्यासले कल्पनाका आधारमा एउटा संसार खडा गरिदिन्छ । कहिलेकाहीं त उपन्यासमा यति सबल भ्रम प्राप्त हुन्छ -हामी त्यस भित्रै हराएर सन्तोष प्राप्त गर्न पुग्दछौं ।"

-डा. गोपाल राय

ज) "बहुविधि संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा श्रृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिको समय र स्थानभित्र विस्तारित भएको कलासौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ ।"

-श्रेष्ठ र शर्मा, २०६१:९४

झ) "उपन्यास जीवन र जगतप्रति नै एक विहङ्गम दृष्टि हो, जसलाई बुझ्ने, केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यथार्थिक हुन्छ । यथातथ्य उद्घाटन मात्र नभएको यो एक सम्पूर्ण मनुष्य-जीवित मनुष्यको संसार हो ।"

-प्रधान, २०५२:४

ञ) "पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएका आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ । मानवजीवनसँग सम्बद्ध भएर आउने पक्षलाई जतिसम्म समेट्न सकिन्छ, त्यतिसम्मको अनुवीक्षण गराउने रचनालाई उपन्यास भनिन्छ ।"

-सुवेदी, २०६४:१०

उपन्यास सम्बन्धी माथि लेखिएका परिभाषाहरू कुनैपनि मिल्दा छैनन् । प्रत्येक विद्वानले आफूलाई लागे अनुसार र बुझेअनुसारको परिभाषा दिएका छन् । यसर्थ यी नै परिभाषाहरू आधुनिक उपन्यासका सन्दर्भमा पर्याप्त हुन्छन् भन्ने छैन । उपन्यासले समयसँगै आफूलाई परिष्कृत र परिमार्जित गर्दै लैजान सफल भएकोले कुनै समयमा कुनै एक विद्वानले गरेको परिभाषाले उपन्यासलाई नसमेट्न सक्छ । यसर्थ माथिका परिभाषाहरू अध्ययन गरेपश्चात निष्कर्षतः उपन्यासलाई यसरी परिभाषित गर्न सकिन्छ:

"मानव समाजसँग सम्बन्धित वास्तविक घटनालाई कलात्मकतामा ढाली उपयुक्त पात्र, परिवेश, आयाम, शैली समेटिएको आख्यानयुक्त गद्य रचना नै उपन्यास हो, यसले मानवजीवनको सम्पूर्णतालाई समेट्न सक्नुपर्छ ।"

उपन्यास पाश्चात्य साहित्यको उपज हो । पाश्चात्य साहित्यदेखि नेपाली साहित्यसम्म आइपुग्दा यसले आफूलाई आफ्नो स्थानमा सुरक्षित राख्न सफल भएको छ । पाश्चात्यदेखि नेपाली साहित्यसम्मको दौरानमा विभिन्न विद्वानहरूले उपन्यासलाई विभिन्न किसिमले चिनाएको पाइन्छ । समाजका यथार्थ घटनाहरूलाई कल्पनाले सजाउँदै काल्पनिक पात्रहरूका माध्यमले समयको विकास क्रमसँगै उपन्यासले आफूलाई नयाँ-नयाँ कुरामा समावेश गराउँदै लगेको छ । जस्तोसुकै प्रविधि र प्रक्रियाको अनुसरण गरेपनि जीवनलाई

बुझेर निष्कर्ष दिने प्रयास गरिने उपन्यासको मौलिक धर्म हो (सुवेदी, २०६४:१४) । मानव जीवनको अन्तरकुन्तर केलाउँदै कुनासम्म पुगी अध्ययन गरिने भएकाले उपन्यास वर्तमान मानव जीवनको एउटा महत्त्वपूर्ण पक्ष बनेको छ । मानिसले गरेका सामाजिक सङ्घर्षको प्रतिफल नै उपन्यासभित्र गुञ्जिएको हुन्छ । यसैले मान्छेले अनायासै समीकरण गरेका जीवनकणहरू अनियमित रहँदारहँदै पनि ठोस र नियमबद्ध झैं बन्न पुग्दछन् र यिनै परिणतिको स्वभाविक प्रस्तुति हो -उपन्यास (उही:१६) । मानव समुदायले भोगेको वा अनुभव गरेका कुराहरूलाई आख्यानवद्ध बनाई कलाकौशल थपेर उपन्यासको निर्माण गरिएको हुन्छ । समाजका नगन्य झिना-मसिना घटनाहरूलाई पनि सुक्ष्म निरीक्षण र विश्लेषण गरी  उपन्यासमा राखिएको हुन्छ । यस विधालाई सत्यतथ्य घटना ओकल्ने विधाका रूपमा चिनिन्छ । सर्वसाधारण वर्गको लोकप्रिय विधा उपन्यास नयाँ-नयाँ साहित्यिक धारा आँगाल्दै समय र परिस्थिति अनुसार परिवर्तन हुँदै छोटो समयमा नै हरेक धारा र उपधारामा उपन्यास लेखिनुले यसको उज्ज्वल भविष्यलाई प्रकाश पारेको छ । यो समयको गतिसँगै नयाँ-नयाँ प्रयोगका साथ अगाडि बढेको यथार्थ तथा गद्य भाषा भएको विधा हो । साहित्यिक मूल्यलाई अनुसरण गर्दै समग्र मानव जीवन जगतलाई गद्यात्मक भाषामा कलाकौशलको पगरिले सिँगारी प्रस्तुत गर्नु उपन्यासको आफ्नै विशेषता एवं स्वरूप हो ।

### ३.३ उपन्यासका तत्त्वहरू

उपन्यासले आफूलाई स्पष्ट रूपमा चिनाउनका लागि वा स्वरूप खडा गराउनका लागि निश्चित आफ्नो अवयवहरू आफूभित्र समाहित गरेको छ । विभिन्न उपकरणहरूको मेलबाट मात्रै कुनै पनि वस्तुको स्वरूप निर्माण गरिन्छ । त्यसैगरि उपन्यासको स्वरूपनिर्माणका लागि पनि निश्चित तत्त्वहरूको संयोजन हुनु आवश्यक हुन्छ । विभिन्न आवश्यक तत्त्वहरूको संयोजनबाट मात्र उपन्यासले आफ्नो स्वरूप स्पष्ट गरी अस्तित्त्वलाई दीर्घकालीन तुल्याउँदछ ।

उपन्यासको व्यापकता, स्वरूप र विषयगत भिन्नताले यसका तत्त्वहरूमा पनि एकरूपता नआइ विभिन्न विद्वानहरूबिच मतभिन्नता पाइन्छ ।  विद्वानहरूले आफूले आवश्यक ठानेका तत्त्वहरूलाई महत्त्व दिई उपन्यासको स्वरूप चिनाउँदै आएका छन् । अधिकांश उपकरणका बारेमा सहमती हुन सकिन्छ । किनभने उपन्यासमा जीवन, परिवेश र सिङ्गो दैनन्दिनी र त्यस जीवनको अन्तर्पक्षहरू समेत अवभासित भएका हुन्छन् (सुवेदी,

२०६४:१७) । यसर्थ उपन्यासमा आवश्यक मूलभूत तत्त्व के हुन् भनी निरूपण गर्न सकिन्छ । उपन्यासका तत्त्वका रूपमा पहिलेदेखि कथानक, चरित्र संवाद, देशकाल र वातावरण, भाषाशैली र उद्देश्यलाई लिइने गरेकोमा हिजोआज नवीन पद्धतिको पनि प्रयोग गरेको पाइन्छ (बराल र एटम, २०६६:२०) । पूर्वीय र पाश्चात्य दुवैतर्फ तत्त्व नामाकरण गरिएका शब्द फरक परेपनि अर्थ प्रायः एकै किसिमको भएको देखिन्छ ।

उपन्यासको तत्त्वहरूको चर्चा गर्ने क्रममा कृष्णचन्द्र सिंह प्रधानले आधारभूत तत्त्वका रूपमा कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्यलाई मानेका छन् भने ऋणिराज बरालले उपन्यास संरचनाका तत्त्वका रूपमा कथानक, चरित्र, विचार, दृष्टिविन्दु, भाषाशैली र परिवेशको उल्लेख गरेका छन् । यसरी नै केशवप्रसाद उपाध्यायले कथावस्तु, चरित्र, संवाद, जीवनदर्शन, देशकाल, वातावरण र भाषाशैली गरी ६ वटा तत्त्व मानेका छन् । त्यस्तै कृष्णप्रसाद आचार्य र कृष्णबहादुर बस्नेतले कथावस्तु, चरित्रचित्रण, परिवेश, भाषाशैली र उद्देश्य वा जीवनदर्शन गरी ५ मूल तत्त्व र कौतुहल, द्वन्द्व, कथोपकथन र दृष्टिविन्दुलाई सहायक तत्त्व मानेका छन् । अर्का चिन्तक राजेन्द्र सुवेदीले वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश र उद्देश्य गरी ६ वटा उपकरण मानेका छन् भने कृष्णहरी बराल र नेत्र एटमले कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, दृष्टिविन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लय गरी ८ तत्त्व मानेका छन् (उहीः) ।

समग्रमा हेर्दा कथानक, चरित्र, उद्देश्य, विचार तत्त्व, परिवेश, दृष्टिविन्दु र भाषाशैलीलाई सबैले समेट्न पुगेका छन् । केशवप्रसाद उपाध्यायले संवादलाई महत्त्व दिएका छन् भने दृष्टिविन्दुको कुरा गरेका छैनन् । यसैगरि राजेन्द्र सुवेदीले द्वन्द्वलाई राख्नुपर्ने देखाएका छन् भने भाषाशैलीलाई राखेका छैनन् । त्यस्तै बराल र एटमले बिम्ब र प्रतीक तथा गति र लयलाई थपेका छन् । विभिन्न विद्वानहरूले आ-आफ्नो विचारअनुसार विभिन्न तत्त्वहरूको समायोजन गर्नुपर्ने धारणा राखे पनि किटानी गर्न गाह्रो हुने हुनाले र सबैलाई उपन्यासका तत्त्व पनि मान्न सकिने हुनाले हामी यहाँ सर्वसम्मत स्वीकृत आधारभूत तत्त्वहरूलाई लिन्छौं ।

१) कथानक/कथावस्तु

२) चरित्र

३) उद्देश्य

४)	विचार तत्त्व

५)	दृष्टिविन्दु

६)	परिवेश र

७)	भाषाशैली

### ३.३.१ कथानक/कथावस्तु

उपन्यासको सबैभन्दा महत्त्वपूर्ण र आधारभूत तत्त्वका रूपमा कथानकलाई लिइन्छ । कथानक सिधै मानव समाजसँग सम्बन्धित हुन्छ । समाजमा मानिसहरूले भोगेका यथार्थ घटनाहरूको उपन्यासमा राखिएको व्यवस्थित रूपनै कथानक हो । कथानकलाई कथावस्तु पनि भन्ने गरिन्छ । कथानकको स्पष्ट रूपमा समाजमा भइरहेका घटनाहरूलाई शब्दजालमा कलाले सिँगारीसकेपछि उजागर हुन्छ । यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् (बराल र एटम, २०६६:२०) । कथानकमा उपन्यासकारले आफ्नो विचार तथा अनुभूतिलाई पात्रको माध्यमबाट मूर्तरूप दिएको हुन्छ । समाजमा घटेका घटनाहरूमाथि उपन्यासकारको विचार र कलाकारिताको शैली मिश्रण भएपछि कथानक बन्दछ । समाजमा घटेका घटनाहरू कच्चा सामग्री हुन् । यी सामग्रीलाई सँगठित र व्यवस्थित गरेपछि कथानक बन्दछ । उपन्यास क्षीण भए पनि वस्तुका अभावमा अड्ने स्थिति नै रहँदैन यसर्थ क्षीण हुनसक्छ तर वस्तुहीन हुन सक्दैन (सुवेदी, २०६४:१७) । कथानकको लागि सानै भए पनि कथाको आवश्यकता पर्दछ । यथार्थतः कथानक समाजमा घट्ने आकस्मिक घटनाहरूको सिलसिलेवार रखाइ हो ।

कथा र कथानकमा प्रशस्त भिन्नता पाइन्छ । कथा भनेको समयचक्रमा घटेको एउटा घटना हो भने कथानक भनेको त्यो घटनाको सिलसिलेवार कारण सहितको वर्णन हो । कथा एउटा खाका हो वा रेखाचित्र हो र कथानक रंगले यथास्थान भरिएको पूर्ण र सर्वाङ्गिण चित्र हो (उपाध्याय, २०५९:१३८) । कथानकलाई अगाडि बढाउने तत्त्व कथा श्रृङ्खलाहरू हुन् । उपन्यास निर्माण गर्ने आधार कथा हो र कथा भन्नासाथ समयको श्रृङ्खलामा व्यवस्थित गरिएका घटनाहरूको कथन भन्ने बुझिन्छ भने अर्कातिर कथानक चाहिं कारणसमेत भएको घटनाक्रमको वर्णन हो (बराल र एटम, २०६६:२१) । उपन्यास आख्यानात्मक विधा भएकोले विषयवस्तुले कथावस्तुको रूपमा कथानक बनेर मूर्तता प्रदान गर्दछ र यो प्रदान गराउने अभिभारा उपन्यासकारको हुन जान्छ । यसरी कथा र कथानकको

आशय एउटै आए पनि प्रस्तुतिमा फरक हुन्छ । उपन्यासमा वेद, पुराण, इतिहास, लोकपरम्परा, यथार्थसमाज, स्वैरकल्पना आदि स्रोतबाट विषयवस्तु लिइन्छ । कथावस्तुलाई पात्रपात्राद्वारा अगाडि बढाइन्छ । उपन्यासको कथानकमा मौलिकताको साथै कार्यकारण श्रृङ्खला पनि मिलेको हुनुपर्छ ।

उपन्यासमा कथानकको विकासमा तीन भाग हुन्छन्, आदि भाग, मध्य भाग र अन्त्य भाग । कथानकको विकासका पाँच अवस्था हुन्छन् । आदि भागमा आरम्भ र संघर्ष विकास, मध्य भागमा संकटावस्थाको श्रृङ्खला र चरम तथा अन्त्य भागमा संघर्षह्रास र उपसंहार रहेको हुन्छ (बराल र एटम, २०६६:२४) । आरम्भमा पात्र परिचय तथा मूल समस्याको बारेमा जानकारी दिइन्छ । कौतुहलता वा समस्या र परिस्थितिका कारण द्वन्द्व तथा संकटावस्था सृजना हुँदै कथानक अघि बढ्ने स्थिति संघर्ष विकास हो । चरममा आएपछि कथानकले एउटा यस्तो मोड लिन्छ जसले पात्रहरूलाई गम्भिर तथा निर्णायक अवस्थामा पुऱ्याउँदछ । संघर्षह्रासमा आए पछि अनेकौं घटना तथा उपकथालाई समेटिन्छ र द्वन्द्व तथा क्रियाको श्रृङ्खला कमजोर हुँदै जान्छ । उपसंहारमा आएपछि कथानकको समाप्ति र फलप्राप्ति हुन्छ । यसरी एउटा मूल कथावस्तुलाई अगाडी बढाउँदै जाँदा उपन्यासमा विभिन्न मोडहरू आउँदछन् । वर्तमान परिप्रेक्ष्यमा आउँदा कथानकको विकासलाई रैखिक र वृत्तकारीय ढाँचामा राखेर हेर्ने गरिन्छ । रैखिक ढाँचाको उपन्यासमा आदि, मध्य र अन्त्यको श्रृङ्खला क्रमिक रूपमा आउँछन् भने वृत्तकारीय ढाँचामा कथानक सरलरूपमा अगाडि नबढी पूर्वदिप्ती शैलीमा अगाडि बढ्दछ । यसमा कथानक अन्त्यबाट सुरु भएको वा खजमजिएको हुन्छ ।

उपन्यासमा प्रस्तुत भएको कथानक पनि विभिन्न प्रकारका हुन्छन् । यसभित्र मुख्य र सहायक कथानक, सुँगठित र अव्यवस्थित कथानक सरल र संयुक्त तथा दुःखान्तक, व्यङ्ग्यात्मक, रागात्मक आदि प्रकारमा वाँडिएको पाइन्छ (उही:२६) । कथानकलाई प्रस्तुत गर्ने तरिकाको आधारमा पनि उपन्यासलाई साहसिक उपन्यास, नाटकीय उपन्यास, घटनाप्रधान उपन्यास तथा चरित्रप्रधान उपन्यास गरी ४ भागमा विभाजन गर्न सकिन्छ ( सुवेदी, २०६४:१९, २०) । सुरुका उपन्यासहरूमा कथानकलाई बढी जोड दिइन्थ्यो र उपन्यासको विकाससँगै कथावस्तुको महत्त्व घट्दै गएको र घटनाप्रधान तथा चरित्रप्रधान उपन्यासलाई विशेष जोड दिन थालिएको पाइन्छ । यसरी उपन्यासको विकाससँगै

कथानकको महत्त्व घट्दै गएको पाइएता पनि कथानक विना उपन्यास नहुने यथार्थता पनि प्रष्टै छ । यसर्थ कथानकको महत्त्व र आवश्यकता अक्षुण्ण नै रहेको छ ।

### ३.३.२ चरित्र

उपन्यासमा नभई नहुने अर्को महत्त्वपूर्ण तत्त्व चरित्र हो । उपन्यासमा प्रयोग भएका मानवीय तथा मानवेतर पात्रहरू नै उपन्यासका चरित्र हुन् । पात्रविना उपन्यासमा कथानक नै अगाडि बढ्दैन । यसर्थ कथानकलाई साकार तुल्याउने माध्यम वा सम्पूर्ण उपन्यास बोल्ने माध्यम नै चरित्र हो । चरित्रले नै कथानकलाई गति दिने भएकाले उपन्यासकारले दिने जीवनदर्शनको संवाहक पनि पात्र वा चरित्र नै हो । आधुनिक उपन्यासमा कथानकभन्दा महत्त्वपूर्ण तत्त्वको रूपमा चरित्रलाई लिइने गरिन्छ । विगतलाई र अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्त्व चरित्र हो, त्यसरी तानेर ल्याएको वस्तु पाठकसम्म सम्प्रेषण गर्न जाँगर देखाउने वस्तुपनि चरित्र हो र उपन्यासमा प्रयुक्त पात्रको चरित्र पूरै युग र परिवेशको संवाहक भएर उपस्थित भएको हुन्छ (सुवेदी, २०६४:२३) । यसर्थ उपन्यासलाई सार्थक पार्ने तत्त्व नै चरित्र हो । प्रारम्भिककालीन उपन्यासमा मानवीय भन्दा मानवेतर पात्रको बढी प्रयोग गरीन्थ्यो भने वर्तमानमा आइपुग्दा मानवीय चरित्रको प्रयोग बढी हुनथाल्यो । काल्पनिक पात्रको प्रयोगले जीवनजगतको चित्रण गर्नुको साथै कथानकलाई आवश्यक गति र उपर्युक्त मार्गनिर्देशन समेत गर्दछ । उपन्यासमा देखिने चरित्र भौगोलिक तथा सामाजिक प्रभावका आधारमा भिन्नाभिन्नै विशेषता बोकेका हुन्छन् ।

उपन्यासमा उपन्यासकारले विभिन्न किसिमका पात्रहरूको प्रयोग गरेका हुन्छन् । उपन्यासमा प्रयोग गरेका पात्र हेर्दा सामान्यतया कार्यको आधारमा प्रमुख, सहायक र गौण गरी ३ किसिमका हुन्छन् । लिङ्गका आधारमा पात्रलाई उसको जन्मजात गुण हेरी पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई प्रकारमा विभाजन गरिएको छ । त्यस्तै प्रवृत्तिका आधारमा भूमिका हेरी सकारात्मक भूमिका निर्वाह गर्दा अनुकूल र नकारात्मक भूमिका निर्वाह गर्दा प्रतिकूल गरी २ प्रकारका हुन्छन् । स्वभावका आधारमा गतिशील र गतिहीन गरी दुई प्रकारका हुन्छन् । जीवनचेतनाका आधारमा पात्रले कुनै वर्गको प्रतिनिधित्व गरे वर्गीय र व्यक्तिगत प्रतिनिधित्व गरे वैयक्तिक गरी दुई प्रकारका छन् । आसन्नताका आधारमा उपन्यासमा स्वयम् प्रस्तुत भई कार्य गर्ने मञ्चीय र उपन्यासमा प्रस्तुत नभएको वक्ताद्वारा नाम मात्र उच्चारण गरिएको नेपथ्य पात्र गरी दुई प्रकारका हुन्छन् । त्यस्तै आवद्धताको आधारमा बद्ध र मुक्त

गरी  दुई भागमा नै बाँडिएको छ । उपन्यासमा प्रयोग हुने चरित्रका प्रकारहरू यसप्रकार छन् :

- गतिशील र गतिहीन
- यथार्थ र आदर्श
- अर्न्तमुखी र बहिर्मुखी
- गोला र च्याप्टा
- सार्वभौम र आञ्चलीक
- पारम्परिक र मौलिक आदि (बराल र एटम, २०६६:२७-२८)

उपन्यासमा एकभन्दा बढी पात्र हुने भएकाले यसमा विभिन्न खाले चरित्रहरू आउन सक्छन् । उपन्यासमा परम्परागत नायकजस्तो पात्र शुरवीर, बहादुर, बलवान, सम्पन्न चरित्रवान जस्ता गुणले युक्त नभई कतिपय उपन्यासमा अनायकको प्रयोग भएको पाइन्छ । पात्रहरू जे जस्ता गुणका वा जस्तासुकै प्रकारका भए पनि उपन्यासलाई जीवन्तता दिन पात्रको आवश्यक हुन्छ ।

### ३.३.३ उद्देश्य

कुनै पनि साहित्य रचना गर्नुको पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । उपन्यासकारले आफ्नो उपन्यासमा व्यक्त गर्न खोजेको मूल विचार नै उद्देश्य हो । पाठकलाई आनन्द दिनुको साथै समाजको चित्रण गरी  त्यसबाट निश्चित निष्कर्ष निकाल्दै पाठकलाई शिक्षा वा सन्देश दिनु नै उपन्यास लेखनको उद्देश्य हो । जीवनको अध्ययन गरी आफूले अनुभव गरेको त्यसै धारणा वा मान्यतालाई कलात्मकरूपमा आभिव्यक्त गर्नु उसका कृतिको उद्देश्य हुन्छ (उपाध्याय, २०५९:१४६) । प्रत्यक्ष वा अप्रत्यक्ष जुनरूपमा भए पनि उपन्यासले कुनै न कुनै उद्देश्य बोकेकै हुन्छ । उद्देश्यलाई जीवनदर्शन वा सारवस्तु पनि भन्ने गरिन्छ । सारवस्तुलाई स्थानीय र विश्वजनीन गरी  दुई प्रकारमा बाँडिन्छ र सारवस्तुकै माध्यमबाट उपन्यासमा उद्देश्य वा सन्देशको अनावरण हुन्छ किनभने सारवस्तुको कलात्मक प्रस्तुति नै उपन्यासको उद्देश्य हो (बराल र एटम, २०६६:३९) । उपन्यासले मानव जीवनको समग्र पक्षको चित्रण गर्ने हुँदा जीवनजगतप्रतिको समस्या तथा दृष्टिकोण प्रकट हुन्छ । यसर्थ उपन्यासमा चित्रित जीवनजगत सम्बन्धी दर्शन नै उद्देश्य

हो । लेखक समाजको कुन पक्षसँग सम्बन्धित छ र संवेदनशील छ, त्यो पक्ष नै स्रष्टाको वैचारिक सम्पत्ति हुनजान्छ किनकी विचार सम्प्रेषण गर्ने नाममा उपन्यास नै औपदेशिक आचारशास्त्र भएर आयो भने कला नभएर सिद्धान्त बन्दछ : साहित्य नभएर विचारको दस्तावेज बन्दछ (सुवेदी, २०६४:२६) । यसर्थ उपन्यासले पाठकलाई आनन्द दिन सक्नुपर्छ । साथै सामाजिक वा वैयक्तिक जीवनको चित्रण गरी शिक्षा वा सन्देश दिन सक्नुपर्छ, यो नै उपन्यास लेखनको मूल उद्देश्य हो । उपदेशका कुराहरूलाई सम्प्रेषण गर्न कलाले सिँगार्नुपर्छ किनकि उपन्यासकारले औपन्यासिक मूल्यलाई सदा ध्यानमा राख्नुपर्छ ।

विषयानुसार पाठकलाई आनन्द तथा मनोरञ्जन दिनु, धार्मिक सन्देश दिनु, पुण्य कमाउनु उपन्यास लेखनका प्रारम्भिक उद्देश्य थिए भने समाजलाई चेतनशील बनाएर परिवर्तनको पक्षमा हिँडाउनु उपन्यास लेखनको समसामयिक उद्देश्य हो । समाजमा भएका विकृति, विसङ्गतिको चिरफार गर्नु, राजनैतिक, सांस्कृतिक, आर्थिक चेतनाका लागि प्रचारप्रसार गर्नु तथा समसामयिक खराबीहरू पाठकलाई पस्किएर खास ज्ञान दिनु उपन्यास लेखनको उद्देश्य हो । जीवनका घटनाक्रमलाई लिएर उपन्यासकारले उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म नै आफ्नो विचारलाई मूल रूपमा प्रस्फूटन गरेको हुन्छ । आफ्नो विचारलाई पाठकसामू पुऱ्याएर निश्चित दिशा प्रदान गर्ने आशा राखेको हुन्छ । जीवनको बाह्य वर्णनमात्र भएको रचना उत्तम कलाकृति मानिदैन । प्रारम्भिक वा समकालिक जस्तो उपन्यास भए पनि त्यसमा उपन्यासकारले निश्चित उद्देश्य वा विचार सम्प्रेषण गरेको हुन्छ । कुनैपनि घटनामा आवद्ध उपन्यासकारको विचारको प्रस्फूटन नै उपन्यासमा नीहित हुन्छ । उद्देश्य विना कुनैपनि कृतिको परिकल्पना हुँदैन । यसर्थ उद्देश्य उपन्यासको मूलभूत वा केन्द्रीय पक्ष हुनजान्छ ।

### ३.३.४ विचार तत्त्व

जुनसुकै रचनाको सिर्जना गर्दा रचनाकारले कुनै न कुनै विचार लिएकै हुन्छ । उपन्यासमा समाविष्ट सारतत्त्व नै विचार हो । कुनै पनि उपन्यासकारले विचारलाई उद्देश्य मार्फत पाठकसम्म पुऱ्याउने कार्य गरेको हुन्छ । विचार तत्त्वबाट लेखकको जीवनदर्शन वहन हुन्छ । सम्पूर्ण उपन्यासमा व्यञ्जित भाव वा उपन्यासको समग्र लक्ष्य विचार तत्त्वमा आधारित हुन्छ । । प्रत्येक उपन्यास चाहे त्यो यथार्थवादी होस् या उत्तर आधुनिकतावादी, कुनै न कुनै वैचारिक भित्तिमा अडेसिएको हुन्छ, सारतत्त्व तथा उद्देश्य त्यही विचार

संवाहनको क्रिया हो (बराल, २०६३:३७) । उपन्यासकारले जहिले पनि आफ्नो एउटा केन्द्रीय विचारमा अडिग भएर नै उपन्यासको सिर्जना गर्दछ । विचार तत्त्व कुनै उपन्यासको एक भागमा वा कुनै पात्रको भनाइमा देखा पर्दैन । यसको लागि कथावस्तुको समग्रताको आवश्यकता पर्दछ । तसर्थ उपन्यासको विचार तत्त्व पत्ता लगाउन सम्पूर्ण उपन्यास अध्ययन गरी सक्नु पर्दछ । किनकि समग्र उपन्यासले के भन्छ भनी पत्ता लगाउनु नै विचार तत्त्व हो।

उपन्यासकारले आफ्ना उपन्यासमार्फत विचारलाई पाठकजगतमा प्रक्षेपण गर्दछ । आफ्ना जीवनका अनुभूतिहरूलाई उपन्यासमा विचार बनाउँदछ । आफ्नो समाजप्रतिको दृष्टिकोणलाई कलाकौशलले रङ्ग्याई औपन्यासिकीकरण गर्दछ । युगीन र विश्वपरिवेशका व्यापक मूल्यहरू, पारदर्शी र जीवनमूखी दृष्टिकोणहरू उपन्यास सिर्जनाको क्षणमा स्रष्टाको विचार बनेर पात्रका आचरणमा प्रक्षेपित भएका हुन्छन् (सुवेदी, २०६४ : २६) । विचारले उपन्यासको समाजसँग सम्बन्ध स्थापित गराउँदछ । उपन्यासमा वैचारिक पक्षले कुनै न कुनै सन्देश प्रवाह गर्ने अपेक्षा लिएको हुन्छ । यसर्थ उपन्यासमा व्यक्त विचार तत्व समाज+लेखक+कृति+पाठक बिचको सम्बन्धको चिनारी हो (बराल, २०६३ : ४०) । उपन्यासमा प्रयुक्त विचारबाट लेखकको समाज प्रतिको धारणा थाहा हुन्छ । विचारलाई उपन्यासको महत्त्वपूर्ण केन्द्रीय पक्ष मानिन्छ किनकी विचार बिनाको लेखक र विचार विनाको उपन्यास सिर्जना सम्भव हुँदैन । उपन्यासकारले उपन्यासमा विचारको प्रस्फूटन गर्नुका साथै कुनै विचार प्रतिको आफ्नो मत उद्घाटन गरेको हुन्छ । उपन्यासकारले आफ्नो विचारलाई कति प्रभावकारी रूपमा प्रक्षेपण गऱ्यो भन्ने कुरा उपन्यासकार स्वयंको कलाकौशल र संरचनागत वैशिष्ठ्यमा भर पर्दछ । उपन्यास जीवनको साङ्गोपाङ्ग चित्रण भएकाले कुनै न कुनै जीवनसम्बन्धी वैचारिकताको उद्घाटन गरिएको हुनुपर्दछ । विचार तत्त्व विना उपन्यास संरचनाको कुनै अर्थ छैन । तसर्थ विचार तत्त्व उपन्यास संरचनाको एक महत्त्वपूर्ण तत्त्व हो ।

### ३.३.५ दृष्टिविन्दु

दृष्टिविन्दुलाई उपन्यासमा आधारभूत तत्त्वका रूपमा स्वीकारिएको पाइन्छ । उपन्यासकारले कथा भनाउने व्यक्ति र कसरी कथा भनाइएको छ, भन्ने कुरा नै दृष्टिविन्दु हो । यसबाट कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण हुन्छ साथै यसले कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने

कुरालाई बुझाउँछ (बराल र एटम, २०६६:३५) । दृष्टिविन्दुबाट उपन्यासकारको स्थान कहाँ हो र कस्तो भावको प्रकटीकरण गरी रहेको छ भन्ने थाहा हुन्छ । यसमा कतै उपन्यासकार आफैं औपन्यासिकतामा छिरी बोल्ने गर्दछ भने कतै घटनास्थलभन्दा बाहिर रहेर अरुका बारेमा टिप्पणी गर्दछ । यस आधारमा दृष्टिविन्दुको प्रकारलाई पनि आन्तरिक र बाह्य गरी दुई प्रकारले हेर्ने गरिन्छ । आन्तरिक दृष्टिविन्दुलाई प्रथम पुरुष र बाह्य दृष्टिविन्दुलाई तृतीय पुरुष दृष्टिविन्दु भन्ने गरिन्छ ।

आन्तरिक दृष्टिविन्दुमा उपन्यासकारले घटना र पात्रको वर्णन गर्दा आफूलाई पनि उपन्यासभित्रै समावेश गरी आफ्नो विचार प्रकट गर्दछन् । आन्तरिक दृष्टिविन्दुमा कथयिताले सबै कुरा 'म' का रूपमा व्यक्त गर्दछन् । आन्तरिक दृष्टिविन्दुमा व्यक्त गरेका कुराहरू आत्मकथामा जस्तै गरी आएका छन् । पात्रको कार्यका आधारमा यसलाई केन्द्रीय र परिधीय भनी छुट्याउन सकिन्छ (उही:३७) । 'म' लेखक स्वयंको उपस्थितिमा देखिने भोक्ता प्रथम पुरुष हो (सुवेदी, २०६४:२७) । केन्द्रीय दृष्टिविन्दुमा नै लेखक आफै भोक्ताको रूपमा रहने हो । यसै गरी उपन्यासकार सम्पूर्ण कुराको ज्ञाता भई घटनास्थलभन्दा बाहिर रही अरुको माध्यमबाट कुनै पनि विचारको टिकाटिप्पणी गर्दछ भने त्यो बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु हो । यस दृष्टिविन्दुमा अन्य पात्रहरूको योजना गरिएको हुन्छ । उपन्यासमा कथयिताको अधिकारका आधारमा यसलाई सर्वज्ञ र सीमित गरी दुई वर्गमा बाँड्न सकिन्छ (बराल र एटम, २०६६:३६) । उपन्यासमा प्रयोग भएका पात्र र घटनाका कुरालाई कथयिता आफै सर्वज्ञझैं बनेर वर्णन गर्ने तथा सबैकुरा आफ्नै नियन्त्रणमा लिएमा सर्वज्ञ बाह्य दृष्टिविन्दु र कथयिताले पात्र र घटनाका कुरालाई आफ्नै अनुभवमा लिप्त गराउँदछ र सीमित पक्षबाट मात्र कुनै कुराको व्याख्या गर्दछ भने सीमित बाह्य दृष्टिविन्दु हुन्छ । यसरी लेखक स्वयं उपस्थित हुने वा पात्रद्वारा विचार सम्प्रेषण गर्ने आदिको आधारमा दृष्टिविन्दुको पहिचान गरिन्छ ।

### ३.३.६ परिवेश

उपन्यासमा पात्रले कार्यव्यापार गर्ने स्थान, समय र वातावरणलाई परिवेश भनिन्छ । पात्रको कार्यव्यापारको निर्माणमा परिवेशले गहन जिम्मेवारी निर्वाह गर्दछ (सुवेदी, २०६४:२५) । पात्र र कथानकको आधारभूमि परिवेश भएकाले सुरुदेखि अन्त्यसम्म नै यसको कथानकसँग सम्बन्ध जोडिएको हुन्छ । उपन्यासकार जुन समाजमा जन्मेको हुन्छ, त्यहाँको

संस्कृति, परम्परा, रीतिस्थिति आदिको उपस्थिति उपन्यासमा गराएको हुन्छ । उपन्यासकारले जुन ठाउँको विषयवस्तु ग्रहण गरेको छ, त्यहींको परम्परा, संस्कृतिको छनौट गर्दछ । यस्तो कथावस्तुसँग मेल खाने गरी  सिर्जित वातावरणले पाठकको मनमा वास्तविकताको अनुभूति दिलाउन सक्षम हुन्छ । यसर्थ केवल कल्पनाको भरमा गरिएको परिवेश चित्रण कृत्रिम र अस्वभाविक मात्र होइन, असत्य भएकाले अर्थकारी पनि हुन्छ (उपाध्याय, २०५९:१४५) । परिवेशले गर्दा उपन्यासमा प्रयुक्त पात्र कस्तो छ भन्ने निर्क्यौल हुन्छ ।

परिवेश अन्तर्गत देशकाल र वातावरण पर्दछन् । देशकाल भन्नाले उपन्यासमा घटना र चरित्रलाई उचित पृष्ठभूमि प्रदान गर्ने तथा त्यहाँको प्राकृतिक स्थिति एवं पात्रको सामाजिक भावभूमि, रीतिस्थिति, रहनसहन आदिको समष्टि हो । वातावरण भन्नाले उपन्यासमा हुने कार्यव्यापारले पाठकमा छाड्ने प्रभाव हो (बराल र एटम, २०५८:३६) । कथानक अघि बढ्दै जाँदा त्यसमा घट्ने घटनाले पाठकमा विभिन्न किसिमका भावनाको उद्बोधन हुने गर्छ, त्यो नै वातावरण हो । यसले पाठकमा कहिले सुख, कहिले दुःख, कहिले घृणा, कहिले कारुणिकता, त्रासदजस्ता विविध भावनाहरू उद्वेलित हुन्छन् । यसले उपन्यासको लोकप्रियता र विश्वसनीयतालाई अघि बढाएको पाइन्छ ।

उपन्यासमा घटित परिवेशलाई आन्तरिक र बाह्यमा पनि बाँड्न सकिन्छ । आन्तरिक परिवेशमा व्यक्तिको वैयक्तिक मनोजगत पर्छ भने बाह्य परिवेशमा प्राकृतिक, राजनैतिक एवं सामाजिक सेरोफेरो पर्दछन् । परिवेशको सजिव चित्रणले नै उपन्यासलाई कलात्मक बनाउन सक्छ । यसले नै उपन्यासलाई स्वभाविक र यथार्थमूलक पनि बनाउन सहयोग गर्दछ । घटनाप्रधान उपन्यासमा परिवेशको उपस्थिति अधिक हुन्छ भने चरित्रप्रधान उपन्यासमा यसको प्रयोग कम हुन्छ । त्यस्तै ऐतिहासिक, सामाजिक उपन्यासमा यसको प्रयोग बढी हुन्छ भने मनोवैज्ञानिक उपन्यासमा यसको प्रयोग कम हुन्छ । परिवेशको प्रयोग कम, बढी त हुन सक्छ तर नभई नहुने भने हुँदैन । अहिले आधुनिक एवं उत्तरआधुनिक उपन्यासमा परिवेशको प्रयोग भए पनि परिवेशबिहीन शून्य भने हुँदैन । यसर्थ औपन्यासिक सफलताका लागि परिवेशलाई समय, पात्र तथा कथावस्तु सापेक्ष बनाएर प्रस्तुत गर्नु आवश्यक देखिन्छ ।

### ३.३.७ भाषाशैली

भाषा अनुभूति र अभिव्यक्तिको माध्यम हो । यसबाट नै उपन्यासकारले आफ्ना कुरा पाठक समक्ष राख्न सक्छ । उपन्यासमा कथावस्तुको विस्तार तथा उपन्यासकारको विचार पनि भाषाद्वारा नै सम्प्रेषित हुन्छ । शैली भनेको अभिव्यक्तिको ढंग वा तरिका हो । यो लेखकको आफ्नोपन हो । अभिव्यक्तिको व्यक्तिगत विभिन्नताले अन्यभन्दा नयाँपन बक्त्याउँछ र यही निजत्वको विशिष्ट रूप शैली हो (प्रधान, २०५२:९१) । भाषा र शैलीको यही विशेषताले गर्दा वाङ्मय र अन्य कलालाई छुट्याउँछ । शैलीको कुनै रूप रंग नदेखिए पनि उपन्यासलाई सौन्दर्य प्रदान गर्नु आफ्नै वैशिष्ट्य हो । उपन्यासको कथावस्तु अनुरूप शैलीको प्रयोग गरिन्छ । सबै उपन्यासमा समग्र जीवनजगतको प्रस्तुति हुन्छ तर एउटै प्रस्तुतिमा पनि शैलीले गर्दा फरक फरक ढाँचाको उपन्यास बन्न पुग्छ । आधुनिक उपन्यासमा विभिन्न नयाँ नयाँ शैलीहरूको प्रयोग गरेर उपन्यासकारले नवीनता ल्याउन खोजेको पाइन्छ । यस्ता शैलीहरूमा वर्णनात्मक, विवरणात्मक, विश्लेषणात्मक, आत्मकथात्मक, प्रतीकात्मक, नाटकीय, चेतन प्रवाह आदि विविध रहेका छन् । यिनै विविध शैलीले सबै उपन्यासलाई एकै हुनबाट जोगाउँदै लेखकपिच्छे फरक फरक ढाँचाको बनाउँछ ।

उपन्यास श्रव्य तथा पाठ्य विधा भएकाले यसमा भाषाको अनिवार्यता हुन्छ । पात्र तथा विषयवस्तु अनुरूपको भाषाले गर्दा उपन्यासलाई यथार्थ बनाउँछ । शैली चाहिँ भाषा प्रयोगकै एक तरिका भएकाले यी दुवैसँगै आउँछन् । यसबाहेक व्यञ्जन, संकेत, रूपक, प्रतीक आदिलाई पनि विद्वानहरूले अभिव्यक्ति शैलीकै श्रेणीमा राखेको पाइन्छ । उपन्यासकारले उपन्यासलाई कलात्मक बनाउन विभिन्न बिम्ब र प्रतीकको पनि प्रयोग गर्दछ । अमूर्त वस्तुलाई बुझाउन मूर्त वस्तुको प्रयोग गरी  भावलाई व्यक्त गर्न प्रतीकको प्रयोग गरिन्छ । यसरी प्रयोग गरिने बस्तु वा घटना जसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तुलाई प्रतीक भनिन्छ (बराल र एटम, २०५८:४३) । थोरै शब्दमा धेरै व्यक्त गरेर उपन्यासकारले शैलीमा मिठास ल्याउन प्रतीकको प्रयोग गर्दछ । उपन्यासमा भाषाका माध्यमले अदृश्य वस्तुलाई पनि दृश्य रूप दिन बिम्बको प्रयोग गरिन्छ । यसले पाठकको मष्तिष्कमा कुनै स्थिति, स्थान वा पात्रको यथार्थसदृश छायाँ पारिदिने काम गर्छ ।

### ३.४ निष्कर्ष

उपन्यास शब्द तत्सम शब्द भए पनि उपन्यास विधा पाश्चात्य साहित्यको उपज हो । आख्यान परम्परा युरोपबाटै विकास भए पनि आधुनिक उपन्यास जापानमा जन्मियो, बेलायतमा हुर्कियो र संसारभर फैलियो । नेपाली साहित्यको उपन्यास लेखनका सुरुका दिनहरूमा पाश्चात्य प्रभाव परे पनि आधुनिक कालमा भने यसले आफ्नै मौलिक संरचनाका साथ विकसित हुने अवसर पायो । वि.सं. १९९१ बाट सुरु भएको नेपाली उपन्यास परम्परा पुग नपुग आठ दशक पार नगर्दै विविध प्रवृत्ति अँगाली अघि बढ्न सक्षम भएको देखिन्छ । 'उपन्यास' का लागि पनि विभिन्न संरचनागत तत्त्वहरूको आवश्यकता हुन्छ । विभिन्न विद्वानहरूले तत्त्वहरूका सम्बन्धमा आ-आफ्नै प्रकारका मतहरू राख्ने गरेको पाइन्छ । अधिकांश तत्त्वहरू समान देखिन्छन् भने केही तत्त्वहरूमा विवाद देखिन्छ । यस्तो परिप्रेक्ष्यमा उपन्यासको संरचनालाई गहिरिएर नियाल्दा कथानक, चरित्रचित्रण, उद्देश्य, विचार तत्त्व, परिवेश र भाषाशैलीलाई नै उपन्यासका महत्त्वपूर्ण घटकका रूपमा लिन सकिन्छ ।

# चौथो परिच्छेद

# नेपाली उपन्यास परम्परामा हरिहर खनालको औपन्यासिक यात्रा

## ४.१ परिचय

पाश्चात्य साहित्यबाट विकसित उपन्यास विधा एक नवीनतम् विधा हो । नेपाली साहित्यमा लामो आख्यान भनेर उपन्यासलाई लिइन्छ । वि.सं. १८२७ को **विराट पर्व** पहिलो नेपाली आख्यान हो । यहाँबाट सुरुवात भएको आख्यानले सर्वप्रथम उपन्यासको स्वरूप ग्रहण माध्यमिक कालीन **वीरसिक्का** (१९४६) बाट गऱ्यो भने रुद्रराज पाण्डेको **रूपमति** (१९९१) ले प्रथम आधुनिक उपन्यास हुने अवसर पायो । यसरी सुरु भएको उपन्यास विभिन्न धाराहरूमा विभक्त हुँदै यहाँसम्म आइपुगेको छ । सबैभन्दा कान्छो विधाका रूपमा चिनिए पनि उपन्यासले धेरैको मनजित्न सफल भएको छ । विभिन्न स्रष्टाहरू यस विधातर्फ आकर्षित हुँदै आएका छन् । यिनै स्रष्टामध्ये कथामा ख्याति कमाइसकेका प्रगतिवादी साहित्यकार हरिहर खनाल पनि वि.सं. २०६५ मा उपन्यास लिएर देखा परेका छन् । यसै सन्दर्भमा यहाँ नेपाली उपन्यास परम्परा, नेपाली उपन्यास परम्परामा हरिहर खनालको आगमन, उनको औपन्यासिक यात्रा र स्थानलाई छुट्टाछुट्टै प्रस्तुत गरिएको छ ।

## ४.२ नेपाली उपन्यास परम्परा र पृष्ठभूमि

विश्व साहित्यमा नयाँ विधाको रूपमा अगाडि आएको उपन्यासको इतिहास धेरै पुरानो छैन । अङ्ग्रेजी, हिन्दी, वङ्गाली साहित्य हुँदै बिसौं शतकदेखि सुरु भएको नेपाली उपन्यासको पृष्ठभूमिको रूपमा संस्कृतबाट नेपालीमा रूपान्तरण गरिएका छोटामोटा कथा रहेका देखिन्छन्, जुन कथाहरू ब्राम्हण, आख्य र उपनिषद् जस्ता ग्रन्थहरूमा पाइन्छन् । यस्ता परम्परित आख्यानबाट सुरु भएका उपन्यासको पृष्ठभूमिकालमा **राजा गगनीराजको यात्रा** (१५५०), अज्ञात लेखकको **बाज परीक्षा** (१७००), वाणीविलास ज्योतिर्विदको **ज्वरोत्पत्ति चिकित्सा** (१७७३), प्रेमनिधि पन्तको **प्रायश्चित प्रदीप** (१७८०), दावादल शाहको **औषध रसायन** (१८००) लगायत अजिर्ण मञ्जरीका विविध रूपहरू देखापरे (सुवेदी, २०६४:३४) ।

विभिन्न आचारविचार, जीवनी, धर्मसम्वाद आदि विषयका स-साना कृतिहरूलाई पनि उपन्यासको पृष्ठभूमिमा राख्न सकिन्छ । यसरी संस्कृतबाट रूपान्तरण भएका सामग्रीहरू व्यवहारोपयोगी साना मसिना लेख देखि शक्तिबल्लभ अर्यालको वि.सं. १८२७ को विराटपर्व पूर्वको अवधिलाई नेपाली उपन्यासको पृष्ठभूमिका रूपमा लिइन्छ । पृष्ठभूमिकालका कृतिहरूले उपन्यासको ढाँचा अँगाल्न सफल नभए पनि पृष्ठभूमिको काम गर्न भने सक्षम भएको देखिन्छ ।

### ४.२.१ नेपाली उपन्यासको प्राथमिक काल

नेपालको एकिकरण अभियानसँग सम्बन्ध राख्दै आख्यानहरू देखापर्न थाल्छन् । यसक्रममा सर्वप्रथम शक्तिबल्लभ अर्यालको १८२७ को **विराट पर्व** पहिलो आख्यानात्मक कृतिको रूप धारण गर्न सक्षम बनेको छ भने **विराट पर्व** देखि **विरसिक्का** (१९४६) को प्रकाशनसम्म प्राथमिक काल रहन पुग्छ । यस विराटपर्वमा महाभारतको वृहत संसारभित्रबाट आख्यानको स्रोत ग्रहण गरी  कृतित्त्व प्रदान गरेको कुरा देख्न पाइन्छ (सुवेदीः २०६४:३५) । यसपछि शक्तिबल्लभ अर्यालले नै 'हास्यकदम्ब' नाटकलाई नेपालीमा रूपान्तरण गरी  नयाँ आयाम थपे । यसपछि उपन्यास परम्परालाई निरन्तरता दिने क्रममा भानुदत्तको **हितोपर्देश मित्रलाभ** (१८३३), रामभद्रपाध्याको **लक्ष्मी धर्म संवाद** (१८५१), अज्ञातको **पिनासको कथा** (१८७२), **दशकुमार चरित्र** (१८७५), **मुन्सीका तीन आहान** (१८७६), भवानीदत्तको **मुद्राराक्षस** (१८७२), सुन्दरानन्द बाँडाको **त्रिरत्न सौनदर्य गाथा** (१८९०) र **आध्यात्म रामायण** (१८९०) आदि आख्यानात्मक कृतिहरू देखापरे । यी कृतिहरूमा आख्यानात्मक आयतन फराकिलो देखिन्छ । यसैगरि परवर्ती उपन्यासका पृष्ठभूमिका रूपमा **बहत्र सुधाको कथा** (१८९३), **बेताल पञ्चविंसतिका** (१८९३), हरिहर शर्माको **भागवत शक्ति विलासिनी** (१९४५) आदि कथात्मक कृतिहरू पनि यसै अवधिमा देखा परे । यस कालका आख्यानात्मक रचनाहरूमा कथा र उपन्यासमा खासै फरक नदेखिनुका साथै रचनाहरूको उद्देश्य नीति, उदेश, शिक्षा आदि प्रदान गर्नु रहेको थियो । संस्कृत तथा केही मात्रामा अन्य भाषाबाट अनुदित आख्यानहरू हुनु, घटनाको वर्णन हुनु, एउटै ढाँचाको शैली पाइनु जस्ता कमजोरी भए पनि साहित्यको विधागत अस्तित्त्व रक्षाको

निम्ति वा सुरुवातको निम्ति आधार स्तम्भ खडा गर्नु यस अवधिको ठूलो उपलब्धि मान्नुपर्छ ।

### ४.२.२ माध्यमिक काल

शक्तिबल्लभ अर्यालको **महाभारत विराटपर्व** देखि सुरु भएको उपन्यासको परम्परामा वि.सं. १९४६ को शिवदत्त शर्माद्वारा अनुदित **वीरसिक्का** बाट माध्यमिक कालको सुरुवात हुन्छ । संस्कृतबाट अनुदित गरिएको भए पनि नेपाली जनजीवनको झझल्को पाइने हुनाले यो कृतिले मध्यकालको सुत्रपात गरेको हो । **वीरसिक्का** प्रकाशित भए पनि नै आख्यान उपन्यासको स्वरूप निर्धारणको प्रयास थालनी गरी  काल्पनिकताको सृष्टिमा रमाउन थालेको हो (बराल र एटम,२०६६:७२) । यसर्थ वीरसिक्काबाट नै विविध प्रकारका उपन्यासथालनीको सूत्रपात भयो ।

माध्यमिककालीन उपन्यासको विकासमा देशज तथा विदेशज पत्रपत्रिकाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरे । वि.सं. १९५८ को गोरखापत्रको प्रकाशन सुरु भएपछि धमाधम गद्याख्यानको प्रकाशन हुन थाल्यो । यस्तै उपन्यास तरङ्गिणी (१९५९), सुन्दरी (१९६३), गोर्खाली (१९७२), चन्द्र (१९७४), गोर्खा संसार (१९८३) लगायतका पत्रिकाहरूले माध्यमिक कालीन उपन्यास विकासमा मलजल थपे ।

नेपाली उपन्यासको माध्यमिककालीन अवधिलाई ४ प्रमुख धारा मनोरञ्जनात्मक धारा, धार्मिक पौराणिक धारा, नैतिक औपदेशिक धारा र सामाजिक सुधारात्मक धारामा बाँड्न सकिन्छ (उही:७३) । कतिपय यथार्थभन्दा बाहिरका कल्पनालाई प्रेम, सौन्दर्य, साहसिकता, अलौकिकता, जादु जस्ता विषयलाई आधार बनाएर रचना गरिएका उपन्यास मनोरञ्जनात्मक धाराका उपन्यास हुन । यस अन्तर्गत **वीरसिक्का** (१९४६), हरिहर शर्माको **शुक्रबहत्तरी** (१९५०), अज्ञातको **लालहीराको कथा** (१९५०), शम्भुप्रसाद दुङ्ग्यालका **हात्तिमताई** (१९८१), **अबोला मैयाको कथा** (१९८२ तिर) आदि पर्दछन् । नेपाली वातावरणमा पूर्वीय पौराणिक साहित्यको आख्यानभण्डारलाई आधार बनाएर लेखिएका उपन्यासहरू धार्मिक पौराणिक धारा अन्तर्गत पर्दछन् । जसमा चिरञ्जीवि पौड्यालको **प्रेमसागर** (१९४७), हरिहर शर्माको **दुर्गासप्तशती** (१९४८), सदाशिव शर्माको **मौसल पर्व** (१९६४), चक्रपाणी

चालिसेको **गोरखा सङ्क्षिप्त रामायण** (१९७२) आदि पर्दछन् । गर्नुपर्ने र गर्न नहुने कुराहरूलाई प्राथमिकताका साथ रचिएको नीतिकथाहरूद्वारा अगाडि आएको आख्यानहरूलाई नैतिक औपदेशिक धारा अन्तर्गत राखिन्छ । यसमा नरदेव पाण्डेको **मेरिना चरित्र** (१९५९), तीर्थप्रसाद आचार्यको **वेदान्तसार** (१९६०), भोजराज पाण्डेको **उपदेश मञ्जरी** (१९७३) आदि पर्दछन् । समाजमा रहेका विकृतिका कुरीतिलाई हटाएर समाज सुधारको अपेक्षाका साथ रचिएका उपन्यासहरू यस अन्तर्गत पर्दछन् । जसमा अज्ञातको **प्राचीन प्रपञ्च** (१९६२), वैजनाथ सेढाइको **चक्रपरिक्रम** (१९७३), पहलमान सिंह स्वाँरको **पद्मकुमारी** (१९७४), महानन्द सापकोटाको **त्रिवेणी** (१९८५) आदि पर्दछन् ।

सदाशिव शर्माको **महेन्द्रप्रभा** (१९५९) ले आफ्नो ठाउँमा उपन्यास परम्परामा निकै महत्त्व राखेतापनि नौलो आयाम भर्ने काम गिरिश बल्लभ जोशीले गर्न सफल भए । जोशीले थुप्रै उपन्यास अगाडि नै लेखेका भए पनि उनको **वीरचरित्र** (१९६०) ले तत्कालीन राज्यव्यवस्थालाई व्यङ्ग्य गरेको छ । यसमा स्थानीय परिवेश बोलेको छ । यसर्थ यो एक आधुनिक उपकरणको प्रयोगसँग प्राचीन पद्धतिका इन्द्रजाल र फाकफुके तत्त्वहरूको संयोजन र समन्य भएको अद्‌भूत उपन्यास हो (उही:७६) । यस्तै माध्यमिक काललाई अन्त्य गर्ने प्रयासमा विष्णुचरण श्रेष्ठको **सुमती** (१९९१) रहेको छ (सुवेदी, २०६४:६१) । **सुमती**लाई पहिलो मौलिक कृति मानिए पनि आधुनिकताको टिको लाउन भने सक्षम छैन । समग्रमा हेर्दा यस कालमा अनुवाद तथा अनुकरणको प्रधानता हुनु, काल्पनिक, असम्भव तथा अतिमानवीय घटनाहरूको प्रस्तुती दिनु, मनोरञ्जनात्मकता, अतिरञ्जनात्मक, तिलस्मी जासुसी जस्ता प्रवृत्तिहरू नै प्रमुखताका साथ देखा परे । यस कालले आधुनिकता ग्रहण गर्न नसकेतापनि आधुनिकता तर्फ उपन्यासलाई अग्रसर गराउन सफल भएको छ ।

### ४.२.३ नेपाली उपन्यासको आधुनिककाल

नेपाली उपन्यासले वि.सं. १९९१ को रुद्रराज पाण्डेको **रूपमती** उपन्यासबाट आधुनिकता हात पार्‍यो । विधागत मौलिकता र नयाँ धारणालाई आत्मसाथ गरी लेखिएको हुनाले **रूपमती** उपन्यास आधुनिक उपन्यास बन्न पुगेको हो । कृष्णहरी बराल र नेत्र एटमले प्रगतिको बाटो समातेको परम्परालाई त्याग्न सकेको तथा नयाँ जीवनमूल्यको

स्थापना गर्न सकेको भन्दै रूपमतीलाई दह्रो बनाएका छन् । परिवेशगत चेतना र मानवीय मूल्यको अर्न्तभाव पाइनु नै रूपमती उपन्यासको ऐतिहासिक महत्त्व भएका कारण नेपाली उपन्यास परम्परामा औपन्यासिक शिल्प र स्वरूपलाई दिशानिर्देश गर्ने पहिलो कृतिका रूपमा **रूपमती** नै देखापर्छ । **रूपमती** उपन्यासले यर्थाथवादी दृष्टिको अवलम्बन, वैज्ञानिक दृष्टिकोणको स्थापना, परम्पराप्रतिको विरोध तथा पाश्चात्य प्रभाव आदि सबै विशेषतालाई आफूमा नीहित गरेको छ । १९९१ बाट सुरु भएको आधुनिक नेपाली उपन्यास परम्परा आजसम्म आइपुग्दा विभिन्न मोड र धाराहरूमा विभाजित भएको छ ।

नेपाली उपन्यास परम्पराको सुरुवात आदर्शोन्मुख यर्थाथवादी धाराबाट हुन्छ । यसमा यथार्थ विषयवस्तुलाई आदर्शजस्तो बनाइएको हुन्छ । उद्देश्यका रूपमा आदर्शको स्थापना गर्नु तर चित्रणको पद्धति चाहिं यथार्थवादी हुनु यसको मूल विशेषता हो (बराल र एटम, २०६६:९०) । वास्तविक सामाजिक आधारमा कथानक बढ्दै गई आदर्शमा टुङ्गिनु आदर्शोन्मुख यथार्थवाद हो । नेपाली उपन्यास परम्परामा आदर्शोन्मुख यथार्थवादको सुत्रपात गर्ने उपन्यासकार रुद्रराज पाण्डे र उपन्यास **रूपमती** नै हो । नायिका प्रधान उपन्यास हुनुको साथै यसमा समाजमा भएका कुरीति, बालविवाह, कुसंस्कार आदिको चित्रण छ । यस धाराका अन्य उपन्यासहरूमा रुद्रराज पाण्डेकै **चम्पाकाजी** (१९९३), **प्रायश्चित** (१९९५), **प्रेम** (२००५), काशिबहादुर श्रेष्ठको **उषा** (१९९५), मोहनबहादुर मल्लको **समयको हुरी** (२०१५) आदि पर्दछन् ।

नेपाली उपन्यासमा रूपनारायण सिंहको वि.सं. १९९३ को **भ्रमर** उपन्यास प्रकाशित भएपछि स्वच्छन्दतावादी धाराको सुरुवात हुन्छ । कोरा नीतिनियम र आदर्शका पर्खालहरू ढाल्दै फ्रान्स र बेलाइतमा उन्नाइसौं शताब्दीमा चलेको आन्दोलनको नाम स्वच्छन्दतावाद हो (उही:९२) । वैयक्तिकतालाई महत्त्व दिदै सहज र स्वच्छन्दताका साथ सौन्दर्य र वैचित्यको समायोजन गरी परिवर्तन र क्रान्तिमा जोड दिई राष्ट्रियता र मानवतावादलाई सुरक्षित गर्नु नै स्वच्छन्दतावादको विशेषता हो । यस धाराका अन्य उपन्यास तथा उपन्यासकारहरूमा रूपनारायण सिंहकै **बिजुली** (अपूर्ण, २००६), अच्छाराई रसिकको **लगन** ( २०११), राजेन्द्र पौडेलको **समाजले देखिनसहेको प्रेम** (२०५८), **सपनाको राजकुमार** (२०६०), किशनसिंह धामीको **कलेज गर्ललाई इमेल** (२०६३) आदि प्रमुख रहेका छन् ।

नेपाली उपन्यास परम्परामा विभिन्न धारा उपधारा देखिने क्रममा वि.सं. २००४ को लैनासिंह वाङ्देलको **मुलुक बाहिर** उपन्यासबाट सामाजिक यथार्थवादी धाराको प्रारम्भ हुन्छ । यथार्थता **रूपमती** मा पनि छ तर त्यहाँ यर्थाथतालाई आदर्शले रंगाइएको छ । सामाजिक यथार्थवादीमा यथार्थता, सामाजिक दृष्टिकोण, भौतिक सत्य, वर्णनमा सत्यता आलङ्कारिक शब्द, आदर्शीकरण, कल्पना आदिको निराकरण जस्ता गुण रहनुपर्छ । यस धाराका अन्य उपन्यास र उपन्यासकारहरूमा लैनसिंह वाङदेलकै **लंगडाको साथी** (२००८) र **रेम्ब्रान्ट** (२०२३), लीलबहादुर क्षेत्रीको **बसाइँ** (२०१४), **अतृप्त** (२०२६) र **ब्रम्हपुत्रका छेउछाउ** (२०४३), लीलाध्वज थापाको **मन** (२०१५), केशवराज पिँडालीको **बाँच्ने एउटा जिन्दगी** (२०४३), श्रीधर पौडेलको **दुई ढुङ्गावीचको तरुल** (२०६४), अप्सरा लावतीको **लोजिमा** (२०६२) आदि पर्दछन् । उपन्यासको क्षेत्रमा सबैभन्दा बढी प्रभाव पार्न सफल यस धारामा नै धेरै उपन्यासहरू लेखिएका छन् ।

ऐतिहासिक घटना, व्यक्ति वा परिवेशलाई यथार्थवादी ढंगले प्रस्तुत गरिएको लेखकको जन्मभन्दा अगाडिको समयावधिका घटना र ऐतिहासिक चरित्रलाई लिएर लेखिएको उपन्यास ऐतिहासिक हुन्छ (बराल र एटम, २०६६:१०३) । डायमन शमशेरको **वसन्ती** (२००६) बाट आधुनिक नेपाली उपन्यास परम्परामा ऐतिहसिक यथार्थवादी धाराको सुरुवात हुन्छ । हुन त टुकराज पदमराज मिश्रको **रजबन्धकी** (१९९६), र **रामकृष्ण कुँवर राणा** (१९९९) ऐतिहासिक विषयवस्तुमा आधारित भए पनि ती इतिहासका शुष्क वर्णन मात्र भएका र तत्कालीन सामाजिक पृष्ठभूमि, सुक्ष्म यथार्थ वर्णन एवं औपन्यासिक कलाको अभाव भएकाले वसन्तीबाटै यसको सुरुवात भएको मानिन्छ (अतीतको पुनर्सृजन गरिने हुँदा यसमा लेखकले इतिहासलाई वर्तमानसँगै थारतम्य मिलाउन सक्नुपर्छ । यस धाराका अन्य उपन्यासकार र उपन्यासहरूमा डायमन शमसेर राणाकै **सेतो बाघ** (२०३०), **सत्प्रयास** (२०३८), **अनिता** (२०४३) र **गृहप्रवेश** (२०५९), केशवराज पिँडालीको **एकादेशकी महारानी** (२०२६), खगेन्द्र केसीको **खानदान** (२०३५), श्री कृष्ण श्रेष्ठको **जंगबहादुर** (२०५१), दौलतविक्रम विष्टको **फाँसीको फन्दामा** (२०५३) आदि पर्दछन् ।

नेपाली उपन्यास परम्परामा वि.सं. २००८ को लैनसिंह वाङदेलको **लंगडाको साथी** प्रकाशित भएपछि अतियथार्थवादी धाराको सुत्रपात हुनुपुग्छ । अतियथार्थवाद साहित्यका

सन्दर्भमा यथार्थको अतिक्रमण गर्ने र आन्तरिक पक्ष तथा नांगो रूपलाई बढी महत्त्व दिने सिद्धान्त हो (बराल र एटम, २०६६:१०६) । यस धाराले साहित्यको सम्बन्ध सपना वा अर्धचेतनासँग हुने, पुराना रुढी, मान्यता, परम्परा तथा नैतिकताले मानवीय मनको खोजीमा बाधा पुऱ्याउँछन् भन्ने भावना राख्ने, परिवर्तन नै लेखकको मूल लक्ष्य ठान्ने तथा इश्वरको अस्तित्त्व नभएको मान्ने अमूर्त लेखनलाई नै उत्कृष्ट ठान्ने मान्यता बोकेको हुन्छ । यस धाराका अन्य उपन्यासकार र उपन्यासमा गोविन्दबहादुर मल्ल **गोठाले**को **पल्लो घरको झ्याल** (२०१६), **पियानानी** (२०५६), अर्जुन निरौलाको **घाम डुबेपछि** (२०३३), हिरण्य भोजपुरेको **गोरी** (२०५४) आदि पर्दछन् ।

वि.सं. २०११ मा हृदयचन्द्रसिंह प्रधानको **स्वास्नी मान्छे** उपन्यास प्रकाशित भएपछि आधुनिक नेपाली उपन्यास परम्परामा आलोचनात्मक यथार्थवादी धाराको सुरुवात हुन्छ । वाङ्देलको **लङ्गगडाको साथी** मा पनि यसको आंशिक प्रभाव परेको पाइन्छ । समाजको उन्नति तथा मानवहित तर्फ उन्मुख भएर समाजमा भएका शोषण, दमन तथा उत्पीडनको कटु आलोचना गर्नु यथास्थितिप्रतिको आलोचना हो र त्यही चिन्तन प्रणाली आलोचनात्मक यथार्थथवाद हो (सुवेदी, २०६४:१८३) । यस्ता उपन्यासमा समाजका दुषित र अहितकार तत्त्वहरूको, अन्धविश्वास, रुढी र कुप्रथाहरूको कटु आलोचना गरिएको हुन्छ । प्रधानको **स्वास्नी मान्छे**मा समाजमा रहेका शोषक वर्गका दमित क्रियाकलापहरूलाई उदाङ्गो पारी नारी शोषणको अन्त्य गर्ने पहलका लागि आवाज उठाइएको छ । यसमा घरमा स्वास्नी हुँदा हुँदै अर्की स्वास्नी भित्र्याउने र मन नपर्ने वित्तिकै कागजको टुक्रा सरह फ्याँकिदिने, नारीहरूको बेचविखन गर्ने एवं समाजका अवोध किशोर किशोरीहरूको ओसार पसार गरी पैसा कमाउनेहरू कसरी मीठो भाषण गर्दै हिँडिरहेका छन् भन्ने कुरालाई आलोचनात्मक ढंगमा प्रस्तुत गरिएको छ । यस धाराका अन्य उपन्यासहरूमा प्रधानकै **एक चिहान** (२०१७), मञ्जुलको **छेकुडोल्मा** (२०३६), दौलतविक्रम विष्टको **ढाकेको आकाश** (२०३४), ध्रुवचन्दं गौतमको **उपसंहार अर्थात चौथो अन्त्य** (२०४८), खगेन्द्र सँग्रौलाको **जुनकीरीको सँगीत** ( २०५६) आदि रहेका छन् ।

नेपाली उपन्यास परम्परामा गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** ( २०१६) उपन्यासबाट मनोविश्लेषणवादी धाराको सुरुवात हुन्छ । यस उपन्यासबाट नै

नेपाली उपन्यासहरू वैयक्तिकतामा प्रवेश गरेका हुन् । व्यक्ति यथार्थ प्रस्फूटन नै यस धाराको उद्देश्य हुन जान्छ । मानवका मनोदशाका विविध रूपहरू यौन भावना, मनका कुण्ठा, विक्षिप्त एवं दमित अवस्थालाई विश्लेषण, मनोरचनाले सामाजिक स्थितिमा ल्याउने प्रभाव, मानवका अन्तर्मुखी र बहिर्मुखी प्रवृत्तिको उद्घाटन, परिवेशबाट उत्पन्न हुने ग्रन्थीहरूको खोलुवा, आख्यानको भारीभन्दा चरित्रको विश्लेषणमा केन्द्रित हुनु आदि यो धाराका विशेषताहरू हुन् (बराल र एटम, २०६६:१२९) । **पल्लो घरको झ्याल**मा मिसरीले अमिल्दो उमेरको लोग्नेबाट यौन सन्तुष्टि नपाउँदा पल्लो घरको झ्यालबाट सधैं हेरिरहने गुण्डो हिरामानसँग आकृष्ट भई उसैसँग हिँड्छे । यस धाराका अन्य उपन्यासकार र उपन्यासहरूमा गोठालेकै **अर्पणा** (२०५३), विजय मल्लको **अनुराधा** (२०१८), धुँस्वा सायमीको **गँकी** (२०२१), देवकोटाको **चम्पा** (२०२५), विश्वेश्वरप्रसाद कोइरालाको **तीनघुम्ती** (२०२५), **नरेन्द्र दाइ** (२०२७) आदि पर्दछन् ।

नेपाली उपन्यासको क्षेत्रमा वि.सं. २०२१ को इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासबाट विसङ्गतिवादी धाराको सुरुवात हुन्छ । जीवनलाई दिइने कुनैपनि मूल्यको कुनै अर्थ नभएकोले जीवनगत पनि व्याख्येय छैन भन्ने कुरा नै विसङ्गतिवादको मर्म हो (बराल र एटम, २०६६:१३४) । यसबाट जीवन निस्सारता र शून्यतापूर्ण छ भन्ने भाव पाइन्छ । संस्कार, नैतिक मूल्य, अस्तित्त्वरक्षा आदि व्यर्थ हुन् भन्ने ठान्नु, जीवन पाउनु नै श्राप हो भन्ने ठान्नु, शैली शिल्पमा खज्मज्याउनु, श्रृङ्खलाविहीनतालाई स्वीकार्नु आदि विसङ्गतिवादका विशेषता हुन् । **आज रमिता छ** उपन्यासले कथ्य र शैली दुवै स्तरमा विसङ्गति प्रस्तुत गरेको छ । अन्य विसङ्गतिवादी धाराका उपन्यासकार र उपन्यासहरूमा पारिजातको **शिरीषको फूल** (२०२२), **महत्ताहीन** (२०२५), ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** ( २०२४), **बालुवामाथि** (२०२८), **डापी** (२०३३), दौलत विक्रम विष्टको **चपाइएका अनुहार** ( २०३०), सरु भक्तको **समय त्रासदी** आदि पर्दछन् ।

यसै परम्परामा ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४) उपन्यास प्रकाशित भएपछि प्रयोगवादी धारा सुरु हुन्छ । समयको उतारचढावसँगै परम्पराभन्दा फरक शैली, नवीन कथ्य संरचना आदिको प्रयोग नै प्रयोगवाद हो । यसले समाजमा चलीआएका रुढीलाई त्यागी नयाँ व्यवस्थाको स्थायित्व रुचाउँछ । हुन त प्रयोगवादको नमुना **लङ्गडाको साथी**, **पल्लो घरको**

**झ्याल**, **आज रमिता छ** आदिलाई मान्न सकिन्छ तर पनि विशिष्ट रूप चाहिँ **अन्त्यपछि** उपन्यासले ग्रहण गर्नपुग्छ । छोटो आयतन, आख्नात्मक आख्यान र निबन्धात्मक प्रस्तुति भएको अति बौद्धिक अनुभव हुने, क्षणिक कथानकमा प्रस्तुत हुने **अन्त्यपछि** उपन्यासको संरचना अत्यन्त अमूर्त बनेको छ (सुवेदी, २०६४:३५९) । वि.सं. २०२४ बाट सुरु भएको यस धाराले हालसम्म पनि आफ्नो प्रभुत्व जमाउन सफल छ । यस धाराका अन्य उपन्यासहरूमा ध्रुवचन्द्र गौतमकै **बालुवामाथि**, **डापी**, **अग्निदत्त+अग्निदत्त** (२०५३), **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८), कृष्ण धारावासीको **शरणार्थी** (२०५४) आदि रहेका छन् ।

नेपाली उपन्यास परम्परामा २०२० को दशकमा निकै प्रगति भयो । फलस्वरूप निकै धारा उपधाराको उत्पत्ति भयो । २०२० को प्रगतिवादी दर्शनको मूल आधार कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्सको द्वन्द्वत्मक भौतिकवाद हो । प्रगतिवादी सिद्धान्तले वर्गीय भेदको अन्त्य तथा समाजमा आमूल परिवर्तनको अपेक्षा राख्दछ । प्रगतिवादी सिद्धान्तले सर्वहारा वर्गको भूक्तिको अपेक्षा गरेको हुन्छ । आर्थिक विषमताका कारण जन्मिने विसङ्गतिको चित्रण गरी निराकरणको उपाय खोज्नु, क्रान्तिकारी, विद्रोह तथा परिवर्तनाकाङ्क्षी चरित्रको प्रयोग गर्नु, भविष्यप्रति आशावादी हुनु, स्थानीय तथा सरल भाषको प्रयोग गर्नु आदि प्रगतिवादका मुख्य विशेषताहरु हुन् । यही समयको एउटा औपन्यासिक धारामा प्रगतिवाद धारा पर्दछ । जसको सुरुवात डी.पी. अधिकारीको **आशमाया** (२०२५) बाट हुन्छ । वि.सं. २००७ सालको परिवर्तनपछि सामाजिक रूपान्तरणका स्वरहरू गुञ्जन थाले पनि स्पष्टरूपमा यसको अस्तित्त्व कायम हुन सकेन । प्रगतिवादले श्पर्श गरेका उपन्यासहरू आए पछि ठोसरूपमा यसको सुरुवात वि.सं. २०२५ बाट नै हुनपुग्यो । समाजका ठूलाबडाले निम्न वर्गप्रति गर्ने अन्याय, अत्याचार आदि विकृत पक्षलाई **आशमाया** उपन्यासले आफ्नो विषय बनाएको छ । यसपछि नै समाजको अन्याय अत्याचारको विरुद्ध बुलन्द आवाज घन्काउँदै उपन्यासहरू लेखिन थालिए । प्रगतिवादी धारामा रहेर थुप्रै उपन्यासकारहरूले कलम चलाएका छन् । यस अन्तर्गत खगेन्द्र सँग्रौलाको **चेतनाको पहिलो डाक** (२०२७), मोदनाथ प्रश्रितको **देशभक्त लक्ष्मीलाई** (२०३२), घनश्याम ढकालको **रातो आकाश** (२०५९), हरिहर खनालको **समयको रेखाचित्र** (२०६४) आदि उपन्यासलाई लिन सकिन्छ ।

यसरी वि.सं. १९९१ बाट आफ्नो यात्रा आरम्भ गरेको आधुनिक नेपाली उपन्यासले यहाँसम्म आइपुग्दा विविध धारा उपधारा तथा प्रवृत्ति अँगालेको छ । आदर्शोन्मुख यथार्थवादी धाराबाट सुरु भएको नेपाली उपन्यास समयसँगै परिवर्तित हुँदै जनचाहाना अनुरूप बढिरहेको छ । आठ दशकको दौरानमा नेपाली उपन्यासले धेरै नै प्रगति गर्न सक्षम भएको

छ । यही क्रममा समयको चक्रअनुसार आफूलाई सुधार्दै लाने हो भने उपन्यासको भविष्य उज्ज्वल देखिन्छ ।

## ४.३ नेपाली उपन्यास परम्परामा हरिहर खनालको आगमन

नेपाली उपन्यासको क्षेत्रमा हरिहर खनालको आगमन साठीको दशकमा मात्र भएको हो । छोटा आख्यानको क्षेत्रमा चाहिँ बिसको दशकदेखि नै सक्रियता देखाएका खनालले साहित्यिक फाँटको कुनै कुनामा आफूलाई स्थापत्य गराइसकेका छन् । जल्दाबल्दा प्रगतिशील साहित्यकार खनालले आजसम्माा अठार वटा पुस्तकाकार कृति पाठकसामू पस्किसकेका छन् । कथा, कविता, निबन्ध नियात्रा आदि साहित्यिक विधामा ख्याति कमाइसकेका खनालले उपन्यास विधामा पनि हात हालेका छन् । वि.सं. २०२४ मा **जूनको प्रकाशमा सूर्यलाई निम्त्याएर** कथा मार्फत खनाल साहित्यमा उदाएका हुन् । साहित्यले मानव हृदयका धुकधुकीहरू बोकेको हुनुपर्छ र त्यस्ता धुकधुकीहरू बिच बहुजनः हितायको प्रभाव प्रतिविम्वित हुनुपर्दछ भन्ने धारणा राख्ने खनालका उपन्यासहरू पाठकमाझ आउनुभन्दा अगावै नेपाली उपन्यास क्षेत्र धेरै अगाडि बढिसकेको छ । खनालभन्दा अगाडि नै नेपाली उपन्यासमा कतिपय प्रवृत्तिहरू देखिसकेका छन् । सबैभन्दा कान्छो र विकसित विधा मानिने उपन्यास क्षेत्रमा खनालको आगमन अझ बढी स्वागतयोग्य ठहर्दछ । हुन त बिसको दशकमा नै उनले दुई वटा लघु उपन्यासको पाण्डुलिपि तयार गरेका थिए । तर ती उपन्यास आफ्ना अभ्यासकालीन अवस्थाका भएकाले प्रकाशित नगरेको र हाल पाण्डुलिपि समेत नभएको कुरा खनाल बताउँछन् । उनको त्यसताकाको उपन्यास विधाप्रति सलबलाएको प्रेम वा अनुरागलाई आफ्नो परिष्कृत भाषाशैलीले साठीको दशकमा उजागर गर्न सफल छन् । उनले एकै सालमा (२०६५) दुई दुईवटा उपन्यास लेखेका छन् । यी उपन्यास नै यिनका प्रकाशित उपन्यास हुन् । यिनले वि.सं. २०६५ को बैशाखमा **उज्यालोको खोजीमा** उपन्यास र वि.सं. २०६५ को भाद्र महिनामा **समयको रेखाचित्र** उपन्यास प्रकाशित गरेका छन् ।

२०६० को दशकमा खनालका दुईवटा उपन्यासहरू प्रकाशनमा आए । यसर्थ उपन्यास क्षेत्रमा पनि आफ्नो नाम लेखाउन सफल भए । वि.सं. २०६५ को बैशाख १ गते

नवबिहानीको सुरुवातसँगै उनले **उज्यालोको खोजीमा** नामक उपन्यास पाठकमाझ ल्याए । यही उपन्यासले नै खनाललाई उपन्यास क्षेत्रमा अवतरण गरायो । भूतकालीन समयको झल्को दिलाउने यो उपन्यास विषयवस्तुको दृष्टिले सामाजिक यथार्थवादी छ भने स्वरूपका दृष्टिले नयाँ हुनुको साथै प्रगतिशील छ । समाजमा टड्कारो रूपमा देखापर्ने कुरीति, कुसंस्कार तथा कुनियतको वर्णन एकातिर छ भने जमिनको उर्वरत्व क्षय हुँदै जाने प्राकृतिक प्रकोपको आकस्मिकता अर्कोतिर । यसरी यस उपन्यासले आञ्चलिकताको छनक दिदै दुरुङ्गचुङ्गदेखि बर्मा अनि चितवनसम्म ल्याएको छ भने सामाजिक परिवेश घटनाका तीव्रतासँगसँगै आएका छन् । साना ठूला एक्काइस परिच्छेदमा विभाजित यस उपन्यासको प्रत्येक परिच्छेद एकअर्कासित सम्बन्धित देखिन्छन् ।

खनालको २०६५ भाद्र १२ को अर्को उपन्यास **समयको रेखाचित्र** (२०६५) मा समयले मानिसलाई एउटा भड्खालोदेखि अर्को भड्खालोमा ठेल्छ, त्यो भड्खालो सही वा गलत दुवै हुनसक्छ भन्ने देखाएको छ । यो उपन्यासले पनि हाम्रो विगतलाई चित्रित गरेको छ । साना ठूला अठार परिच्छेदमा विभक्त यस उपन्यासमा प्रत्येक परिच्छेदलाई मिल्दो शीर्षक दिइएको छ । प्रत्येक परिच्छेदका शीर्षकले त्यो परिच्छेदलाई समेटेझैं लाग्छ । यसमा अत्यन्त दयनीय आर्थिक अवस्था भएका निम्नवर्गीय परिवारको चित्रण छ । समाजमा हुने वा घट्ने कथावस्तुका साथै नेपालको कुनै निम्नवर्गीय परिवारको विघटन र त्यसपश्चातको त्यस परिवारका सदस्यहरूको आर्तनाद यहाँ सामाजिकता बनी आएको छ । एउटा निम्नवर्गीय परिवारको युवकले पनि उचित वातावरण पाउँदा प्रगति गर्न सक्ने र त्यो युवक एउटा क्रान्तिकारी त्यागी व्यक्ति बन्छ भन्ने कुरा उजागर गर्दै वि.सं. २०३६ देखि वि.सं. २०४६ सम्मको राजनीतिक सेरोफेरो र २०४६ सालको राजनीतिक परिवर्तनको विषय पनि यस उपन्यासमा गुञ्जिएको छ । यसप्रकार साहित्यकार खनालले यी दुई उपन्यासका माध्यमबाट नै उपन्यासको क्षेत्रमा पाइला टेकेका छन् ।

### ४.४ हरिहर खनालको औपन्यासिक यात्रा

आधुनिक नेपाली कथा परम्परामा निकै सशक्त कथाकारका रूपमा परिचित खनालले अहिलेसम्म दुईवटा मात्र उपन्यास प्रकाशन गरेका छन् । अभ्यासकालीन समयमा प्रयास गरे

पनि गुणस्तरीय नभई प्रकाशित नगरेको बताउने खनालले पछिल्लो समयमा आएर एकैवर्षमा त्यो पनि ५ महिनाको अन्तरमा नै दुइवटा उपन्यास लेखे । वि.सं. २०६५ बैशाख १ गते उनको **उज्यालोको खोजीमा** नामक उपन्यास देखापर्‍यो । यो उपन्यास बाट नै खनालको औपन्यासिक यात्रा सुरु भयो । यसपछि करिब ५ महिनापछि भाद्र १२ गते खनालको अर्को उपन्यास **समयको रेखाचित्र** प्रकाशित भयो । यी दुवै उपन्यासमा निम्नवर्गीय सामाजिक यथार्थताको वर्णन गर्नुका साथै विभिन्न परिवेशमा उतारचढाव भएका राजनीतिक घटनाक्रमहरू र यसबाट आएको प्रतिफललाई समेत उपन्यासको विषयवस्तु बनाइएको छ । **उज्यालोको खोजीमा** मा अन्त्य भएको वा टुङ्ग्याइएको राजनीतिक परिवेशलाई **समयको रेखाचित्र**मा जोडिएको छ । यी दुवै उपन्यासमा खनालको प्रवृत्ति एकैप्रकारको देखिन आउँछ ।

छोटा आख्यानको क्षेत्रमा प्रगतिवादी कथाकारका रूपमा परिचित खनालको लामो आख्यानमा पनि प्रगतिवादी स्वर नै प्रमुख रूपमा घन्किएको पाइन्छ । किनकि उनका दुबै उपन्यासमा सामाजिक शोषणको चित्रण छ । उनका उपन्यासमा आर्थिक विषमताले जन्माउने विसङ्गतिको चित्रणका साथै क्रान्तिकारी तथा परिवर्तनाकांक्षी चरित्रहरूको प्रयोग गरिएको छ । दुबै उपन्यासमा निम्नवर्गीय चरित्रलाई नायक बनाइएको छ । राष्ट्रियताको प्रबल भाव जगाउनुका साथै राष्ट्रका निमित्त जस्तोसुकै कार्य गर्नपनि पछि नहट्ने पात्रद्वारा खनालले अग्रगामी विचार प्रकट गरेका छन् । खनाल प्रगतिवादी उपन्यासकार हुनुका साथै सामाजिक यथार्थवादी उपन्यासकार पनि हुन् । यिनले समाजमा वास्तविक घटेका घटनाहरूलाई विषयवस्तु बनाएका छन् भने समस्याको समाधानार्थ पात्रहरूलाई सुरवीर पनि बनाएका छन् ।

यसरी हेर्दा खनालका हालसम्म दुईवटा उपन्यासहरू **उज्यालोको खोजीमा** र **समयको रेखाचित्र** मात्र प्रकाशित छन् । प्रवृत्ति पनि प्रायः उस्तै देखिन्छ । यसर्थ उनी औपन्यासिक यात्राको सुरु चरणमा देखिन्छन् । उनका उपन्यासहरूलाई यात्रा विभाजन गरेर हेर्ने भन्दा पनि गुणात्मक कोटीबाट विश्लेषण गर्नुपर्ने हुन्छ । उपन्यास विधामा साठीको दशकमा मात्र प्रवेश गरेका हुनाले उनको औपन्यासिक यात्रा विभाजनयुक्त देखिदैन । खनालका दुवै उपन्यास वैचारिक तथ्यमा अगाडि छन् र गुणात्मक दृष्टिमा प्रबल तथा प्रगतिवादी चेत ओतप्रोत भएका छन् भन्दा अत्युक्ति नहोला ।

## ४.५ निष्कर्ष

विश्व सहित्यमा नयाँ विधाका रूपमा आएको उपन्यास विधा एकैचोटी उपन्यासका रूपमा तय भएको देखिदैन । विभिन्न आख्यानहरूले पृष्ठभूमिको काम गरेको देखिन्छ । शक्तिबल्लभ अर्यालको १८२७ को **विराट पर्व** पहिलो आख्यान भएकाले यहाँदेखि **वीरसिक्का** (१९४६) सम्म प्राथमिक काल र **वीरसिक्का** देखि **रूपमति** (१९९१) सम्म माध्यमिक काल रहनु पुग्छ । वि.सं. १९९१ को रुद्रराज पाण्डेको **रूपमति**ले आधुनिकताहात पार्छ । यसपछि उपन्यास विधामा आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, ऐतिहासिक, यथार्थवादी, अतियथार्थवादी, आलोचनात्मक यथार्थवादी, मनोविश्लेषणवादी, विसङ्गतिवादी, प्रयोगवादी, प्रगतिवादी आदि धारा उपधाराहरू देखापर्दछन् । यसरी उपन्यास विधा जनचाहना अनुरूप समयसँगै परिवर्तन भइरहेको देखिन्छ र यस अवधिसम्ममा धेरै प्रगति गर्न सक्षम देखिन्छ । यसप्रकार उपन्यास विधामा नयाँ-नयाँ स्रष्टाहरूको जन्म हुने क्रम पनि बढ्दो छ । यही क्रममा आफूलाई प्रगतिवादी उपन्यासकारको रूपमा परिचित गराउन साहित्यकार उपन्यास प्रकाशन गरे **उज्यालोको खोजीमा** र **समयको रेखाचित्र** । यी दुवै उपन्यासमा सामाजिक यथार्थता, निम्नवर्गको नायकत्व, इतिहासका महत्त्वपूर्ण कालखण्ड आदिको सम्मिश्रण पाइन्छ । यसरी हेर्दा खनाललाई उपन्यासमा बामे सर्दै गरेका आशलाग्दा उपन्यासकारको रूपमा लिन सकिन्छ ।

# परिच्छेद पाँच

# हरिहर खनालको उपन्यासहरूको विश्लेषण

## ५.१ 'उज्यालोको खोजीमा' उपन्यासको विश्लेषण

उपन्यासकार हरिहर खनालको दुई वटा उपन्यास मध्ये वि.सं. २०६५ मा प्रकाशित पहिलो उपन्यास **उज्यालोको खोजीमा** उपन्यास हो । नेपाली आख्यान साहित्यमा छोटा आख्यानको क्षेत्रमा आफूलाई प्रगतिवादी आख्यानकारको रूपमा स्थापित गराइसकेका खनालले नेपाली उपन्यासमा पनि प्रगतिवादी उपन्यास लेखेका छन् । यस अर्थमा खनालको **उज्यालोको खोजीमा** प्रगतिवादी उपन्यास हो । यस उपन्यासले प्रगतिवादी उपन्यास परम्परा तथा सम्पूर्ण उपन्यास विधाको विकासमानै महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यस महत्त्वपूर्ण उपन्यासको विश्लेषण गर्नु आवश्यक देखिन्छ । यहाँ यस उपन्यासलाई कथावस्तुका साथ कथानक, पात्र वा चरित्र, परिवेश, उद्देश्य, विचार, दृष्टिविन्दु र भाषाशैलीलाई मुख्य तत्त्व मानी विश्लेषण गरिएको छ ।

### ५.१.१ कथानक/कथावस्तु

**उज्यालोको खोजीमा** उपन्यास पश्चिम नेपालको कास्की जिल्लाको एउटा काल्पनिक दुरुङचुङ नामक सानो गाउँबाट सुरु भइ पुरानो पैदल बाटो हुँदै चितवनसम्म पुगेको छ । यस उपन्यासको कथानक प्रस्तुतिमा नवीनता देखिन्छ । गोधुली साँझमा बाबु प्रकाशको पुस्तक पढाइ र बालक छोरी सिर्जनाको जिज्ञासासँगै पुस्तकको कथा सुनाउने क्रममा उपन्यासको आरम्भ हुन्छ । विचमा कतै पनि दृश्य रूपमा नआएका यी बाबु छोरी बिचको मौखिक कथाकथनको समाप्तिसँगै उपन्यास पनि टुङ्गिएको छ । आर्यमूलको परिवारमा छोराको रूपमा जन्मिएको माधव परिवारको मूली हो । श्रमजिवी माधवले आफ्नो पसिनाले भ्याएसम्म सानो परिवारको डुङ्गा गुडाएकै हुन्छ । पहाडी भेगको शान्त र रमणीय वातावरणको दृश्य कथानक बनी गुञ्जिएको देखिन्छ । श्रमजिवी माधवका परिवारमा दुई भाइ छोरा रवीन्द्र र कवीन्द्र, एउटी जहान सरला र बुढी आमा गरी जम्मा ५ जनाको परिवार छ । उपन्यासको कथावस्तु अगाडि बढ्दै गर्दा दुरुङचुरुङको प्राकृतिक दृश्यको मोहकता पनि छाँया बनी आएको छ । विदेश गएका युवाहरू वा भर्तीमा भर्ना भएका

युवाहरू पनि चाडवाडसँगै घर फर्किन्छन् । यस्तैमा चन्द्रबहादुर पनि बर्माबाट गाउँ फिर्दछ । चन्द्रबहादुर गाउँमा अपत्यारिला जस्ता लाग्ने र तिलस्मी कथाहरू सुनाउँदछ । ताकि विदेशमा जाँदा त के के न हुन्छ भन्ने भाव युवाहरूमा पर्दछ । यही भावले श्रमजिवी माधवलाई पनि कुत्कुत्याउन थाल्छ र चाँजो मिलाएर उसैसँग जाने प्रस्ताव राख्छ । चन्द्रबहादुरले प्रस्ताव स्वीकारेपछि आमा र श्रीमती सरलालाई बेला बेलामा चिठीपत्र र ओडापैरी पठाउने वाचाका साथ सम्झाई बुझाई बर्माको बाटो लाग्छ ।

यसरी जाँगर र जोशका साथ गरीबीको ऋण तिर्न बाटो लागेका यी दुई युवकहरू दुरुङचुरुङलाई छाडी पोखराको रमणीय दृश्यलाई गौर गर्दै पहाडका खोंच र गल्छीहरू छिचोल्दै मनमा एकप्रकारको छटपटी र वेदनालाई बास गराएर आफ्नो घरको सम्झना गर्दै अघि बढ्दै गए । गाउँको जीवन कष्टकर भए पनि प्यारो गाउँ छोड्दा चित्त फाटेको छ उनीहरूको, तर सुदुर भविष्यको प्यारो सपना अँगाली हिड्दै जाँदा विभिन्न ठाउँ पार गर्दै पाँच दिनपछि बटौली पुग्दछन् । त्यसपछि भैरहवा, सुनौली हुँदै उनीहरू गोरखपुर पुग्दछन् । त्यसपछि बैशाली एक्सप्रेस समात्दै कलकत्ता जान्छन् । पहिलो पल्ट रेल चढेको माधवलाई त्यहाँ अचम्म लाग्यो । बाटामा अरुले सिट मिच्न खोज्दा नेपाली लाहुरेले सहयोग गऱ्यो र परदेशमा भए पनि नेपाली एकतालाई प्रष्ट्यायो । उनीहरू कलकत्ता पुगी घुमे र बेलुकीपख बर्मा जाने जहाजमा चढे । बर्मा गएर चन्द्रबहादुरको सहयोगमा माधवले राशन दुकान सुरु गऱ्यो र परिश्रमी माधवले छोटो समयमा नै आफूलाई त्यस समाजको अभिन्न अङ्ग बनायो । यता घरतिर चिठी पठाउने वा पाउने क्रम जारी थियो । यस्तैमा उसले सदाझैं एउटा चिठी पायो र जोशका साथ चिठी पढ्न थाल्यो । चिठी पढ्दै जाँदा ऊ दुःखित हुँदै गयो । चिठीमा उसकी श्रीमती सरलाले उसको गुँड र बचरालाई त्यागेर अर्केको गुँड सम्हाल्न गएको कुरा काका मुक्तिद्वारा थाहा पायो । माधवमाथि ठूलो वज्रपात पऱ्यो । उत्साह गुम्यो अनि वर्षदिन भरिको मिहिनेतको फल पसल छाडी आफ्नो देश फर्कियो ।

माधव घर पुग्यो । उसको आगमनले आमा र छोराहरू खुशी भए तर उसलाई नरमाइलो लाग्यो । किनकि उसले छोडेका सदस्यहरू सबै घरमा थिएनन् । समय बित्दै गयो । सबै कुराहरू र घटनाहरू समयसँगै हराउँदै गए । जीवन सामान्य गतिमा अघि बढ्न थाल्यो । बुढी आमाले चुलोचौको गर्थिन, धरतीमा उज्यालो खस्नुभन्दा पहिला नै माधवले पानी ल्याउँथ्यो बाखपाठालाई घाँसपानी गर्थ्यो अनि बेंसी झर्थ्यो । गाउँमा इष्टमित्रहरूले

पुनः विवाहको निम्ति माधवलाई घच्घचाउन थालिसकेका थिए । हुन पनि त्यति लामो जिन्दगी एक्लै काट्न गाह्रो नै थियो । माधव विष्णुमायाको घरमा आगो लिन भनी जान्छ । उसलाई देखेर माधव कृतकृत्य हुन्छ । माधवको मनमा एक किसिमको अनौठो अनुभव दौडन्छ । विष्णुमायाको बुढोसँग विवाह भएको, वर्ष दिन नपुग्दै बृद्धको जीर्ण शरीर बितेको र उनी विधवा भएकी र दिदी भिनाजुकामा आएर बसेकी यावत् कुरा सम्झ्यो । विष्णुमायाको शरीर, अनुशासन, लगन, शीलस्वभाव आदि सबैबारे आगो लिएर फर्कदै गर्दा नै माधवले सोच्यो । यस्तै क्रममा मूक्ति पण्डितको प्रयाससँगै माधव र विष्णुमायाको पुनर्विवाह भयो । माधवको घरको हराएको कान्ति पुनः फर्कियो । वर्षदिनपछि विष्णुमायाको कोखबाट छोरी सरिता र करिब पाँच वर्षपछि छोरो अजयको जन्म हुन गयो । यसप्रकार त्यो घरको सदस्य संख्या सात पुग्यो ।

रवीन्द्र पन्ध्र वर्ष पुगिसकेको थियो । असार महिनाको अन्तमा चौबिसै घण्टा पानी पऱ्यो । यही दिन रवीन्द्र गोठ गएको थियो । उसँग रामचन्द्र, गोविन्द, मनबहादुर आदि साथी पनि थिए । पानीको कारण उनीहरू घर फर्कन सकेनन् । त्यो रात बेंसीमा नै बिताए । रातभरिको पानीले प्राकृतिक दुर्घटनाहरू भए । जतातत‍ै पानी भयो भने मादी नदी पुरै खेतभरि उर्लिएको थियो । मनबहादुर र रवीन्द्रलाई पनि चोट लाग्यो । मानिसहरूका गाईगोठ, कटेरा, टौवा, खेतबारी केही थिएन । प्रकृतिले विनासकारी लिला प्रदर्शन गरेको थियो । पहिरोबाट सास जोगाउन सफल युवाहरूलाई गाउँमा लगी उपचार गरिन्थ्यो । यसैक्रममा मनबहादुरको मृत्यु भयो भने केही महिनापछि रवीन्द्रको पनि देहान्त भयो । त्यही वर्ष हिउँदमा विफरले विष्णुमायालाई पनि टिपेर लग्यो । विष्णुमायाको निधनले सरिता र अजय तथा माधवलाई पनि निकै गाह्रो महसुस गरायो । समयको चक्रले दिएको धेरै व्यथा सहन नसकेर वर्षा लाग्दानलाग्दै माधवकी आमा पनि बितिन् । कवीन्द्र पनि लाहुर हिड्यो । यसपछि उनीहरूको घरमा माधव, अजय र सरिता मात्र रहे । जसोतसो तीनवर्ष बिताए । कुलो हुलेर धान रोप्न कुलो खन्न जाँदा ढुङ्गा पल्टाउँदा माधवको ढाड सड्क्यो, यही व्यथाले माधवको पनि देहावसान भयो ।

अब सरिता र अजय आफन्तको आश्रयमा पुगे । माधव वितेको एक वर्षपछि सरिता १३ वर्षकी हुँदा सरिताको विवाह भयो । दिदीको विछोडमा एक्लोपनले सताएको अजय चन्द्रप्रसादकोमा गोठालो बस्यो । अजयलाई पढ्न मन लाग्न थाल्यो । उसले माधव हुँदा नै

पण्डितकामा गएर अक्षर चिनेको थियो । टेकनाथले गोठालोमा अनेक कथाहरू सुनाउथ्यो । जुन तिलस्मी थिए । यता राणाशासनलाई अन्त्य गरी  प्रजातन्त्र आएको ६ वर्ष वितिसकेको थियो । विभिन्न पार्टीहरूको स्थापना भइसकेको थियो । जनताहरू जागरुक भइ संविधान सभाको चुनाव गर्न जनदबाब दिन थालेको अवस्था थियो । कता-कता समाजमा क्रान्तिका विगुलहरू घन्किन थालेका थिए । गाउँमा शोषक सामन्तहरू मुख लुकाउन थालिसकेका थिए । यही सामाजिक पविर्तनको होडमा दुरुङचुङका मानिसहरूले पनि प्राइमरी स्कूल खोले । गाउँका मनोज, पुष्प, गोपी, विनोद, प्रवीण आदि सबै स्कूल जान थाले । अजयले पनि स्कूल जाने विचार गरी  सदाझैं गोठालो नगई खुसुक्क स्कूल गयो र भर्ना भयो । चन्द्रप्रसाद  खुब रिसाए । तर विद्रोह गरी  ऊ गाउँको आफ्नै घरमा बसी स्कूल गएर पढ्न थाल्यो । केही समयपछि अजयमा परिवर्तन आयो । साथीभाइसँग मिल्ने, ऊ अनुशासित थियो यसरी ऊ सबैको प्रिय बन्यो । कामी दमाइ महिलाहरूले उसको धान केलाइ कुटी गरी चामल बनाइदिन्थे । यसरी अजय पढ्दै गयो । ऊ समाजमा रहेका कुसंस्कारको विरोध गर्दथ्यो र जातभातको भेदभाव गर्दैनथ्यो । परम्परादेखि चली आएको नराम्रो चलनको विरोध गर्दथ्यो । यस्तैमा गाउँमा नयाँ स्कूल बनाउने सुरुवात भयो । यस्तैमा भेला गरेका काठहरू काजिमानकामा राख्ने निधो भयो । काठ लिन जाँदा काजिमानले हप्कीदप्की गर्दछ तर तेत्रा गाउँलेका अगाडि उसको हप्कीदप्कीको केही लाग्दैन ।

दुरुङचुङ गाउँमा स्कूल तयार हुन्छ । स्कूल निर्माण पछि, धरै सुविधा पाउनुका साथै अङ्ग्रेजी शिक्षक पनि ल्याइन्छ । नयाँ शिक्षक बुद्धिप्रसादको आगमन र अनुभवले नयाँ रौनक थपिन्छ । सरसफाइ, चर्पीको प्रयोग, स्वास्थ्य सम्बन्धी नारा आदि हुन थाले । अजय र उसका साथीहरू विनोद र किशोर परम्पराबाट माथि उठेर अत्यधिक नजिकिए । यिनीहरू मिहिनेती थिए । अजय प्रथम हुन्थ्यो । प्रथम हुनु सानो कार्य थिएन । अजयको सफलता विस्तारै त्यो गाउँमा मार्गदर्शक बन्न सफल भयो । धनबहादुर र बुद्धिप्रसाद गाउँका गन्यमान्य थिए । धनबहादुरको कपडा पसल थियो । यिनीहरूबिच राम्रो दोस्ती थियो । बुद्धिप्रसाद घर छाडेर डेरामा बस्थ्यो । चाडपर्व, मेलाजात्रा यिनीहरूसँगै मनाउँथे । एकपल्ट बुद्धिप्रसादले धनबहादुरकामा कपडा किन्यो र उनीहरू दुवै पूर्णिमाका घरमा गए । पूर्णिमा शोभा र सुशीलको साथमा आफ्नो विधवा जीवन व्यतित गरी रहेकी थिई । बुद्धिप्रसादले हिँड्न आग्रह गर्दा पनि धनबहादुर उठेन तर उसको नियत खराब रहेछ । बुद्धिप्रसाद उठ्ने बित्तिकै पूर्णिमा माथि हातपात गर्न अघि सरेको धनबहादुर बुद्धिप्रसादले रोकेपछि मात्र शान्त

हुन्छ । यस घटनाले बुद्धिप्रसाद र धनबहादुरको मित्रताको गढित साइनो टुक्रन्छ । बुद्धिप्रसादले पूर्णिमासँग माफी माग्छ र ऊ स्कूलको मिटिङमा पनि जाँदैन । यसकारण बुद्धिप्रसादको ठाउँमा आफ्नै समकक्षी साथीहरूलाई अजय पढाउन सुरु गर्छ भने बुद्धिप्रसाद सहरतिर लाग्छ । केही समयपछि त्यहाँ नयाँ शिक्षक ल्याइन्छ ।

अजय वार्षिक परिक्षामा प्रथम भयो र यससँगै उसको गाउँले स्कूलजीवन पनि समाप्त भयो । अब अजय विलखबन्दमा पऱ्यो । सबै साथीहरू पढ्न जान लागे । उसले पनि हिम्मत साथ चद्रबहादुरसँग पढ्न जाने विचार राख्यो । आफ्नो भाग जग्गा बेचेर जाने कुरा पनि बतायो । चन्द्रप्रसादले समर्थन नदिदा नदिदै पनि ऊ पोखरा पढ्न भनी हिँड्यो । अजय पोखरामा ३ वर्ष बस्यो । यस्तैमा एकदिन अजयको शरदसँग भेट हुन्छ । ८ पास  गरेपछि पढ्न जाने टुंगो नभएको अजयलाई शरदले इलम गर्दै पढ्दै गर्न आफूसँगै मधेश लाने विचार राख्छ । सरसल्लाह गरी  शरदसित मधेशतर्फ लम्किन्छ । हिँड्ने बलामा चन्द्रप्रंसादले अजयलाई तीसवटा चाँदीका डबल दिन्छ । यसलाई यत्नपूर्वक राखी बाटोबाट फर्कदै आफ्नो गाउँ हेर्दै विभिन्न रमणीय स्थलहरू पार गर्दै उनीहरूले सुवेदारलाई भेट्छन् । सामान्य गफगाफसँगै यात्रा अघि बढ्छ, बाटामा पनि अजयले आफ्नै गाउँको दबिइसकेको रूप फर्की फर्की हेर्छ । उनीहरू दुलेपानी, कलेस्ती, बैरेनी, जर्रेबर, सातटार, नौटार, छाब्दी, सुखौराफाँट, बन्दीपुर, हुस्लाङ, सिस्नेखोला, गाइघाट, चितवन, रामनगर, बसेनी हुँदै शरदको साथी हेडमास्टर विश्व प्रकाशकामा पुग्छन् । बास बस्ने क्रममा विश्व र शरदको बिचमा पञ्चायती शासनको क्रुरताको बारेमा धेरैबेर कुराकानी हुन्छ । विहान खाना खाइवरी विश्वसित बिदा भएर फेरि शरद र अजय हिँड्छन् । उनीहरू शक्तिखोर पुग्दछन्, जहाँ शरद हेडमास्टरको काम गर्थ्यो । मधेसको वातावरण अजयलाई नौलो लागिरहेको थियो । उसले अजयलाई पूर्वमा सदनकोमा लगेर छोड्यो । सदनकोमा अजय घरको सदस्यजस्तै थियो । अजय सदनसँगै स्कूल गएर पढाउथ्यो । उसको मैत्रीपूर्ण व्यवहारको विद्यार्थीहरूले प्रशंसा गरे । यो कुरा थाहा पाई पल्लो गाउँबाट उसलाई लिन आए र अजय पढाउन भनि हिँड्यो ।

अजय खुशी थियो । त्यहाँ ऊ ठुलाठालुका साथ स्कूल पुग्यो । अजय स्कूलमा एकवर्ष पढाएर आर्थिक सहायताको लागि कोषाध्यक्षसँग धादिङ पुग्यो । तर उसको रूप र उमेरले गर्दा नेता मिष्टर थापाले पत्याएनन र अनेक प्रश्न गर्न थाले । सबै प्रश्नको उत्तर चित्त

बुझ्दो पाएपछि यो नक्कली हैन भन्दै एकमुष्ट नौसय रुपियाँ दिए । अजयले एकैपटक यति पैसा हातमा पहिलोपल्ट पाएको थियो । ऊ त्यो गाउँबाट बिदा भइ फेरि शहर पस्यो ।

त्यही पैसाले स्कूल पढ्ने र एकवर्षसम्म धान्ने इरादाले ऊ शहर पस्यो र हिम्मतका साथ ऊ भर्ना भयो । अध्ययनलाई अगाडि बढायो । जब ऊ कलेजमा पुग्यो, उसको जीवनमा आमूल परिवर्तन आयो । कलेजमा व्यक्तित्त्व विकास गर्ने उसले ठूलो अवसर पनि पायो । देश पञ्चायती शासनको पञ्जामा थियो । सम्पूर्ण कुराहरू सरकारको मनलागी हुन्थ्यो । यो शासनपद्धति उल्टाउन मानिसहरू प्रयासरत थिए विभिन्न सँगठनहरू खोल्ने क्रम थियो । पुलिसहरू पञ्चकै अधिनमा हुन्थे । देश पूरै जेलजस्तो थियो । स्थिति डरलाग्दो थियो । यो शासनविरुद्धका अगुवा आनन्द पनि थिए । अजय नि अनुयायी जस्तो देखिन्थ्यो । कलेजको पढाइको समाप्तीपछि नेतृत्व पंक्तिका विद्यार्थीहरूले गोप्य बैठक गर्थे । पाँच/सात जना सदस्य भएको सँगठनका ती व्यक्तिले नक्कली नामको प्रयोग गर्थे । सुरुका दिनहरूमा तिनीहरूले कार्ल मार्क्सद्वारा लिखित कम्यूनिष्ट पार्टीको घोषणा पत्र पढ्थे । सिद्धान्तको बारेमा छलफल गर्थे । अजयमा झन् झन् बढी प्रभाव पर्दै गएको थियो । क्रान्ति हुनैपर्छ र हुन्छ भन्ने विश्वास अजय तथा आनन्दमा पनि थियो । तिनीहरू पटक पटक बैठक गर्थे । आफूलाई सर्वहाराकरण गर्थे । समूहमा विचार नमिल्दै गएपछि वामपन्थी पार्टीहरू दिनप्रतिदिन हुँदै गएको फुट र गुटको नमुनास्वरूप दुई समूहमा विभाजित भए ।

अब अजयको कलेज जीवनको समाप्तिसँगै उसले अनितालाई आफ्नो बनाएको थियो । उसँग थोरै जमिन छ र कच्ची घर पनि छ तर जागिर छैन । आवश्यकताहरू बढ्छन् समाधानको उपाय छैन । साथीहरू आउँदा दिने केही छैन, यसरी अजयको मन त्यसै आतिन्थ्यो । उसले फकाइ फुल्याइ गरी  केही समयको निम्ति अनितालाई माइत पठायो । उसले संगठनको सिलसिलामा अर्कै जिल्लामा जानुपर्ने थियो । आन्तरिक रूपमा सँगठन विस्तार र बाह्य रूपमा स्कूलको शिक्षक हुनुपर्ने जिम्मेवारी थियो उसमाथि । नयाँ ठाउँमा धेरै मानिससित परिचय भए पनि शर्माजी महत्त्वपूर्ण लाग्थे । उनी गाउँको वीचको भागमा भएको पोखरीको छेउमा एउटा कच्ची घरमा बस्दथे । उनले हराउँदै गएको  घरेलु उद्योगलाई जोगाएका थिए । अजय फुर्सदमा त्यहाँ जान्थ्यो किनकि शर्माजी हेर्दा कडा देखिए पनि मनका दयालु र नरम थिए । शर्माजी महेन्द्रले बहुदलीय व्यवस्थाको घाँटी अँठ्याएपछि राजाको कदमविरुद्ध विद्रोहको नेतृत्व गर्ने क्रान्तिकारी स्वतन्त्रसेनानी मध्ये एक थिए । यिनले

२०१८ को किसान विद्रोहको नेतृत्व गरे । उनको आत्मसम्मान र वीरगाथाले भरिएको विगतदेखि अजय मन्त्रमुग्ध हुन्थ्यो । केही समय सँगठनले अजयलाई फेरि आफ्नै जिल्लामा खटाउँछ । घर आएर उसले अनितालाई बोलाउँछ ।

पञ्चायती व्यवस्थाको चरम उत्कर्षको बेला भएकाले शंकाकै भरमा मानिसहरू पक्राउ पर्ने तथा नारकीय जीवन जिउन विवश पारिने स्थिति थियो । तैपनि समाजका अगुवाहरू कोही वामपन्थी त कोही प्रजातन्त्रवादी खेमाबाट देशलाई निकास दिन लागिपरेका थिए । देशको अस्थिरताको फाइदा उठाउदै बाह्य शक्तिहरू गिद्दे नजर लगाइरहेका थिए । नेपाललाई तीन तीरबाट घेरेको भारतले विभिन्न भू-भागमा अतिक्रमण गर्ने मात्र होइन दैनिक उपभोग्य सामानमा पनि प्रतिवन्ध लगाएर अघोषित युद्धको घोषणा गरी रहेका बेला शासकबर्गहरू आफ्नो सत्ता टिकाउने उपाय मात्रै गरी रहेको थिए । अर्को तिर परिवर्तनकामि नेपाली जनताहरू कोही नेपाली काँग्रेसको त कोही वामपन्थी पार्टीहरूको झण्डामुनि रहि क्रान्तिको राँको वाल्दै थिए । नेपाली काँग्रेसको हतियारबन्द ओखलढुङ्गा विद्रोहलाई पञ्चायती सरकारले निर्मम दमन गरेपछि उसले राष्ट्रिय मेलमिलापको नीति लियो भने वामपन्थि पार्टीहरूमा ध्रुविकरण हुदै थियो । यही समयमा पाकिस्तानमा जुल्फीकर अलिभुट्टोलाई फाँसी दिएको विरोधमा पाकिस्तानी राजदरतावासमा विरोधपत्र वुझाउन गएका विद्यार्थीमाथी दमन गरेपछि सल्किएको विद्रोहको राँकोले पञ्चायती सरकारलाई जनमत सङ्ग्रह गर्न वाध्य पार्‍यो तर धांधलीको पराकाष्ठ नाघेको उक्त निर्वाचनले पञ्चायती सत्तालाई नै जिताएपछि राजनीतिक दलहरू पुनः आन्दोलनको तयारीमा जुट्न थाले । कथा सुनिरहेकी सिर्जना मस्त सुतिसकेकी हुन्छे । अर्को पटक अर्को कथा सुनाउने वाचाका साथ कथावस्तु टुङ्गिन्छ ।

### ५.१.२ कथानक

**उज्यालोको खोजीमा** उपन्यासको कथानक आदिदेखि अन्त्यसम्म शृङ्खलित नभएर टुक्रिएको देखिएता पनि कथावस्तु जोडिएको नै छ । मूलतः यस उपन्यासको कथानक पहिलो पुस्ताको माधव र दोस्रो पुस्ताको अजयसँग सम्बन्धित छ । आठौं परिच्छेदमा माधवको नायकत्व समाप्त हुन्छ भने नवौदेखि एक्काइसौ परिच्छेदसम्म अजयको नायकत्व प्रवल देखिन्छ । दुरुङचुङ गाउँमा आफ्नो परिवारसित बस्ने माधवको कथानक २००७ सालभन्दा अघिको देखिन्छ भने अजयको त्यो भन्दा पछिको । जीवनमा गरीबीका कारण

उत्पन्न कथावस्तुसँगै माधवको अन्त्य हुन्छ भने अजयले गरीबीसँग जुझ्दै र संघर्ष गर्दै चेतपात्रको रूपमा विकसित हुन्छ । सुरुमा एकपछि अर्को गर्दै दुःखहरू आइपर्छन् भने अजयदेखि विस्तारै कथावस्तुमा सुखका छनकहरू भेटिन थाल्छन् । अन्ततः राजनैतिक परिणामले सुखको अनुभूति नदिलाए पनि अजयको व्यक्तिगत जीवनले सुखको अनुभूति नै दिलाएको भान हुन्छ ।

**उज्यालोको खोजीमा** उपन्यासको विकास आदि, मध्य र अन्त्यको श्रृङ्खलामा विकसित नभई बिचमा टुक्रिएको जस्तो लाग्छ तापनि माधव र अजयको कथालाई झिनोरूपमा उपन्यासकारले जोडेकाले यस्तो अनुभव पनि हुँदैन । यस उपन्यासको कथानक माधवको पारिवारिक परिचयबाट सुरु हुन्छ भने जब माधव वर्मा तर्फ लाग्छ, तब कथानकले गति लिन थाल्दछ । सरला पोइला गएपछि जब माधव फर्किएर आफ्नो घर सम्हाल्न थाल्छ तब कथानकमा सङ्घर्ष विकास श्रृङ्खला सुरु हुन्छ । घरका सबै सदस्यहरूको मृत्यु तथा दिदी सरिताको पनि विवाह भए पछि अजय एक्ले सङ्घर्षमा उत्रिन्छ, विद्रोह गर्छ, अनेक दुःख बेहोर्छ, यो कथानकको सङ्कटावस्थाको श्रृङखला हो भने अजयले अनेक दुःख कष्ट सही परिवर्तनको सपना बोकी पढ्नु कथानकको चरम अवस्था हो । यसपछि अजयले पढाउँदै पढ्दै गरेर भए पनि अध्ययनलाई अगाडि बढाउँदछ । यता २०३६ सालको विद्यार्थी आन्दोलनमा पनि सक्रियता देखाउँछ । यसपछि कथानक क्रमशः अन्त्यतिर मोडिदै आउँछ र सङ्घर्षह्वासको श्रृङ्खला जन्मिदै जान्छ । राजनैतिक परिणामले सुख नदिएपनि अजयको व्यक्तिगत जीवनले सुखको अनुभूति पाउँदछ, किनकी कोही नभएको अजयले विवाह गरी अनितालाई भित्र्याउदछ । यसप्रकार एउटा गरिब टुहुरो अजयको पारिवारिक सुखका साथ उपन्यासको कथावस्तु टुङ्गिन्छ ।

**उज्यालोको खोजीमा** उपन्यासको घटनाक्रमहरू आदिदेखि अन्त्यसम्म तारतम्य मिलेका छन् । उपन्यासमा कथानकका अङ्गहरूलाई क्रमबद्ध सिधा लाँदा बिचमा टुक्रिएजस्तो लागे पनि त्यसो नभई आदि, मध्य र अन्त्यलाई जोड्दछ । यसमा बाबु 'प्रकाश'ले 'छोरी' सिर्जनालाई सुनाइएको कथा भएतापनि कथानक सिलसिलेवार रूपमा अगाडि बढ्दछ, जसको कारण कथानकले वर्तमानबाट भविष्यतिरै यात्रा गर्दछ । यसर्थ **उज्यालोको खोजीमा** उपन्यास रैखिक ढाँचाको कथानकबाट निर्मित देखिन्छ ।

प्रस्तुत उपन्यासको मूल स्रोत ऐतिहासिक सामाजिक यथार्थवाद हो । उपन्यासले लामो समयावधिलाई समेटेको हुँदा एकातिर प्राचीन सामाजिकता छ भने अर्कोतिर नेपाली समाजमा देखापरेका राजनीतिक इतिहासलाई पनि यथार्थरूपमा देखाइएको छ । अपठित, अशिक्षित समाजको श्रमजीवि पात्र माधव एकातर्फ छ भने विस्तारै सचेतताको माला ओडी देशलाई राजनीतिक चलखेलबाट बचाई उचित मार्गदर्शक बन्न इच्छुक अजय अर्कातर्फ छ । यसर्थ उपन्यासमा एकातिर सामाजिक वातावरण पाइन्छ भने अर्कातिर राजनीतिक रंग पनि मिसिएको पाइन्छ । यी दुवै वातावरणले इतिहासको झझल्को दिन्छन् ।

धन कमाउने लालसामा माधव वर्मा जानु पात्रको वाध्यता हो भने घरकी श्रीमती सरला पोइला जानु संकटावस्था हो । माधव फर्केपछि विष्णुमायालाई विधवाको रूपमा चित्रण गरीनु तारतम्य मिलाइएको अवस्था हो । यहाँ अजयको जीवनमा थोरबहुत द्वन्द्व देखिएतापनि माधवको भागमा द्वन्द्वको प्रधान्यता देखिँदैन । माधवलाई संकटावस्थामा पुऱ्याउने प्राकृतिक विपत्ति हो । अजयले परिवारसँग गरेको विद्रोह द्वन्द्व हो । उपन्यासमा कौतुहलताको प्रशस्त प्रयोग पाइन्छ । सरला पोइला गएपछि अब माधवले के गर्ला?, विष्णुमायाले सौताका छोरालाई कस्तो व्यवहार गर्ली?, प्राकृतिक विपत्तिको समयमा रवीन्द्र घरबाहिर हुँदा उसलाई के भयो होला? माधवको समेत मृत्युपछि टुहुरा सरिता र अजयले के गर्लान्? आदि कौतुहलले पाठकलाई झस्काइरहन्छन् ।

मूल रूपमा सामाजिक परिवेश र मूल मूल ऐतिहासिक राजनीतिक घटनाक्रमलाई देखाउन खोजिएपनि एउटै केन्द्रीय पात्र वा साथसाथै कथा वहने परम्परा यसमा देखिदैन । त्यसैले यसमा माधवको समाप्तिपछि अजयको कथाको विकास हुने हुनाले एकपछि अर्को कथानकको प्रयोग गरिएको पाइन्छ ।

### ५.१.३ चरित्र

**उज्यालोको खोजीमा** पात्रहरूको निकै जमघट देख्न पाइन्छ । यसमा घटनाक्रमलाई एकपछि अर्को गरी  द्रुत गतिमा बढाइएको हुनाले पात्रहरू धेरै देखिन्छन् । यसमा माधवले अघि उपन्यासको केन्द्रीय भूमिका निभाएको छ भने अजयले पछिको । यसर्थ यस उपन्यासका नायक दुइ जना छन् माधव र अजय । अघिल्लो पुस्ता र पछिल्लो पुस्ता । यिनीहरूको भूमिका केन्द्रीय भए पनि अन्य पात्रहरूको भूमिका पनि कम महत्त्वको देखिदैन

किनभने प्रत्येक पात्रले कुनै न कुनै कथा बोकेर आएका छन् । अनेकौं सामाजिक वेथिति प्रति आँखा गाडेर हेरेका छन् । यहाँ आदि भागको मूल पात्र माधव एउटा गरीब, मिहिनेती, परिश्रमी, सत्चरित्र भएको पुरुष पात्र हो भने अन्त्य भागको मूल पात्र अजय माधवको छोरा हो । ऊ गरीब, इमान्दार, पढ्नमा रुचि राख्ने लगनशील पुरुष पात्र हो । यी दुइजना नायकका साथमा सरला, रवीन्द्र, कवीन्द्र, आमा, चन्द्रबहादुर, दोस्रो विवाह गरिएकी विष्णुमाया, सरिता, छिमेकीहरू, ज्योतिषी, लाहुरे, शिक्षक मित्रहरू, शरद, बुद्धिप्रसाद, धनबहादुर, आनन्द सर आदि पात्रहरू उपन्यासमा महत्त्वका साथ आएका छन् । यसर्थ यो उपन्यास बहुनायकत्व प्रधान उपन्यास हो । पाठकलाई तीव्र वेगको अनुभूति गराउने यस उपन्यासका केही प्रमुख चरित्रहरूको चित्रण तल प्रस्तुत गरिएको छ ।

**माधव**

**उज्यालोको खोजिमा** उपन्यासको नायक माधव प्रमुख पुरुष पात्र हो । दुरुङचुङ निवासी माधव उपन्यासको आरम्भमा केन्द्रीय पात्रका रूपमा देखिन्छ । उसको घर, परिवार, सन्तान, गाउँलेले कथा निर्माण गर्दछन् । ऊ श्रमजीबी पात्र हो । जीवनको गोरेटोमा गरी बीको ऋण तिर्न वर्मासम्म पुगेको माधव पारिवारिक उथलपुथलका कारण पुनः गाउँ फर्कन्छ । सरलाले गरेको बज्रपातमा केही दिन अल्मलिए पनि गाउँकै विधवा विष्णुमायासँगै पुर्नविवाह गरी जीवनरथ गुडाउँदछ । माधवको जीवनमा एकपछि अर्को गर्दै विभिन्न समस्याहरू (बज्रपात) आइपर्छन् । प्राकृतिक प्रकोपले जेठो छोरो रवीन्द्रको ज्यान लिन्छ भने अर्को छोरो कवीन्द्र पनि विदेश हिँड्छ । त्यही वर्षको हिउँदमा विष्णुमाया पनि विफरका कारण मर्छे भने केही समयपछि अत्यधिक पीँडा माझमा उसकी आमा पनि मर्छिन । बालक छोरो अजय, छोरी सरिता र माधव मात्र परिवारमा बाँकी हुन्छन् । करिब तीन वर्षपछि ढुङ्गाले किचेर माधवको पनि इहलिता समाप्त हुन्छ ।

माधव सुरुमा दुःख जेलो गरी  आफ्नो परिवार प्रति उत्तरदायी बनी जीवनरथ गुडाउँछ भने विचमा उसले गरेका संघर्षहरू पनि यही उद्देश्यका साथ अगाडी बढ्दछन् । उसको चरित्रमा सुरुदेखि अन्त्यसम्ममा कुनै पनि भिन्नता आएको देखिदैन । यसर्थ माधव उपन्यासको गतिहीन पात्र हो भने अर्कोतिर माधवले वास्तविकतालाई अँगालेको छ । उपन्यास पढ्दा पाठकलाई आफ्नै भोगाइको अनुभूति हुन्छ, यसर्थ ऊ यथार्थ पात्र हो । माधवले जीवनलाई रमाइलो ढङ्गले नै लिएको भान हुन्छ, आफ्ना मनका कुरा भन्न

हिचकिचाउँदैन, यसर्थ माधव बहिर्मुखी पात्र हुनुका साथै दुरुङचुङ गाउँको पर्यावरणमा घुलमिल भई बसेको आञ्चलिक पात्र हो । माधवले उपन्यासमा सकारात्मक भूमिका निर्वाह गरी  पाठकको सहानुभूति ग्रहण गरेको हुनाले ऊ अनुकूल पात्र हो । माधव दुःखजेलो गरी परिश्रम गरी  गुजारा चलाउने वर्गको प्रतिनिधि पात्र पनि हो । यसका साथै माधव यस उपन्यासको कार्यव्यापार तथा संवाद प्रस्तुत गर्ने पात्र भएकाले मञ्चीय पात्र हो भने उपन्यासको अघि भागको कथानक उसकै केन्द्रीयताको सेरोफेरोमा बहेकोले बद्ध पात्र हो ।

माधवले उपन्यासमा एउटी विधवा नारीलाई विवाह गरेको कारण उसलाई प्रगतिशील चरित्र भन्न सकिन्छ । समग्रमा माधव आधा उपन्यासको केन्द्रीय पुरुष पात्र, गतिहीन, यथार्थ, बहिर्मुखी, आञ्चलीक, अनुकूल, वर्गीय, मञ्चीय तथा बद्ध पात्र हो ।

**अजय**

'उज्यालोको खोजीमा' उपन्यास बहुनायकत्व प्रधान उपन्यास हो । अघिल्लो पुस्ता र पछिल्लो पुस्ताको कथावस्तु जोडिएको हुनाले पछिल्लो पुस्ताको केन्द्रीय प्रमुख पुरुष पात्र अजय हो ।बाबु माधवको मृत्युपछि टुहुरो भएको अजय दिदिको विवाहपछि चन्द्रप्रसादकोमा गोठालो बस्न पुग्दछ । पहिला नै अक्षर चिनेको अजय पढ्न चाहन्थ्यो । यता देशले पनि प्रजातन्त्र पाइसकेको थियो । यही सामाजिक परिवर्तनको बेलामा दुरुङचुङमा पनि स्कूल खुल्यो । सबै साथीहरू पढ्न गएपछि ऊ पनि चन्द्रप्रसादसँग विद्रोह गरी  पढ्न थाल्यो । अजय अनुशासित, मिलनसार हुनुका साथै सबैको प्रिय पनि बन्दै गयो । उसको पढाइले पनि तीव्रता लियो । ऊ प्रथम हुँदै पास हुँदै गयो । उसको सफलता गाउँको निम्ति नै मार्गदर्शक सावित हुन पुग्यो । अजयले आफ्नै समकक्षीलाई समेत केही समय पढाउने अवसर पायो ।

अजयले स्कूलको पढाइसकेपछि पनि अनेक संघर्षकासाथ पढाइलाई निरन्तरता दियो । ३ वर्ष उसले पोखरामा पढ्यो । त्यसपछि पढ्दै इलम गर्दै गर्न शरदसँग मधेश गयो । अजयले उसको खुबिको प्रशंसाका साथ शिक्षक भएर रु. ९०० हातमा पायो । त्यसपछि ऊ फेरि शहर आइ पढ्न थाल्यो । कलेजमा पुगेपछि उसले विभिन्न सँगठनमा आवद्ध हुँदै आफ्नै व्यक्तित्त्व विकास गर्ने अवसर पायो । ऊ पञ्चायती शासनको विरुद्धमा जान थाल्यो । क्रान्ति हुनैपर्छ र हुन्छ पनि भन्ने उसको धारणा थियो । अजयले कलेज जीवनको समाप्तिसँगै थोरै जग्गा र कच्चा घरको साथमा अनितालाई भित्र्यायो । तर उसलाई

गरीबीले चौतर्फी घेरेको थियो । उसले गरी बीका माभ्फबाट आफूलाई उठाएर देशको पञ्चायती शासनका विरुद्ध अग्रसर बनायो ।

टुहुरो अजयले सुरुदेखि अन्तसम्म संघर्षमै जीवन अर्पण गर्दछ । कहिले गरीबीको संघर्ष त कहिले देशभक्तिको । यसर्थ अजय उपन्यासको प्रगतिउन्मुख चरित्र हो । अजयको बालापनको यथार्थताले वास्तविकताको बोध गराएको छ, यसर्थ ऊ यथार्थ पात्र पनि हो । अजयको जीवन संघर्षै संघर्षमा बितेको देखिन्छ । अजय दुरुङचुङको साथै पोखरा, मधेश आदि ठाउँसम्म पुग्दछ, यसर्थ ऊ बाह्य पात्र हो । अजय सचेत युवावर्गको प्रतिनिधि पात्र हो । यसका साथै अजय यस उपन्यासको मञ्चीय तथा बद्ध पात्र हो ।

**अन्य पात्रहरू**

'उज्यालोको खोजीमा' बहुलपात्र भएको उपन्यास हो । जम्मा २१ परिच्छेदमा विभक्त यस उपन्यासमा आदि नेतृत्व माधवको देखिन्छ भने आदि अजयको । यसर्थ माधव र अजय केन्द्रीय पात्र हुन् भने उनीहरूको सेरोफेरोमा अन्य धेरै सहायक पात्रहरूको प्रयोग गरिएको छ । प्रकाशको मुखबाट छोरी सिर्जनालाई सुनाइएको उपन्यास हो यो । बिचमा कही कतै प्रकाश र सिर्जनाको भूमिका देखिदैन । दुरुङचुङ गाउँको मनोरम फाँटको दृश्यबाट सुरु भएको उपन्यासमा धेरै पात्रहरूको पनि प्रयोग गरिएको छ । मानवीय पात्रको साथमा मानवेतर पात्रहरूको पनि प्रयोग भएको आभाष हामी प्राकृतिक दृश्यहरूको सुनियोजित वर्णनबाट अनुभव गर्न सक्दछौं ।

उपन्यासको आरम्भदेखि आठ दृश्यसम्म माधवको केन्द्रीय भूमिका देखिन्छ । सरला, आमा, रवीन्द्र, कवीन्द्र, चन्द्रबहादुर आदि उपन्यासका सुरुमा माधवलाई सघाउने पात्रहरू हुन् भने विष्णुमाया, अजय, सरिता पनि आइरहने पात्रभित्र पर्दछन् । मुक्ति पण्डित, रामचन्द्र, गोविन्द, मनबहादुर, विष्णुमायाका दिदी भिनाजू आदि सहायक तथा गौण पात्रहरू हुन् ।

उपन्यासको नवौं दृश्यदेखि अजयको केन्द्रीय भूमिका सुरु हुन्छ । दिदी सरिता, चन्द्रप्रसाद, टेकनाथ, मनोज, पुष्प, हरि, गोपी आदि अजयका बाल सखाहरू, कामीदमाइ, महिलाहरू, काजिमान, बुद्धिप्रसाद तथा धनबहादुर, पूर्णिमा, शरद, सुबेदार, विश्व, सदन, मिष्टर थापा, आनन्द, अनिता आदि पात्रहरूको प्रयोग उपन्यासमा पाइन्छ । सबै पात्रहरूको भूमिकाले कथावस्तुलाई गति दिन सघाउ पुऱ्याएका छन् ।

संक्षेपमा भन्दा 'उज्यालोको खोजीमा' उपन्यास बहुनायकत्व प्रधान तथा बहुल पात्रहरूको प्रयोग गरिएको सामाजिक यथार्थवादी उपन्यास हो । घटनाहरू एकपछि अर्को गर्दै तीव्र गतिमा अगाडि बढ्ने हुँदा बढी पात्रहरूको प्रवेश यहाँ देख्न पाइन्छ । यस उपन्यासमा पुरुष पात्रहरूको वाहुल्यता छ । समग्रमा यो माधव र अजयको कथा हो -बाबु र छोराको, अघिल्लो र पछिल्लो पुस्ताको । धेरै अघि अन्धकार युगमा आरम्भ भएर पञ्चायतकालको बर्बरतासँगै टुङ्गिएको (भट्टराई, २०६४ : भूमिका) ।

### ५.१.४ परिवेश/पर्यावरण

परिवेशले उपन्यासले समेटेको स्थान, समय र परिस्थितिलाई बोध गराउँदछ । **उज्यालोको खोजिमा** उपन्यासको परिवेश मूलतः२००७ सालको परिवर्तन भन्दा पनि केही समय अगाडिदेखि २०३६ सालको जनमत सङ्ग्रहको सेरोफेरोको हो भन्ने प्रष्टै देखिन्छ । यस उपन्यासले जिल्लाको दुरुङचुङ देखि, भारत र बर्मा तथा नेपालकै बन्दीपुर, गाइघाट, चितवन आदिको परिवेशलाई समेटेको छ । उपन्यासमा स्थानका रूपमा बढी भन्दा बढी दुरुङचुङ गाउँको प्रयोग छ । यसपछि मधेशको बाटो, स्कूल, अजयको कलेज, गाउँको बेंसी तथा बर्माको पसल आदि स्थानलाई अगाडि ल्याइएको छ ।

उपन्यासले राणाकालीन परिवेशदेखि लिएर प्रजातन्त्र प्राप्ति, पञ्चायती व्यवस्था तथा २०३६।०३७ को जनमतसङ्ग्रहको समेत ज्वलन्त चित्रण गरेको छ । २००७ सालभन्दा अगाडिको सामाजिक परिवेश तथा पारिवारीक उतारचढावका घटनालाई जीवन्त रूप दिइएको छ । त्यतिखेरको समाज अविकसित तथा कृषिमा निर्भर रहेको तस्वीर पनि यहाँ पाइन्छ । जति नै आन्दोलन गरेपनि जति नै परिवर्तनगामी भए पनि यदाकदा स्वार्थलोलुप तत्त्व लुकेकै हुन्छन् भन्ने यथार्थताको उद्बोधन पञ्चायती व्यवस्था तथा २०३६ सालमा भोट जति बहुदलमा खसेपनि विजय बहुदलको नभएको यथार्थबाट प्रस्टिन्छ । परिवर्तन चाहने बित्तिकै नहुने केही समय लाग्ने परिवेश पनि यस उपन्यासमा देखिन्छ ।

खासगरि यस उपन्यासले भीमसेन थापाका पालादेखि २०३६ सालसम्मको परिवेशलाई समेटेको छ । उपन्यासमा अतीतको एकसय वर्ष पुरानो समय, संस्कृति, चालचलन, रीतिरिवाज तथा ऐतिहासिक परिवेशको यथार्थिक तस्विर उतारिएको छ । अनादिकालदेखि चलीआएकोचक्रहरू तथा दैनिकीहरूको चित्र यहाँ पाइन्छ । ग्राम्यजीवन र

वातावरणलाई यहाँ रोचक ढङ्गले व्याख्या गरिएको छ । पात्रहरू सुरुवातमा असचेत देखिन्छन् । २०३६ तिर आइपुग्दा मात्र अजयमा सचेतना देखिन्छ । गाउँमा विद्यालयको स्थापना, जातभातको विभेदमा कमि, विधवा विवाह आदि देखाएर उपन्यासकारले एकातिर प्रगतिउन्मुख परिवेशको चित्रण गरेका छन् भने अर्कातिर निरंकुशता, बालविवाह, भाग्यवाद आदि देखाएर प्राचीन संस्कृतिकै परिवेशको झझल्को देखाएका छन् ।

सोझो अर्थमा भन्दा **उज्यालोको खोजीमा** उपन्यास भीमसेन थापाको पालादेखि २००७, २०१७, २०३६ सालसम्मको कालिक परिवेश ओगटिएको, बढी आञ्चलिकता (कास्कीको दुरुङचुङ) देखिएपनि पात्रलाई चितवन, बर्मासम्म पुऱ्याएर स्थानिक परिवेशमा घुमाइएको तथा अपठित र अविकसित समाजदेखि अजयसम्म आइपुग्दा सचेतना भरिएको वातावरण तथा प्रजातन्त्र प्राप्त हुनुअघि र पछि जनताले भोगेका समस्या, असुरक्षा, सन्त्रास, रोग, भोक र शोकलाई उपन्यासले परिवेशभित्र समेटेको छ ।

### ५.१.५ विचार तत्त्व

कुनै पनि साहित्यिक सिर्जनामा लेखकको वैचारिकता आएको हुन्छ । उपन्यास लेख्दा उपन्यासकारले आफ्नो विचारलाई उद्देश्यमार्फत पाठक समक्ष पुऱ्याउने अपेक्षा राखेको हुन्छ । उद्देश्यको संवाहकका रूपमा पात्र वा चरित्र आएका हुन्छन् । यस **उज्यालोको खोजीमा** उपन्यासमा पनि उपन्यासकार हरिहर खनालले ऐतिहासिक परिवेशलाई माध्यम बनाइ कालक्रमिक जीवनदर्शनलाई प्रष्ट पार्न उपन्यास लेखेका हुन् भने अतियुक्ति हुँदैन । यस उपन्यासमा निम्नवर्गीय नेपालीहरूको दुःखद र कारुणिक जीवनलाई यथार्थवादी ढङ्गले चित्रण गरिएको छ । नेपाली समाजमा विद्यमान वर्गीय द्वन्द्व, कुप्रथा, परम्परावादी मूल्यमान्यतालाई विस्तारै-विस्तारै तोड्दै नगए नेपाली समाजको रूपान्तरण हुन नसक्ने र निरङ्कुशताको विरुद्धमा सचेत वर्गले उठ्नुपर्ने, जातीय विभेद, असमानता आदिको अन्त्य गरिनुपर्ने जस्ता वैचारिक अभिव्यक्ति यस उपन्यासमा आएका छन् । आञ्चलिकतालाई अँगाली उपन्यासकारले आफू जन्मेको ठाउँलाई प्रकृतिको सुन्दर उपहारको रूपमा चित्रण पनि गरेका छन् । मातृभूमि प्रेम तथा प्राकृतिक सुन्दरताको उजागर गर्ने अपेक्षा उपन्यासकारको देखिन्छ ।

मानिसको भित्री इच्छालाई साकार पार्ने तत्त्व मानिस नै हो । कटिबद्धताको साथ लागिपरे जीवनमा सफलता पाउन सकिने आशावादी विचार संप्रेषण गर्नु पनि उपन्यासकारको वैचारिकता हो । यो विचार खनालले अजयको जीवनकथाबाट देखाएका छन् । पुरुष विदेशिने, प्रकृतिले निम्त्याएको विनाशकारी लिला, विधवा नारी पनि विवाह गर्न हुने प्रगतिवादी सोच, निरंकुशताको विरुद्ध उठ्नुपर्ने धारणा, शिक्षा नै आजको मुख्य आवश्यकता भएको यथार्थता आदि विचारहरू **उज्यालोको खोजीमा** उपन्यासमा वैचारिकता बनी आएका छन् । समाज वित्दै जाँदा समाजले पनि समयसँगै परिवर्तन चाहन्छ भन्ने भावलाई वि.सं. २००७ वि.सं. २०१७ तथा २०३६ सालको आन्दोलनको प्रसङ्गबाट उजागर गरिएको छ । समग्रमा यस उपन्यासमा माधव र अजयले वर्गसंघर्ष वा जीवन गुजार्न भोग्नुपरेका मानसिक द्वन्द्वको उद्घाटन एकातिर छ भने माधवले विधवा नारी विष्णुमायासँग विवाह गरेको देखाएर उपन्यासकारले नारीप्रति सम्मान प्रकट गर्दै क्रान्तिकारी दृष्टिकोण प्रस्तुत गरेका छन् । यसरी यस उपन्यासमा शोषित वर्गप्रति सहानुभूति जीवनलाई भौतिकवादी दृष्टिले हेर्ने वैचारिक पक्ष, संघर्ष गरेर समाज परिर्वतन गर्न सकिन्छ भन्ने प्रगतिवादी विचार बोकेका स्रष्टा स्वयं वि.सं. २०३६ को राजनीतिक आन्दोलनमा सहभागी भएका कारण यस कृतिमा उनले आत्मसाथ गरेको विचारधाराको प्रत्यक्ष प्रभाव देखिन्छ ।

### ५.१.६ उद्देश्य

**उज्यालोको खोजिमा** उपन्यासको उद्देश्य अतीतको लामो समयलाई विभिन्न दृष्टिकोणबाट पर्गेल्नु रहेको छ । यसले अतीतको एकसय वर्ष पुरानो समय, यसको संस्कृति, समाज, राजनीति र ऐतिहासिक परिवेशका यथार्थिक चित्र प्रस्तुत गर्दछ (उही) । प्राकृतिक दृश्यले भरिएको कास्की जिल्लाको दुरुङचुङ वस्तीलाई उपन्यासमा उतारेर यसको यथार्थ सामाजिक स्थिति उत्खनन गरी  छर्लङ्ग पार्नु **उज्यालोको खोजीमा** उपन्यासको सारवस्तु हो । समाजमा गरीबीले निम्त्याउने अवस्थाको चित्रणका साथै तत्कालीन सामाजिक परिवेश र यही परिवेशमा निरीह मानवको कथाको उद्बोधन पनि यहाँ छ । ग्रामीण परिवेशमा हुने आर्थिक विपन्नता, शोषण तथा यही मारमा पिल्सिएर विदेश पलायन हुने युवाहरूको कथाको यहाँ जीवन्त प्रस्तुति पाइन्छ । पुरुष विदेशिने, नारी अन्य पुरुषसित लाग्ने, छोराछोरी एक्लिने, पारिवारिक प्रथा ध्वस्त हुने, पुनर्विवाह गर्ने, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपले जीवन ध्वस्त पार्ने जस्ता कथाहरू उपन्यासमा प्राथमिकताका साथ देखापरेका छन् । प्रायशः

इतिहास बनिसकेको अतीतलाई, अन्धकार समयको जीवन भोगाइलाई यहाँ व्याप्त बनाइएको छ । कथा बनिसकेको कालखण्डलाई उजागर गरिएको छ ।

उपन्यासमा घटनाक्रमहरू द्रुत गतिमा अगाडि बढ्दछन् । यसर्थ यो घटनाप्रधान उपन्यास हो । बाढीमा परेर एक पात्रको आवसान हुन्छ, विफरले अर्काको, ढुङ्गाले किचेर अर्काको, वृद्धावस्थाले अर्काको । अपत्यारिलो जस्तो लाग्छ । एकैपरिवारका चारजनाको एकैपटक अन्त्य हुँदा उपन्यासले पीडादायक मोड लिन्छ । यो मोडपछि टुहुरो बनेको अजय गोठालो बस्छ, दुःखका माझमा पढ्छ । चितवन पुग्छ, कलेज पूरा गर्छ र विहे गर्छ । कलेज जीवनसँगै अजय राजनीतिमा लागि व्यक्तित्त्व विकासमा सक्रिय देखिन्छ । उपन्यासको सुरुवातमा दुःखान्तकले वाहुल्यता पाएपनि अन्त्यमा सुखान्तकको आभाष पाइन्छ ।

एउटा अपठित, अशिक्षित तथा अन्धकार युगमा एक्लो भएको अजयले आफूलाई एउटा निश्चित विन्दुमा पुऱ्याउन गरेका संघर्षको कथा हो **उज्यालोको खोजीमा** उपन्यास । यस उपन्यासले जहाँ इच्छा, त्यहाँ उपाय भन्ने उक्तिलाई सार्थक पारेको छ । भित्रीदेखिको चाहना र इच्छालाई मारेर बस्ने हैन, त्यसलाई पूरा गर्न दृढ निश्चयका साथ अघि बढ्नुपर्छ भन्ने अग्रगामी धारणा पाठकहरूलाई पस्किएको छ, अजयले । एकातिर सानो समाजको दायरालाई व्याख्या गरिएको छ भने अर्कातिर देश विदेशको राजनीतिक अवस्थाको चित्रण छ त्यहाँ । समाजसँगै समय वित्दै जाँदा विभिन्न आवश्यकताहरूका बाबजुद समाजले परिवर्तनको अपेक्षा राख्दछ, भन्ने भावलाई २००७, २०१७, २०३६ आदिमा फस्टाएका आन्दोलनले साकार पारेको छ । उपन्यासकारले २०३६ सालसम्मको यात्रामा उपन्यास टुङ्ग्याइदिएकाले कथाको पातलो कलवेरमा राजनीतिक कालखण्ड देखिन्छ र पछि आउने २०४६ सालको र २०६२ सालको आन्दोलनहरू गर्भमा थिए भन्ने पूर्वकल्पना आज साकार भएका छन् (उही) । प्रस्तुत उपन्यास प्रकाशनको उद्देश्यका बारेमा यस उपन्यासको अग्रभागमा उपन्यासकार स्वयं भन्दछन् :

“मेरो बैसट्ठी वर्षे लामो जीवनमा मैलो मेरो जन्मथलोमा बसेको जम्मा सत्र वर्ष हो तथापि त्यो ठाउँको सम्झनाले मलाई सताइनै रह्यो । तसर्थ, मैले यो कृतिलाई मेरो पुरानो गाउँको स्मृतिमा श्रद्धापूर्वक अर्पण गरेको एक थुँगा फूलका रूपमा समर्पण गर्ने हेतुले यसको प्रकाशनको निर्णय गरें ।” (खनाल, २०६५, भूमिका ) ।

यसरी हेर्दा यो उपन्यास आञ्चलिक उपन्यास हो र त्यहाँको हरेक कोणबाट वास्तविकता प्रस्फुटन गर्न खोज्नु यस उपन्यासको उद्देश्य हो । कथानकलाई अगाडि बढाउन उपन्यासमा राजनीतिक रंग पोतिएको पाइन्छ र लामो समयको ऐतिहासिक समाज र संस्कृतिको झल्को पाइन्छ ।

### ५.१.७ दृष्टिविन्दु

**उज्यालोको खोजीमा** मा भएका सम्पूर्ण घटना, क्रिया र द्वन्द्वलाई बाहिरै बसेर उपन्यासकार स्वयम्ले वर्णन गरेका छन् । कुनै पात्रमा केन्द्रित नभई सबै घटना, प्रकृति चित्रण, क्रियाकलाप, संवाद तथा पात्रका मानसिक उथलपुथल समेत उपन्यासभन्दा बाहिरै बसी कथयिताले वर्णन गरेको हुनाले यसमा तृतीय पुरुष अन्तर्गतको बाह्य सर्वदर्शी दृष्टिविन्दु रहेको छ । यसरी वर्णन गर्दा सकेसम्म बढी चरित्रहरूको संवादलाई उपस्थित गर्ने कोसिस गरिएको छ । पात्र र घटनाको टिप्पणी गर्दा पाठकमा प्रभाव पार्ने शैली अपनाइएको छ । जसमा कथयिताको कुनै हस्तक्षेप छैन । उपन्यासको सुरुमा कथयिताले माधवको बारेमा यसरी वर्णन गर्छन् ।

"एक समयको कुरा हो त्यहाँका अरु मानिससरह आफ्नो श्रमको फूल फूलाएर जीवनको गोरेटोमा अगाडि बढ्दै गरेको माधवको सानु पारिवारीक डुङ्गा सामान्य किसिमले चलीरहेको थियो । त्यही समयमा उसको जीवनमा अनायास एक प्रकारको हलचल आयो ।" (पृ. २) । यसप्रकार सबै पात्रका परिस्थिति थाहा पाई प्रस्तुत गर्ने र घटनालाई आफै विश्लेषण गर्ने भएकाले यसमा बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको मानिन्छ । उपन्यासको आरम्भदेखि अन्त्यसम्म पनि बाह्य दृष्टिविन्दुकै प्रयोग गरिएको पाइन्छ । पात्रहरूले संवाद गरे पनि उनीहरूको संवादमा लेखकले कुनै हस्तक्षेप नगरि स्वतन्त्र छाडिदिएका छन् । यसले गर्दा पात्रहरूको स्वतन्त्र विकासमा प्रशस्त टेवा मिल्न पुगेको छ । समग्रमा भन्दा यस उपन्यासका सम्पूर्ण घटना कथयिता स्वयंले वर्णन गरेका छन् । तर पात्रलाई भने आफ्नो नियन्त्रणमा नराखी स्वतन्त्रता दिएका छन् । यस उपन्यासमा दृष्टिकेन्द्री पात्रको रूपमा माधव र अजय आएका छन् ।

### ५.१.८ भाषाशैली

**उज्यालोको खोजीमा** उपन्यासमा उपन्यासकारले सरल सहज किसिमको भाषाशैलीको प्रयोग गरेको पाइन्छ । कथ्य विषयलाई पाठक समक्ष प्रभावकारी ढंगले सम्प्रेषण गर्न उपन्यासकार सफल देखिन्छन् । उपन्यासको लेखन स्पष्ट छ । सरल तथा उपयुक्त अनि मीठा शब्दचयनले उपन्यास पढुँ पढुँ लाग्दछ । यसमा व्याकरण तथा शब्दभण्डारका दृष्टिले पनि प्रायः परिष्कृत भाषाको प्रयोग पाइन्छ । शब्दहरू सही पाराले तारतम्य मिलाइएको छ । कतिपय शब्दहरू व्यक्ति बोली वा व्यक्ति भाषाका पनि देखिन्छन् । जस्तै : जिम्मुवाल, पुरानी, छत्री, स्याखु, र्‍वाटेपिङ आदि । पात्र अनुकूलका भाषा प्रयोगले उपन्यास जीवन्त बनेको छ । यो उपन्यास राजनीतिक विषयवस्तुसँग सम्बन्धित भएकाले यसमा राजनीतिसँग सम्बन्धित शब्दहरू पनि पाइन्छन् । आनन्द तथा अजयको भाषामा यस्तो प्रभाव पाइन्छ । जस्तै 'हेर्नोस् कमरेडहरू, सबभन्दा पहिले हामीले आफूलाई सर्वहाराकरण गरौं ।' यहाँ हिन्दी भाषाको पनि प्रयोग पाइन्छ । जस्तै : 'क्या बात् हे भाइ?' कवितात्मक भाषाको वा गीतिलयको पनि प्रयोग पाइनछ । जस्तैः 'माया गयो मलाया छाउनी, यो जीवन के गरी बिताउनी ।' यस प्रकारका पात्रअनुसारको भाषा प्रयोगले उपन्यासमा रोचकता आएको छ । यहाँ प्रयोग भएका शब्दहरूले भाषाको विविधतालाई जीवन्त राख्न सक्षम छन् । उपन्यासको भाषामा क्लिष्टताको आभाष नपाइने हुनाले सरल सहज तथा उपयुक्त भाषाशैलीको प्रयोग छ ।

## ५.२ 'समयको रेखाचित्र' उपन्यासको विश्लेषण

उपन्यासकार खनालका दुई वटा उपन्यास मध्ये आफ्नो जन्मदिनको सुअवसर पारेर प्रकाशित उपन्यास **समयको रेखाचित्र** हो । नेपाली आख्यान साहित्यमा प्रगतिवादी कथाकारका रूपमा चिनिने खनालको यो उपन्यास पूर्णतः प्रगतिवादी मान्यतामा आधारित छ । यस उपन्यासले प्रगतिवादी परम्परामा आफ्नो नाम लेखाइसकेको छ । यसर्थ यहाँ यस उपन्यासको कथावस्तु वा कथासारको साथ विभिन्न मूलभूत पाटालाई उपन्यासका तत्त्वहरूमा ढाली विश्लेषण गरिएको छ ।

### ५.२.१ कथानक/कथावस्तु

'समयको रेखाचित्र' उपन्यासमा संरचनागत दृष्टिले अठारवटा परिच्छेद रहेका छन् । प्रत्येक परिच्छेदको शीर्षक राखिएको छ । समग्रमा यस उपन्यासको कथावस्तुलाई यसरी हेर्न सकिन्छ :

पहिलो परिच्छेदमा एउटा प्राकृतिक दृश्यले भरिपूर्ण पहाडी गाउँमा अन्नपूर्ण हिमाल तथा मनै लोभ्याउने फलफूलहरू देखिन्छन् । एउटा सानु गाउँमा घरको आँगनमा एकयुवक देखापर्छ, जसको नाम आकाश हुन्छ । शकुन्तलाले चिया बनाउँछिन् र दुवैजना बुढाबुढी हँसिलो मुद्रामा चिया पिउँछन् । बाहिर हँसिलो भए पनि आकाशको मन विगतमा पुगिहाल्छ र विगतका दिनहरूले उसलाई निकै सताउँछ । आफ्नी आमालाई सम्झन्छ अनि मनलाई कुनै न कुनै कार्यमा तल्लीन बनाइराख्न चाहन्छ । यस परिच्छेदको शीर्षक आँखी झ्याल राखिएको छ ।

दोस्रो परिच्छेदको शीर्षक आमा राखिएको छ । यस परिच्छेदमा आकाशले आफ्नी आमालाई सम्झिन्छ । उनीहरू बुबा शमशेर, आमा, बसन्ती र ऊ (आकाश) तराईको सानुदेहाती गाउँमा बस्थे । आकाशकी आमा धनमाया सानै उमेरकी भएकी र काम गर्नुपरेकोले एकाएक विरामी परी र संसारबाट विदा लिई । आमा धनमायालाई हिन्दु संस्कार अनुसार 'राम नाम सत्य हो' भन्ने आवाजका साथ दाहसंस्कार गरीयो । आकाश र वसन्ती रुदै बसिरहे ।

तेस्रो परिच्छेदमा आकाश पीडित बन्यो । आमाको प्रतिबिम्ब खोज्थ्यो, अन्त्यमा निराश हुन्थ्यो । उसको आमाविनाको जीवन धागो चुडिएको चङ्गा जस्तो बन्यो । आमाको काखमा आनन्दले निदाएको सम्झ्यो, वायुपंखी घोडामा चढेर कता कता बहेको सम्झ्यो । निद्राबाट व्यूझदा आमाको लास देख्यो, अचम्म मानी कुरा बुझ्न नपाउँदै उसलाई कसैले तानेर माथितिर लग्यो । धनमायाको मृत्युले शमशेर, वसन्ती, आकाश तीनैजनाको जीवनमा नराम्रो प्रभाव पाऱ्यो । उनीहरू साहाराविहीन भए । शमशेरलाई सुरुमा गाह्रो भए पनि दुई लालाबालालाई नासो सम्झी आफैलाई सम्हाल्न थाल्यो । काममा जान थाल्यो । यो परिच्छेदको शीर्षक धागो चुडिएको चङ्गा हो ।

चौथो परिच्छेदको शीर्षक 'कमलको कोपिला र हिंस्रक आँखा' राखिएको छ । यस परिच्छेदमा आकाश र वसन्ती केटाकेटी नै भएकाले आमाको सम्झनाले कति दिनसम्म भात पनि राम्ररी खाएनन् । समयसँगै शमशेर कुलतमा फँस्न पुग्छ । कहिले सामलतुमल ल्याउँछ भने कहिले कतिदिनसम्म ल्याउदैन । वसन्ती र आकाश पेट भर्न माग्ने, पैंचो लिने काम गर्नु विवश हुन्थे भने कतिदिन भोकै पनि बस्थे । एकदिन केही नचलेर पसलेसँग बाले पैसा दिने सर्तमा वसन्तीले चामल माग्दछे तर पसलेले हप्कीदप्की गर्दछ । मसिनु आवाजले माग्दै गर्दा पापी आँखाले वसन्तीको शरीरलाई हेर्छ र चामल दिन्छ ।

पाचौं परिच्छेदको नाम 'नयाँ गोरेटो' राखिएको छ । यसमा शमशेरको घाउ दिनप्रतिदिन पुरिदै जान्छ र श्रम तथा सीपमा आफ्नो पूर्ण अंश समर्पण गर्दछ । ऊ साथीसँगी (कामदारहरू) सँग बढी रमाउन थाल्छ । यस्तैमा नरेन्द्रसँग विवाह भएर एउटी छोरी पाएकी तर नरेन्द्रको मृत्यु भइसकेको र छोरी ५ वर्षकी भएकी अनि भर्खरै यौवनमा प्रवेश गरेजस्ती देखिने निमासँग शमशेरको सम्पर्क बढ्न थाल्छ । निमाको पनि उद्धार हुने र आफ्नो पनि खुशी फर्कने निश्चयसाथ शमशेरले निमासँग पुनर्विवाह गर्छ । साथमा नरेन्द्रकी छोरी सिर्जनालाई पनि उसले आफ्नै घरमा ल्याउँछ । निमाको आगमनले शमशेरको घाउ पुरिदै जान्छ साथै वसन्ती र आकाश पनि खुशी हुन्छन् ।

छैठौं परिच्छेदको शीर्षक 'दरार' रहेको छ । शमशेरको घरमा फेरि अँध्यारो मडारिन थालेको छ । वसन्ती आमा बा सँगै काममा जान थाल्छे भने आकाशको काम बहिनी सिर्जना हेर्ने हुन्छ । आकाशले बहिनीलाई धेरै माया गर्ने र बहिनी पनि आकाशसँगै छिट्टै नजिकिएपनि आकाशलाई सधैं घरमा बिसरहन मन लाग्दैन र खेल्न अली टाढासम्म जान थाल्छ । यो कुरा बहिनीले बेलुका बुवा आमालाई नविराइ सुनाउने गरेकीले वा आमा उसँग रिसाँउछन् र गाली गर्छन् । एक दिन बुवाले अली बढी गाली गरेकोले आकाश खाना नखाइकन रोएर सुत्छ अनि वसन्तीलाई पनि नरमाइलो लाग्छ ।

सातौं परिच्छेदको शीर्षक 'नयाँ जीवनको खोजीमा' रहेको छ । चण्डी पूर्णिमाको दिन कोही पनि काममा नगएकाले पारिवारीक वातावरण सुखदायी हुन्छ । आकाश बहिनीलाई हेर्नु नपरेपछि अलि पर रोडमा जान्छ, त्यहाँ आफ्ना समकक्षी उमेरका केटाकेटीहरू स्कूल गइरहेको देख्छ अनि आफू पनि पढ्न पाए कस्तो हुन्थ्यो भन्ने सोच्दै घर आउँछ । खानासाना भएपछि आकाशले बाबुसँग पढ्ने इच्छा राख्यो, पढाउन नसकेकोमा भित्रभित्रै पिरोलिदै

शमशेरले आकाशलाई कराएजस्तो गर्छ । शमशेरलाई एकप्रकारको हीनताबोध हुन्छ । भोलिपल्ट पनि आकाश शमशेरसँगै स्कूल जाने कुरा गर्छ । भित्री मनमा पीडा हुँदाहुँदै पनि शमशेरले आकाशलाई एक झापड हान्छ । आकाश रोइरहन्छ शमशेर हिडेपछि निमा र वसन्तीले फकाउँछन् त्यसपछि आकाश र सिर्जना खेल्छन् तर आकाशको मनमा खिन्न भावना जाग्छ । राती अनेकथरी कुरा सोच्छ र विहान कसैलाई पनि थाहा नदिइकन घरबाट हिड्छ ।

आठौं परिच्छेदको शीर्षक **भोक र अँध्यारो गल्ली** रहेको छ । आकाश निद्रामा हुन्छ र निद्राबाट व्यूझँदा आफूसित दिदी वसन्ती सुतेकी होला भन्ठान्छ तर उसँग कैलो कुकुर सुतेको हुन्छ, अनिमात्र उसले आफू घरबाहिर भएको थाहा पाउँछ । घरबाट भागेको दिन निकै भोक लाग्छ र एउटा होटेलमा खानेकुरा हेरर थुक निल्छ, पसलेको 'पैसा छ'? सोधाइले ऊ झस्किन्छ र मकरधुम पसलेलाई देखेर डराउँदै छैन भन्छ । अनि पसलेले सुरुमा हप्कीदप्की गरेपनि पछि खान दिन्छ र होटेलकै काम गरी  बस्न पनि आग्रह गर्दछ । साहुनीले गर्नुपर्ने काम बताउँछिन् । आकाशले सबै होटेलको काम गरी सक्छ र एउटा बोरामा सुत्छ, विहान आफूसित कोही सुतिरहेको अनुभव गर्छ ।

नवौं परिच्छेदको शीर्षक 'खुला आकाशमुनी' रहेको छ । अकाशले साहुनीको चिच्याहटसँगै आँखा उघार्छ । दिनभरी पसलको काममा लाग्छ । थाकेकाले बेलुका चाँडै निदाउँछ । भोलिपल्ट विहान उठेर ऊ फेरि घर अगाडिको मूल सडकमा निस्कन्छ । अलि पर छिटोछिटो जान्छ र टाढा पुगेपछि ढुक्कसाथ अघि बढ्छ । विहान खाना खानेबेला पनि घर्कीसकेपछि उसलाई भोक र तिर्खाले सताउँछ र पानी मागी खान्छ । त्यसपछि ऊ अघि बढ्दै शहरको बाहिरी किनाराको चौतारीमा बस्छ र निदाउँछ । उठ्दा त्यहाँ उजस्तै केटाकेटीहरू थिए ती केटाकेटीहरू खातेजस्ता देखिन्थे । उनीहरूमध्ये एकले आफूसँग भएको एक टुक्रा उखु आकाशलाई दियो । आत्मीयताको महसुस गऱ्यो आकाशले पनि ।आकाश तिनीहरूको पछि लाग्यो । आकाशले पनि ती केटाकेटीसँग बिउझँदा आफूलाई सडकपेटीमा पायो । त्यहाँ सबै सुतिरहेका थिए । राति अँध्यारोमा तिनीहरू मध्येको नाइकेले अप्राकृतिक व्यवहार गरेजस्तो लाग्यो आकाशलाई र त्यसपछि निद्रा परेन । आफ्नो घर सम्झिदै सबै निदाइरहेको बेला लुसुक्क आकाश बाटो लाग्यो ।

दशौं परिच्छेदको शीर्षक 'झुल्के घाम' रहेको छ । आधा घण्टाजति अगाडि बढेपछि उज्यालो भयो । यत्रतत्र मानिसहरू सबै आफ्नो विहानको कार्यमा तल्लीन देखिए । भोकले ग्रस्त आकाश एउटा चियापसलमा बस्यो । त्यहाँ छेवैमा एकजना पढेलेखेको मान्छे देखियो । पसल्नीले चिया खाने? भन्दा केही बोलेन । चिया दिइयो अनि नजिकैको मान्छेले उसलाई सबैकुरा सोध्यो । पसल्नीले आकाशको निरीहता देखेर आफ्नो अतीत सम्झन पुगी । दश वर्ष पहिले, विवाह भएको पाँच वर्षसम्म सन्तान नभएको, गाउँमा मान्छेहरूले अनेक कुरा काटेका, त्यही बिचमा गर्भ रहेको अस्पताल टाढा भएकाले गाउँकै सुडेनीद्वारा सुत्केरी गराइएको, असुरक्षाको कारण १० दिनमै बच्चा मरेको आदि । उसले आफ्नो छोरी बाँचेको भए त्यत्रै हुने कुरा सम्झी र आँशु पुछी छेउको भलाद्मी मान्छे अमर सरले आकाशलाई पढाइदिने हिसाबले आफूसित लिएर गयो । आकाशको नयाँ जीवन यहाँबाट सुरुवात भयो ।

एघारौं परिच्छेदको शीर्षक 'नयाँ संसारमा' रहेको छ । अमरको घर शान्त वातावरणमा थियो, घर राम्रो आकारप्रकारको थियो । वरण्डामा अमरकी छोरी प्रतिभा पढिरहेकी देखिन्थी । श्रीमती पार्वतीले बाहिर आई आकाशको बारेमा सबै शोधखोज गरी  र आफ्नै छोरासरह कुनै कुरामा नछुट्याई राम्ररी पालनपोषण पनि गरी  । अमर कुशल अध्यापक थियो । उनीहरूकी एउटी छोरी मात्र थिइ । पार्वतीले अमरलाई पाएपछि छोराको झझल्को मेटिएको छ भने आकाश पनि बेला बेला वसन्ती र बहिनी सिर्जनालाई सम्झन्छ ।

बाह्रौं परिच्छेदको शीर्षक 'ज्ञानसरोवर' रहेको छ । अमर सेवानिवृत्त भएपछि काठमाडौं बस्न गयो । अमरले राजधानीमा सानो कटेज टाइपको एउटा घर बनायो । आकाश र प्रतिभा नौ कक्षामा पढ्छन् भने काठमाडौं जाँदा टुहुरी शर्मिलालाई पनि अमरले लगेको थियो । तीनैजना काठमाडौंको ग्यालेक्सी स्कूलमा पढ्छन् । यी केटाकेटीको बारेमा सोच्दै अमर भावनामा डुब्न पुग्छ र यी सबैले एसएलसी पास गरेको दिन बोझ हल्का हुने कुरा पनि अमर सोच्न पुग्छ । समय बित्दै जाँदा आकाश र बहिनीहरू पनि उच्च शिक्षाको प्रवेशद्वारतर्फ लम्कन तरखर गर्न थाले तर आकाश भने पाठ्यक्रममा भन्दा अन्य दर्शन र साहित्यसम्बन्धी पुस्तकमा बढी चासो दिन थाल्यो भने बहिनीहरू नयाँ नयाँ फेसनतिर ।

तेह्रौं परिच्छेदको शीर्षक 'कुहिराको काग' रहेको छ । यस परिच्छेदमा आकाशले छोडेर हिडे पछिको उसको घर, परिवार, गाउँ आदिको अवस्था देखाइएको छ । आकाश बेलुकासम्म नआउँदा सबैको मनमा चिसो पस्छ भने शमशेर आफ्नो गल्तिप्रति पछुताउँछ ।

सबै टोलछिमेकका मानिसहरू खोजीमा हिँड्छन्, तर भेट्दैनन् । वसन्ती रोइरहेकी थिई । यसरी शमशेरको जीवन अन्धकार भयो । आकाशको अवस्थालाई विश्लेषण गर्दै ऊ दुःखीत हुन्थ्यो । छिमेकीहरूको सहानुभूतिसँगै तिनीहरूले मन बुझाए । आजभन्दै भोलि भन्दै बाटो हेरे तर आकाश आएन । केही समयपछि यो घटना पनि हराउँदै गयो । आमा, बा र बसन्ती सिर्जनालाई पनि लिएर काममा जान्थे । वसन्ती बेला बेलामा भाइको सम्झनामा विह्वल हुन्थी । तिनीहरूको संसार सानो थियो । सदरमुकाम पनि धेरै टाढा थियो, नयाँ मान्छेसँग आकाशको हालखबर सोध्न भने पछि पर्दैनथे ।

चौधौं परिच्छेदको शीर्षक परेवा र बाज रहेको छ । आज निमा र शमशेरको विवाह भएको दश वर्ष पुगिसकेको छ, सिर्जना पनि १५ वर्षकी भइसकेकी छ भने वसन्ती पनि एकाएक घरबाट हराएकी छे । सुरु सुरुमा त्यसका बारेमा निकै खोजी गरे । निराश उनीहरू छिमेकीको सल्लाहले मन बुझाउँथे । उता वसन्ती भने गाउँको विकास सँगै गाडी चढेर हिडेकी थिइ । माथ्लो गाउँको धनबहादुर पनि बसमा बसन्तीको छेउमा गएर बस्छ । कुराकानी हुन्छ, वसन्ती एक्लै भएकाले धनबहादुर रमाउँछ भने वसन्तीलाई नौलो शहरमा चिनेको जस्तो मान्छे पाउँदा खुशी लाग्छ । धनबहादुरले वसन्तीलाई होटेलमा लगी खाना खुवाउँछ र सोझी वसन्तीलाई फकाई फुल्याई सिनेमा हेर्न स्वीकृती लिन्छ । सिनेमाहलमा धेरै मान्छेहरूको भिडमा धनबहादुरले वसन्तीको हात छुन्छ, कुनै प्रतिक्रिया नपाएपछि निर्धक्कले समात्छ पनि । फिलिम छुटेपछि तिनीहरूले फेरी भेट्ने अग्रहका साथ धनबहादुरले रुमाल दियो भने घरमा आफूहरूलाई थाहा नदिई शहर गएकोमा शमशेर र निमा रिसाए । वसन्तीको मन कता कता उड्न लागेको भयो । घरको वातावरणले पनि उसका इच्छा, आकांक्षा कुण्ठित थिए । उसको मन कता कता धनबहादुरतिर तानिएको थियो । एकदिन साँझपख धनबहादुर र वसन्तीको भेट भयो । वसन्तीलाई धनबहादुरले शहर घुमाउन लाने, सँधै सँगै बस्ने जस्ता प्रलोभनका साथै बाबुआमाप्रति नडराउने आग्रह गऱ्यो र वसन्तीले पनि स्वीकारी । उनीहरू दुवैजना पल्लो गाउँको चोकमा विहानै कसैलाई थाहा नदिइ भेट भए र शहर गए । शहर गएपछि धनबहादुरले एउटा होटलमा कोठा लियो । सबै मानिसहरू आफ्नो-आफ्नो सुरमा थिए । दुवैजना कोठामा गए । वसन्तीलाई असहजताको अनुभूति थियो भने धनबहादुर नुवाइधुवाइ गरी फ्रेस भयो अनि बसन्तीले पनि हातमुख धोई । धनबहादुरले बसन्तीलाई आजै मन्दिरमा गएर विहे गर्ने कुरामा आश्वस्त बनायो र दुवैजना खाना खान झरे ।

पन्ध्रौं परिच्छेदको शीर्षक 'उन्मुक्तिको उज्यालोतिर' रहेको छ । वि.सं. २०३६ सालको जनमत सङ्ग्रहपछि राजनीतिक पार्टीहरूले पञ्चायती चुनावलाई उपयोग गर्ने नीति लिएपनि विद्यार्थी सँगठनहरूले विरोधका कार्यक्रमहरू जारी राखेका थिए, जसमा आकाश सक्रिय भएकाले घर ढिलो आउँथ्यो । प्रतिभा, शर्मिला र आकाश तीनैजना वयस्क भइसकेकाले उनीहरूको इच्छा, आकांक्षा फरक थियो । प्रतिभा पाठ्यपुस्तकमा व्यस्त हुन्थी, शर्मिलालाई सिँगारपटारमा बढी चासो थियो भने आकाशलाई दर्शन र साहित्य तथा राजनीतिमा चासो थियो । यस्तैमा एकदिन वयस्क भइसकेकी र आफ्नै बहिनीसरह ठानिएकी शर्मिलाले आकाशलाई प्रेमप्रस्ताव राख्दा आकाशको मथिङ्गल खलबलिन्छ । असोचनीय कुराहरू ऊ सोच्न बाध्य हुन्छ ।

शर्मिलाको व्यवहारले आकाशलाई घरको सम्झना आउँछ । दिदी बसन्ती र बहिनी सिर्जनालाई सम्झन्छ, गाउँघर, आफन्त सम्झन्छ । धेरै काम हुँदाहुँदै पनि ऊ काम गर्न सक्दैन । शर्मिलाको यो व्यवहारप्रति उसले निकै सोच्यो र तुच्छ व्यवहारप्रति असन्तुष्टि जनाउँदै टाउको हलुङ्गो पार्न सडकतिर निस्क्यो । उसको राजेश र मदनसँग भेट भयो । भोलिको निरङ्कुश राज्यसत्ता विरोध ऱ्यालीमा गोप्यरूपमा वितरण गर्ने पर्चा छपाउन तिनीहरू प्रेसमा गए । पछि आकाशकोमा गए । उनीहरू काममा तल्लीनतापूर्वक लागिनै रहे । पार्वतीले बोलाउँदा पनि भरे भनी आकाश भात खान नगएपछि अमरले उसको कोठामा गएर हेर्दा उनीहरूको तल्लीनता देख्छ । आफ्नो विगत सम्झन्छ देशमा निरङ्कुश पञ्चायती शासनको जगजगी भएका बेला अन्य युवाहरू जस्तै एउटा राजनीतिक दलसँग अमर पनि आवद्ध थियो । अमरले आफूलाई त्यस समयमा राजनीतिमा सक्रिय बनाएको थियो । पार्टीभित्र राम्रा र नराम्रा दुवैखाले मानिससँग उसको सम्पर्क हुन्थ्यो, कम्प्यूनिष्ट पार्टीको बारेमा ज्यादा चर्चा हुन्थ्यो, अमरको सबै सम्पत्ती सर्वहाराकरण गरी नुपर्ने प्रस्तावको विरोध तथा समर्थन दुवै भए । साना साना कुरामा विवाद बढ्न थाल्यो र अमर दिक्क भएर सँगठनात्मक कार्यमा निस्क्रिय भयो । आज आकाशको लगनशिलताले अमरलाई आफ्नो अतीतमा पुऱ्यायो र त्यहाँबाट हिडे । भोलिपल्ट उत्रिएको विद्यार्थीहरूको पञ्चायती सरकारको विरोधमाथि ठूलै बल प्रयोग भएको, सडकहरू इटाले भरिएको, ज्यान जोगाउन गाह्रो भएको, पुलिसले मान्छेहरू गाडिमा कोचरेर लगेको आदि बिचमा बल्लतल्ल बँचेर आकाश अबेर घर पुग्यो र र ओच्छ्यानमा पल्टी नाना प्रकारका कुरा खेलाउन थाल्यो । क्याम्पसमा उसको मुख ताक्ने साथीहरू धेरै थिए भने घरको सम्झनाले पनि सताइरहेको

थियो । ऊ एक किसिमको द्वन्द्वमा फँसेको थियो, त्यस्तैमा शर्मीलाको भात खाने आग्रह टार्न नसकी उसले भात खायो ।

सोह्रौं परिच्छेदको शीर्षक अस्तित्त्वको खोजी राखिएको छ । यस परिच्छेदमा आकाशले अमरसँग एकपटक जन्मथलो देख्न तथा दिदीबहिनीलाई भेट्न मन लागेकोले जाने अनुरोध गऱ्यो । अमरले पनि धेरै नअल्मिलिनु भन्दै जाने सहमतीका साथ रु. ५०० बाटोखर्च दिए र पठाए । झण्डै १२ वर्षपछि मानपूर पुग्दा त्यहाँको सबै कुरा नौलो लाग्यो आकाशलाई । उसको घर भएको ठाउँमा अपरिचित मानिस मात्र थिए । घर पनि इँटाको थियो । शोधखोजपछि थाहा भयो कि शमशेर त्यो ठाउँ बेचेर पश्चिम नेपालको कैलाली कञ्चनपुरतिर बसाइ सरेछ । त्यो शमशेरको घर किन्ने मान्छे चन्द्रप्रसाद थियो । चन्द्रप्रसादको कुराबाट आकाश निकै विश्रृङ्खलित भयो । के गरौं र कसो गरौंको दोधारमा नै ऊ घरवरको चौबाटोमा आइपुग्यो र बस चढेर राजधानीतिर लाग्यो ।

सत्रौं परिच्छेदको शीर्षक माछो र ढडिया रहेको छ । धनबहादुरले वसन्तीलाई दार्जिलिङको प्रलोभन देखाइ विरगञ्जको बाटो हुँदै रक्सौलतिर लान्छ र एक्कासी रिक्सालाई भन्सार अड्डामा पुलिसले रोक्छन् । धनबहादुरको चतुऱ्याइको पर्दाफास हुँदै वसन्तीको कुराबाट उनीहरूले यो केटीलाई बेचिदैछ भन्ने संकेत पाउँछन् र वसन्तीलाई माइती नेपाल र धनबहादुरलाई पुलिसले लैजान्छ । माइति नेपालमा वसन्तीले यथार्थता थाहा पाएपछि ऊ छाँगाबाट खसेजस्तै भई । ५।६ वर्षअगाडिदेखि घरायसी कारणले दुःखी भएकी वसन्ती सुख खोज्दै धनबहादुरको काँधमा आइथी तर आज उ घरकी न घाटकी भएकी छ । उता आकाश शहरको अस्तव्यस्तताको सिकार आफ्नी दिदी वसन्ती त भएकी छैन ? भनी होटल होटल हेर्दै हिँड्छ । आकाश बसपार्कमा उत्रन्छ तर उसको मथिङगल विथोलिएकोले के गर्ने भन्ने निर्णय गर्न सक्दैन र अमरकोमा नि जान मन लाग्दैन । बस स्टपको एउटा चिया दोकानमा चिया खाइरहेको वेला आकाशले हातमा झण्डा र प्लेकार्ड बोकेका मानिसहरू देख्न पुग्छ र उसलाई पञ्चायती व्यवस्था विरोधी आन्दोलनको कार्यक्रम तय भएको सम्झना आउँछ । त्यसपछि ऊ त्यहाँबाट हिँड्छ । आकाश एक्कासी मदनको कोठामा पुग्छ सबै रमाउँछन् र साथीहरूको विशेष आग्रहमा आकाशले आफ्नो पारिवारीक विघटनको दुःखद कथा सुनाउदा दुबै साथीहरू स्तब्ध हुन्छन् । आफ्नो पीर बाँड्न पाएकोमा आकाशको मन हलुँगो हुन्छ र सबैजना आन्दोलनमा जाने तयारी गर्छन् ।

अठारौं परिच्छेदको शीर्षक 'समयको रेखाचित्र' रहेको छ । यसमा काठमाडौंका प्रमुख शहरहरूमा जनसागर उर्लिएको छ । सशस्त्र पुलिसको पनि मनग्यै उपस्थिति छ । चोक चोकबाट निस्किएको जुलुस देखेर सेना तथा पुलिसहरू भित्र भित्रै डराएपनि त्यसलाई रोक्ने प्रयत्न गर्दै थिए । दरवारमार्गमा अवस्थीत महेन्द्रको सालिकमा जुत्ताको माला लगाउने क्रममा सेनाले चलाएको गोली लागि कयौं युवाहरू ढल्न पुग्छन् जसमा आकाश एउटा हुन्छ । भयभित मानिसहरू ज्यान जोगाउन रुदै कराउँदै भाग्छन् । सडक रगतको आहाल र घाइते मानिसहरूले भरिएको हुन्छ । घटनाको पर्सिपल्ट होस खुल्दा आकाशले आफूलाई शिक्षण अस्पतालको सर्जिकल वार्डमा घाइते अवस्थामा पाउँछ । सपनाबाट व्यूझे झैं उसले आफ्नो दायाँ खुट्टाको तिघ्रामुनिको भाग नदेख्दा छाँगाबाट खसे झैं हुन्छ । अस्पतालमा आकाशलाई भेट्न साथीभाइ तथा आफन्तहरू आइरहन्छन् । जसमा प्रतिभा पनि थिई । आफ्नै वहिनी जस्ती त्यो नारीलाई रोएको देखेर ऊ खिन्न हुन्थ्यो । प्रतिभालाई ऊ देशको लागि बलिदान गर्न समेत तयार रहन भन्दै २६ गते पञ्चायत ढलेपछि आकाश पनि जनआन्दोलनका घाइतेको रूपमा अस्पतालमा उपचार गराइरहेको हुन्छ । उपचारकै क्रममा जनआन्दोलनका घाइते बाबुको उपचार गर्न आएकी सकुन्तलासँग आकाशको चिनजान हुन्छ, हिमचीम  बढ्छ । सानैमा आमा गुमाएकी सकुन्तलाले बाबुलाई पनि बचाउन नसकेपछि निराश हुन्छे र आकाशसँग घरजमका लागि प्रस्ताव गर्छे । सहाराको आवश्यकता भइरहेको आकाशले सोचविचार गरी स्वीकृती दिन्छ । एक दिन ती दुवै अस्पताल छोडेर पश्चिम नेपालको यात्रामा निस्कन्छन् । बैशाखीको आवाजले सबै मानिसहरूको ध्यानाकर्षण हुन्छ । सकुन्ताले मायालु स्पर्शले आकाशको हात समाउँछे र ट्याक्सीमा चढी सुदुर भविष्यको सुन्दर कल्पनामा डुब्न थाल्छे ।

### ५.२.२ कथानक

**समयको रेखाचित्र** उपन्यासको कथावस्तुको मूल प्रवाह श्रृङ्खलित रूपमा अघि बढेको छ । उपन्यासको कथावस्तुको विकास अवस्थालाई उपथाहरूले ठाउँ-ठाउँमा अवरोध पुऱ्याए पनि यसको विकास आदि, मध्य र अन्त्यको श्रृङ्खलामा रैखिक रूपमै अघि बढेको छ । आकाशको आमाको मृत्यू, त्यसपछि उनीहरूले पाएको दुःख पाएको घटनावस्तु उपन्यासका पृष्ठभूमि हुन् । समशेरले सौतेनी आमा ल्याउनु, आकाशलाई पढ्न मन लाग्नु तर नपाउनु अनि पढ्ने चाहाना मै घर परिवार छोडेर हिँड्नु कथावस्तुको विकास अवस्था

हो । आकाश घरबाट हिडेपछि पाएको दुःख कष्ट आदि चरम अवस्था हो भने आकाशको अमर सरसँगको भेट र त्यसपछि आएको परिवर्तन चरम विन्दुबाट ओरालो लागेका घटनाहरू हुन् । आकाशले पढ्नु, एस.एल्.सी. उत्तीर्ण गर्नु, राजनीतिमा नेतृत्व लिनु, आन्दोलनमा खुट्टा भाँचिनु, शकुन्तलासँग जीवन बिताउने निर्णय लिने कथावस्तुका अन्त्य भाग हुन । यिनै घटना कथावस्तुका उपसंहार पनि हुन् ।

**समयको रेखाचित्र** उपन्यासको कथानक लेखककै निरीक्षणको उपज भएकाले यसको स्रोत यथार्थमूलक अनुभवलाई लिन सकिन्छ भने यसमा आएको विगतको राजनीतिक रंगको यथार्थता हेर्दा यसको स्रोत इतिहास पनि हुनसक्छ । मूलतः कथाको केन्द्रीय विन्दु आकाशकै सेरोफेरोमा घुमेको छ । धनमायाको मृत्युपश्चात दिदी वसन्तीको काखमा हुर्कदै गएको आकाशका बाबुले दोस्रो विवाह गर्नु, बहिनी गोठालो गर्नु तथा 'पढ्छु' भन्दा नपाउनुले कथाको गति अगाडि हाम्फालेको छ । सुरुमा धेरै दुःख कष्ट सहे पनि अमर सँगको भेटपछि अन्ततः आकाशका सम्पूर्ण इच्छा आकांक्षा पूरा भएका छन् । समकालीन समाजमा विकराल समस्याको रूपमा आएको चेलीबेटी बेचविखनको पक्षलाई पनि यहाँ सशक्तता दिइएको छ । उपन्यासको सुरुवातमा पीडादायी पक्षको प्रबल चित्रण छ भने अन्त्यमा सुखान्तको परिस्थिति छ । आकाशको जीवनलाई अनुभूतिले रंगाउँदा मानवीय भावना उब्जिन्छ र कथानकमा कौतुहलताको प्रबलता देखिन्छ । आकाशकी आमा मरी, अब कसरी ती टुहुरा केटाकेटी जिउलान् ? आकाश हिँडेर कहाँ जाला? खातेसँग लागेर बिग्रेने पो होकी ? जस्ता कौतुहल जगाउने धेरै प्रसङ्गहरू आएका छन् ।

### ५.२.३ चरित्रचित्रण

कुनै उपन्यासकारले उपन्यास सिर्जनाको लागि लिएको विषयवस्तु आफै गतिशील नभई विभिन्न पात्रहरूको माध्यमबाट घटनाक्रमले जीवन्तता प्राप्त गरेको हुन्छ । विषयवस्तु त केवल साधन मात्र हो, यसलाई सही दिशामा हिडाउने काम पात्रकै हुन्छ । उपन्यासमा प्रस्तुत गरिएको वैचारिक दर्शन, जीवन दृष्टिलाई पात्र मार्फत जनसमक्ष पुऱ्याइने भएकाले चरित्र निर्माण उपन्यासको महत्त्वपूर्ण पक्ष हो । मार्क्सवादी सौन्दर्य चिन्तनमा पात्रहरू सौन्दर्यात्मक रूपहरू हुन जसको सम्बन्ध उपन्यासको उद्देश्य, जीवनदृष्टि र आदर्शसँग रहेको हुन्छ (बराल, २०५६:११९) । यसमा नायक पात्रको निर्माणमा विशेष जोड दिइन्छ ।

आकाशलाई नायक पात्र बनाएर लेखिएको 'समयको रेखाचित्र' उपन्यासमा नेपथ्य, मञ्चीय, महिला, पुरुष गरी ६०-७० को संख्यामा पात्रहरू रहेका छन् । यस उपन्यासमा आएका सबै पात्रहरू वर्गीयताभित्र आवद्ध छन् । आकाश यो उपन्यासको प्रमुख पात्र हो जसको वरिपरि उपन्यास घुमेको छ । उपन्यासको सुरुवात आकाशले आफ्नो विगतको सम्झनाबाट गर्दछ भने सम्झी सक्दाअन्त्य हुन्छ । आकाश एक गरिब परिवारको पात्र हो । आमाको मायाबाट वञ्चित हुनु, कान्छी आमा ल्याउनु, शमशेरको विवशताले पढ्न नपाउनु, इच्छा आकांक्षलााई च्यापी क्रान्तिको बाटो रोजी घर छोड्नु, बाटामा अनेक दुःख सहनु र अन्त्यमा अमरसँग भेट भएर पढ्नु, युवा भएपछि देशबारे चिन्ता गर्दै राजनीतिमा होमिनु र बहुदलीय व्यवस्थासँगै आफ्नो शरीर अपाङ्ग बनाउनु आकाशका विवशतामय घडी हुन । यस उपन्यासको नायक आकाश संघर्षको बिचबाट हुर्किएको, निम्न वर्गको प्रतिनिधि, समाजका समस्याहरूसँग विचलीत नभई जुझ्ने स्वभावको देखिन्छ । ऊ सुरुदेखि अन्त्यसम्म विचलीत नभई संघर्ष गर्दै आएको पात्र हो । उसले निम्नवर्गीय मजदुरहरूको प्रतिनिधित्व गरेको छ ।

यस उपन्यासमा अन्य महत्त्वपूर्ण पात्रहरूको कमी छैन । शमशेर, वसन्ती, अमर सर, प्रतिभा, शर्मिला, सिर्जना, धनबहादुर आदिको भूमिका महत्त्वपूर्ण देखिन आउँछ । तर यी पात्रहरूले उपन्यासको केन्द्रीयता दिन सक्दैनन् । आकाशको लक्ष्यको वाहक बनी अमर सर आउँछन् । अमर सरको भूमिकालाई महत्त्वपूर्ण रूपमा लिनुपर्ने हुन्छ । क्षणभर राम्रो भूमिका निभाएर हराएका पात्रहरूमा वसन्तीलाई लिन सकिन्छ । वसन्ती पनि निम्नवर्गीय परिवारकी नारी हो । जसलाई धनबहादुरले ललाइफकाइ बेच्न लान्छ तर समय निकै अगाडि घर्किसक्दा बाटैमा ऊ समातिन्छ भने वसन्तीको पनि उद्धार गरिन्छ । यसरी वसन्तीबाट ग्रामिण निम्नस्तरीय चेलीबेटीको सोझोपन वा रहर इच्छा थाहा पाइन्छ ।

यस उपन्यासमा धेरै पात्रहरू बिच बिचमा आए पनि एउटै पात्र आकाशलाई बाल, युवा चरित्रका रूपमा उभ्याइएको छ । उसमा मनोवैज्ञानिक रूपमा स्कूल जाने आकांक्षाले तीव्ररूप लिन्छ । फलस्वरूप ऊ आफ्नो घर, परिवार र अत्यन्त प्यारी दिदी वसन्तीलाई समेत छोड्न बाध्य छ । आकाश यस उपन्यासको प्रमुख पुरुष पात्र हुनुका साथै उसको भूमिका अनुकूल नै देखिन्छ । एउटा स्कूल जान नपाएको केटो आकाश, देशको राजनीतिक अङ्ग भएर सवलरूपमा बहुदल ल्याउन सरीक होला, भन्ने कुराको उपन्यासको सुरुमा

कल्पनासम्म पनि गर्न सकिदैन । तर यो अकल्पनीय कुरा अमरको सहायताले सार्थक हुन्छ र देशमा समाजमा एक किसिमको क्रान्तिकारी परिवर्तन हुन्छ । यसर्थ यस उपन्यासको पात्र आकाश प्रगतिवादी भूमिका बोकेको चरित्र हो ।

### ५.२.४ परिवेश/पर्यावरण

परिवेशका दृष्टिले **'समयको रेखाचित्र'** उपन्यास उपलब्धिमूलक देखिन्छ । वि.सं. १९४६ अगाडिको नेपालको राजनीतिक अस्तव्यस्त परिस्थितिको, तत्कालीन नेपाली समाजको स्थिति, मान्यता, धारणा आदिलाई उपन्यासमा राम्ररी चित्रण गरिएको छ । एउटा निम्न मजदुर बनी गरी खाने मजदुरको छोरो बनाएर आकाशलाई उपन्यासमा देखाइएको छ । यस उपन्यासले तराइको देहाती सानो गाउँ मानपूरदेखि विभिन्न परिवेश समेट्दै काठमाडौंका गल्ली-गल्लीसम्म छिर्न सफल छ । त्यस्तै शहरी परिवेश, विरगञ्जको रक्सौलदेखि पश्चिम नेपालको सानो गाउँ सम्मलाई उपन्यासले आफ्नो परिवेश बनाएको छ । उपन्यासमा आकाश घुमेको देशदेशान्तरले यसको कथ्यलाई सँगठित गरेको छ । इतिहास बनिसकेको राजनीतिक पाटोलाई आख्यानमा रूपान्तरण गर्दा पनि उपन्यासकारले शिलशिलालाई र परिवेशलाई विचलीत हुन दिएका छैनन् । यो उपन्यासकारको औपन्यासिक कला हो । यस उपन्यासले प्रारम्भमा एउटा मजदुरको घरमा आइलाग्ने यथार्थ परिवेशलाई वातावरण बनाएको छ । उपचारको अभावमा आमाको मृत्यु हुनु, छाक टार्न र ती टुहुरा बालकलाई आँत भिजाउन गाह्रो हुनु, अर्की आमा विवाह गर्नु आदि घटनाक्रमले कारुणिकताको अनुभव गराउँदछ भने आकाशको पढ्ने चाहनाकै कारण घर छोड्ने निर्णय, बाटोमा पाएको दुःख आदि वातावरणले पाठकलाई निराशामा ढाल्दछ तर अमर सर सँगको भेट र त्यसपछिको आकाशको जीवनले आनन्दित वातावरणको सिर्जना गर्दछ ।

**समयको रेखाचित्र**मा सुरुदेखि अन्त्यसम्म नै आकाशको वतावरणलाई पर्यावरण बनाइएको छ । सुरुवातदेखि नै कारुणिकतामय परिवेश ओगटेको उपन्यासले अन्त्यमा राजनीतिक परिवेशलाई पनि आफूभित्र समेटेको छ । टुहुरा बच्चालाई आमाको कति महत्त्व हुन्छ? भन्ने कुरा उपन्यासमा करुण रस बनी छाएको छ । प्रजातन्त्र प्राप्तिपछि पनि बच्चाहरू निरक्षर रहनुपर्ने स्थितिको वर्णन छ । यदी चाहना हुने हो भने जसरी पनि पूरा गर्न सकिने वातावरण आकाशले देखाएको छ । यस उपन्यासमा आकाशको ९ वर्षे उमेरदेखि २१ वर्षे उमेरसम्मका दुःख, कष्ट र संघर्षका यथार्थ पक्षहरू अंकित छन् (कोइराला, ३९ शब्द

संयोजन) । यस हिसाबले उपन्यासले १२ वर्ष परिवेशलाई अँगालेको छ । २०३६ र २०४६ सालको राजनीतिक ऐतिहासिक घटनालाई पनि आफ्नो परिवेश बनाएको छ । देशभित्रकै घटनाक्रमदेखि पाकिस्तानका राष्ट्रपति भुट्टोको घटनालाई समेत आफ्नो पर्यावरण बनाउन भ्याएको छ यस उपन्यासले । खनालको पहिलो उपन्यासको सिलसिलेवार प्रस्तुति दोस्रोमा हुन पुगेको देखिन्छ, राजनीतिक हिसाबले । खासगरि ग्रामीण सामाजिक वातावरण, गरीबी, दुःख, कष्ट, अशिक्षाजस्ता पक्ष सौतेनी मामला, शिक्षाको अभावले बेचिन लागेकी बसन्ती, गरीबीको कारणले बसाइसर्ने बाध्यात्मक परिवेश, सडक बालकको परिवेश, वामपन्थी आन्दोलनका विविध पक्ष, अमर सरको घर, काठमाडौंका विभिन्न ठाउँ आदि उपन्यासमा सशक्त रूपमा परिवेश बनी आएका छन् ।

### ५.२.५ विचार तत्त्व

कुनै पनि स्रष्टा साहित्यिक सिर्जनामा लाग्दा एउटा न एउटा वैचारिक धारणा लिएकै हुन्छ । मार्क्स लेनिनवादको मान्यता अनुसार लेखक जुन विचारधारामा प्रतिबद्ध हुन्छ, उसले आफ्ना कृतिमा पनि तिनै वैचारिक अभिव्यक्ति प्रस्तुत गरेको हुन्छ (भट्टराई, २०६३:१४०) । यसै अनुरूप **समयको रेखाचित्र** उपन्यास प्रगतिवादी वैचारिक चेतनाको प्रखर प्रस्तुत भएको कृति हो । यस उपन्यासमा उपन्यासकार खनालको समाजवादी यथार्थवादी वैचारिक दृष्टिकोण सशक्त अभिव्यक्त भएको छ । यस उपन्यासमा आर्थिक विषमताले जन्मिने विसङ्गतिहरूको चित्रण गरी निराकरणको उपाय खोजी गरेको पाइन्छ । यस्तो चित्रण शमशेरको परिवारमा देखाइएको छ । गरिबीकै कारण आकाश पढ्न नपाई घरपरिवार त्याग्न बाध्य छ । यसर्थ यस उपन्यासको नायक आकाश सर्वहारा वर्गको प्रतिनिधि पात्र हो । यस उपन्यासमा समाजमा बाबुआमा विहीन बच्चाहरूको अवस्था पनि देखाइएको छ भने अर्कातिर निरंकुश पञ्चायती शासनको विरुद्ध जनताहरू एकजुट भई परिवर्तनको स्वागत गरिरहेको पनि देखाइएको छ । यस अर्थमा **समयको रेखाचित्र** उपन्यासमा ऐतिहासिक वर्गसंघर्षको झल्को दिनु तथा वर्गीयमुक्ति र राजनीतिक संघर्षबाट मात्र सामाजिक मूक्ति सम्भव हुन्छ भन्ने आशय उपन्यासकारको देखिन्छ ।

यस उपन्यासमा हरिहर खनालले विधवा विवाह गराएर नारी पुरुषको समान अस्तित्त्वलाई स्वीकारेको पाइन्छ । नारी पात्रको थोरै प्रयोग भए पनि उपन्यासकारको विचार बुझ्न यती नै प्रशस्त भएको छ । एकातिर वसन्तीको कथाले नेपाली नारीहरूको सरल र

सोभ्कोपनको भ्कलक पाइन्छ भने निमाको भूमिकाले नारीमाथि न्याय गरेको अनुभव मिल्छ । यस अर्थमा खनालको नारीप्रतिको दृष्टि हाम्रो समाजको संरचना अनुरूप फराकिलो देखिन्छ । यस उपन्यासमा खनालको देशभक्तिको अगाध प्रेम प्रष्टिन्छ । प्राण माया मारेर भए पनि क्रुर शासनको अन्त्यको निम्ति लागि पर्नुपर्ने विचार खनालको रहेको छ । **समयको रेखाचित्र** समग्रमा ग्रामीण जनजीवनको सत्यतथ्य अवलोकन र निम्नवर्गीय वास्तविकताको उजागर तथा २०४६ सालको बहुदल प्राप्तिको यथार्थ सिंहावलोकन हो । उपन्यासकार खनाल पनि २००७ सालपछिका विभिन्न घटनाक्रमहरू तथा सामाजिक यथार्थ स्थितिको प्रत्यक्षदर्शी भएकाले उनको अनुभवबाट खारिएको विचार नै यस उपन्यासको वैचारिक धरातल बनेको छ ।

## ५.२.६ उद्देश्य

**समयको रेखाचित्र** उपन्यासको उद्देश्य एउटा तल्लो वर्गको श्रमिकबाट आफ्नै बलबुतोले माथि उक्लिएको मध्यमवर्गीय पात्र आकाशसँग सम्बन्धित छ । थोरै समय भए पनि शमशेरलाई जीविकोपार्जनकै निम्ति लागिपर्ने पात्रको रूपमा उभ्याइएको छ भने आकाश सानैदेखि अन्तर्मुखी स्वभावको देखिन्छ । यस उपन्यासमा समयले एउटा नीरिह बालकलाई समृद्ध तर्फ धकेलेको छ भने राजनीतिक रंगको यथार्थता बोकेको कालखण्ड पनि प्रस्तुत छ । आकाशले नै उपन्यासको उद्देश्य बोकेको छ किनकी उपन्यासकारको मुखपात्रको रूपमा आकाश आएको छ । यहाँ संकुचित भन्दा संकुचित व्यक्तिगत स्वार्थको प्रवृत्ति पनी देख्न सकिन्छ भने समग्र देश र जनप्रतिको विशाल त्याग र बलिदानको उदाहरणीय समर्पित भावना पनि प्रवल रूपबाट आँकलन हुनसक्छ (विकल, भूमिका : ढ) । प्रस्तुत उपन्यास नेपालकै तत्कालीन ग्रामीण समाजको दुःख, कष्ट र यथार्थतासँग सम्बन्धित छ । सौतेनी मामला, चेतना र शिक्षाको कमी, गरिबी आदि पक्षलाई उन्यासले आफ्नो आरम्भ भागमा उद्देश्य बनाएको छ भने आकाशले गन्तव्य विन्दु नभेटाउन्जेल सम्मका कुराहरू (ग्रामीण परिवेश, बाटाको स्थिति, सडक बालकहरूसँगको उठबस, कुकुरसँगको सुताई) पनि सशक्त रूपमा अगाडि देखिन्छन् । अमरसँगको भेटसँगै आकाशले आफ्नो इच्छा अनुसारको समय पाउँछ र एउटा निर्दिष्ट रेखाचित्र भेट्टाउँछ ।

यो उपन्यास नेपाली ग्रामीण जनजीवनले भोगेको ऐतिहासिक परिवेश, सत्य तथ्य दृश्यावलीका साथै ग्रामीण क्षेत्रको आञ्चलीकतासँग पनि धेरथोर सम्बन्धित देखिन्छ ।

आकाशको सेरोफेरोको कालिक परिवेश र वातावरणले उपन्यासलाई जीवन्त बनाएको छ । उपन्यासमा कता कता आइरहने वसन्तीको कथाले पनि नेपाली चेलीको वास्तविकताको उजागर गरिएको छ भने अमरले कलेज अध्ययन गर्न थालेपछिको परिवेशलाई राजनीतिक रङ्ग दिइएको छ । अमर पनि राजनीतिमा सक्रिय भएको, सोही क्रममा जनआन्दोलनको फलतः निरङ्कुश पञ्चायती व्यवस्था ढलेको प्रसङ्गले यस उपन्यासको उद्देश्यलाई प्रष्ट्याइएको छ र विगतको मानसपटलमा छाइरहने यथार्थ घटनावृत्तलाई उद्देश्य बनाएको छ । यसले ऐतिहासिक राजनीतितर्फ रुचि राख्ने र अतीतको सामाजिक अवस्थाप्रति चासो दिने सम्पूर्ण पाठकहरूलाई उपयुक्त खुराक प्रदान गरेको छ ।

**समयको रेखाचित्र** उपन्यासमा एकातिर ग्रामीण निम्नवर्गीय जीवनको बिचबाट आफ्नो इच्छा पूरा गर्न अँध्यारोमा हामफालेका आकाशका पाइलाहरूको चित्रण गरिएको छ भने अर्कातिर पञ्चायती शासनको पञ्जाबाट मुक्ति पाउन जनताले गरेको वलिदानी यथार्थता प्रस्तुत गरिएको छ । आधुनिक समाज व्यवस्थाको यही इतिहासलाई औपन्यासिकीकरण गर्नु उपन्यासकारको उद्देश्य देखिन्छ । समयको गति हाम्रो वशभन्दा बाहिर हुन्छ । **समयको रेखाचित्र** सँगै एउटा निरीह केटो आकाशको जीवनमा अमर सरको साहाराले खुशीयाली छाउँदै गर्दा समयको क्रुर पञ्जामा परी आफ्नो एउटा खुट्टो गुमाउन पुग्छ । यस परिस्थितिमा उपन्यासकारले समय सामू मूण्टो उठाएर देशको सामू बलिदानी गर्नुलाई महान् कार्य ठानेका छन् । प्राण माया मारेर क्रुर शासनलाई चुनौती दिने सर्वसाधारण जनताको साहस र आँट देखाएर परिवर्तन र अस्तित्त्व रक्षाका लागि विद्रोह आवश्यक छ भन्ने देखाउनु यस उपन्यासको उद्देश्य देखिन्छ ।

### ५.२.७ दृष्टिविन्दु

उपन्यासमा पात्रको स्थान वा भूमिकालाई दृष्टिविन्दु भनिन्छ । उपन्यासमा केन्द्रीय पात्रको कुन स्थान छ, त्यसै आधारमा दृष्टिविन्दुलाई छुट्याइन्छ । दृष्टिविन्दुले कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरालाई बुझाउँछ । यस उपन्यासमा पनि उपन्यासकारले आफ्ना पात्र र घटनाका कुरालाई सर्वज्ञझैं बनेर टिप्पणी गरेका छन् । यस आधारमा उपन्यासमा सर्वज्ञ दृष्टिविन्दुको प्रयोग गरिएको छ । पात्रको वर्णन गर्दागर्दै उसको पूर्वस्मृतिलाई पनि जस्ताको तस्तै राखिदिनाले कथयिता एउटा पात्रतिर ढल्किन खोजेको जस्तो लाग्छ । तर वर्णनका अन्य पाटाहरू तत्कालै अगाडि आइदिनाले त्यसको नकारात्मक

प्रभाव भने पर्दैन । जेहोस्, उपन्यासको आरम्भदेखि अन्त्यसम्म नै यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग छ । यस उपन्यासको आरम्भ र अन्त्य निम्नानुसार गरिएको छ ।

**समयको रेखाचित्र** उपन्यासमा आकाशको जीवनचित्रमा बढी केन्द्रित भई आफूलाई उसैको अनुभवमा लुकाउने चेष्टा भएकाले र पूर्ण रूपमा तटस्थ पनि नभएकाले सर्वज्ञ अन्तर्गतका दुवै रूपको मिश्रित प्रयोग यसमा गरिएको छ । उपन्यासमा सबै पात्रले घटाएका हरेक घटनालाई उपन्यासकार खनाल आफू वस्तु निरपेक्ष रहेर नाटकीय रूपमा घटनाको वर्णन गर्दछन् । उपन्यासकारले आफ्नो दर्शन विभिन्न पात्रद्वारा प्रस्तुत गर्दछन् । आफ्नो जीवनमा देखेका र घटेका यथार्थ घटनाहरूलाई उपन्यासमा समेट्ने खनाल स्वयं उपन्यासका दृष्टिविन्दु हुन । आकाशले आफ्नो जीवनमा घटाएका हरेक कार्यव्यापारलाई साधनका रूपमा वर्णन गर्ने उपन्यासकार अन्य पुरुष वा बाह्य द्रष्टा हुन् ।

### ५.२.८ भाषाशैली

भाषा उपन्यासकारको घटना प्रस्तुत गर्ने माध्यम हो भने शैली प्रस्तुतिको तरिका हो । भाषा र शैलीको संयुक्त रूप नै भाषाशैली हो । यस उपन्यासको भाषाशैली वर्णनात्मक देखिन्छ । प्रत्येक परिच्छेदमा दिइएको शीर्षकले प्रतीकात्मक अर्थ बोकेको छ । सरल तथा सुवोध्य भाषा र वर्णनात्मक शैलीले उपन्यासलाई सुसंगठित, क्रमबद्ध र सङ्गतिपूर्ण बनाएको छ । उपन्यास पढेर आनन्द लिने विधा भएकाले भाषाशैलीको उपयुक्तता हुनुपर्दछ । उपन्यासकारको माझिएको कलमको फलस्वरूप भाषा परिष्कृत देखिन्छ । ग्रामीण काल परिवेश र वातावरणमा उपयुक्त भाषाको प्रयोग गरिएको छ । सूत्रात्मक तथा दार्शनिक वाक्य गठन पनि उपन्यासमा पाइन्छ । आमूल परिवर्तनकारी, सुनामी जस्ता पद पदावलीले वाक्यलाई जटिलतातिर मोड्न खोजेको देखिन्छ । बिम्ब प्रतीकको स्थानीय झर्रो भाषाको प्रयोग आदिको सुव्यवस्थाले उपन्यासलाइ जीवन्त बनाएको छ । घटनावर्णन, प्रकृतिवर्णन आदिमा लामा लामा वाक्यगठन देखिन्छ ।

उपन्यासमा उपन्यासकारले एउटै कुरालाई दोहोऱ्याएर उपन्यास लम्ब्याएको देखिन्छ भने अङ्ग्रेजी शब्दको प्रयोग पनि उपन्यासमा भेटिन्छ । दुई पुस्ताको आ-आफ्नै कथालाई उपन्यासमा रोचकीय ढङ्गले प्रस्तुत गरिएको छ । उपन्यासमा संस्कृत तत्सम शब्द, अङ्ग्रेजी मिश्रित हिन्दीका केही शब्दहरूका साथै अनुकरणात्मक शब्द तथा उपयुक्त शब्दको पनि

प्रयोग पाइन्छ । प्रकृति चित्रण सुन्दर शैलीमा मन बहलाउने गरी  स्वभाविक पाराले गर्न खनाल खप्पिस देखिन्छन् । **समयको रेखाचित्र** उपन्यासको भाषिक प्रयोगलाई उदाहरणका रूपमा यसरी हेर्न सकिन्छ :

क) कवितात्मक भाषा : प्रसङ्गबाट बुझियो, आकाश दुइवटा छन्, एउटा आकाशमा र अर्को धरतीमा ।

ख) अङ्ग्रेजी भाषाको प्रयोग : पुलिसफोर्स, सर्जिकल वार्ड, बेड, व्यान्डेज टुल

ग) अनुकरणात्मक शब्द : पटट.......... पटट............

आधुनिक नेपाली उपन्यास परम्परामा परिष्कृत भाषा र शैलीका माध्यमबाट प्रगतिवादतर्फ उन्मुख उपन्यास सिर्जना गर्ने उपन्यासकार खनालको **समयको रेखाचित्र** उपन्यासमा प्रवाहमय शैली तथा सरल र सम्प्रेषणीय भाषाका कारण सुवोध्य तथा खिरीलोपन पाइन्छ ।

## ५.३ हरिहर खनालका औपन्यासिक प्रवृत्तिहरू र योगदान

छोटो समयमा नै अत्यधिक सफलतम् विधा हुन सफल साहित्यका विविध विधामध्ये उपन्यास विधातर्फ स्रष्टाहरूको आकर्षण बढ्दो देखिन्छ । आकर्षणका साथसाथै प्रतिभा र अभ्यासको खाँचो छ । प्रतिभा र अभ्यासले पूर्ण साहित्यकार हरिहर खनालको आकर्षणले साकार रूप लिएको छ । उनी प्रगतिवादी उपन्यास परम्परामा विभिन्न विशेषताका साथ योगदान दिन सफल देखिन्छन् । यहाँ उपन्यासकार खनालका औपन्यासिक प्रवृत्तिहरू र योगदानको छुट्टाछुट्टै चर्चा गरिएको छ ।

### ५.३.१ हरिहर खनालका औपन्यासिक प्रवृत्तिहरू

हरिहर खनालले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाए पनि मूलतः आख्यान क्षेत्रमा सशक्तरूपमा उभिन सफल भएका छन् । आख्यान विधामा पनि करिब ४ दशकसम्म कथा विधामा रमाएका खनालले ६० को दशकमा आएर उपन्यास तर्फ आफ्ना हात बढाएका छन् । जसको परिणामस्वरूप साहित्य अनुरागीहरूले खनालका उपन्यासलाई गौर गर्ने अवसर पाएका छन् । उपन्यासकारले आफूले देखेका, सुनेका एवं भोगेका कुराहरूलाई नै औपन्यासिक संरचनामा ढाल्ने हुनाले उपन्यासकारका निहीत प्रवृत्तिहरू

प्रत्यक्ष अप्रत्यक्ष रूपमा उपन्यासमा झल्किएको हुन्छ । तिनै प्रवृत्तिलाई नै उपन्यासकारको औपन्यासिक प्रवृत्तिका रूपमा लिइन्छ । खनालका हालसम्म प्रकाशित जम्मा दुईवटा उपन्यासहरू छन् । तिनै दुईवटा उपन्यासबाट उनको औपन्यासिक प्रवृत्तिहरू निर्क्यौल गर्नुपर्ने हुन्छ । तलका उपशीर्षकमा उनका औपन्यासिक प्रवृत्तिहरूको चर्चा गरिएको छ ।

### ५.३.१.१ वैचारिक उपन्यासकार

साहित्य विचारलाई कलात्मक तवरले उद्घाटन गर्ने माध्यम मात्र हो । असल वस्तुको चिरस्थायी प्रभाव आकर्षक कलाले मात्र दिन सक्छ (कोइराला, शब्द संयोजनः ३८) । भन्ने उपन्यासकार खनाल वैचारिक उपन्यासकार हुन् । उनी आफ्ना उपन्यास पात्रका माध्यमबाट आफ्नो गहन तथा खिरीलो विचारलाई पोख्दछन् । उनका उपन्यासमा केन्द्रीय चरित्रलाई आफ्नो मुखपत्र बनाएको पाइन्छ । हरिहर खनालको शिल्पगत मापदण्ड उनका साहित्यिक रचनामा पाइने विचारद्वारा निर्धारित हुने गर्छ । दुईटै उपन्यासमा सकारात्मक सन्देश दिँदै सुधारात्मकतातिर अभिमूख गराउने प्रयत्न देखिन्छ । सामाजिक यथार्थतालाई आधार बनाएर उपन्यास सिर्जना गर्ने खनालको साहित्यिक पाटोले कुनै न कुनै गहन विचारलाई आत्मसाथ गरेकै हुन्छ ।

### ५.३.१.२ सामाजिक यथार्थवादी उपन्यासकार

हरिहर खनाल आधुनिक नेपाली उपन्यास परम्पराका सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनी उपन्यासमा समाजका बहुसङ्ख्यक जनका जीवनमा घट्ने घटनालाई आफ्नो उपन्यासको विषयवस्तु बनाउँछन् । समाजको निम्नवर्गको चित्रणमा रुचि राख्ने खनालले आफ्ना दुवै उपन्यासका पात्रहरू निम्नवर्गकै प्रतिनिधिको रूपमा लिएका छन् । समाजका निम्नवर्गको स्थिति, उनीहरूको सामाजिक, पारिवारिक अवस्था आदिको यथार्थ प्रस्तुतिमा खनाल सक्षम देखिन्छन् । **उज्यालोको खोजीमा** को 'माधव' र 'अजय' अनि **समयको रेखाचित्र**को आकाश दुवै समाजका प्रतिनिधि पात्र हुन् । यिनीहरूको माध्यमबाट खनालले निम्नवर्गीय सामाजिक जीवनको टड्कारो र जीवन्त समस्याहरूलाई आफ्ना उपन्यासमा समेटेकाले खनाल सामाजिक यथार्थवादी प्रवृत्तिका उपन्यासकार हुन् ।

### ५.३.१.३ ऐतिहासिक यथार्थता र औपन्यासिकताको सन्तुलित समीकरण

उपन्यासकार खनाल ऐतिहासिक घटनावस्तुलाई कलाको उचित कलवेरमा ढाली औपन्यासिकीकरण गर्छन् । उनका दुईवटै उपन्यासमा ऐतिहासिक विषयवस्तुको संयोजन गरेको पाइन्छ । उनको **उज्यालोको खोजीमा** उपन्यास भीमसेन थापाको पालादेखि २०३६ सालको विद्यार्थी आन्दोलनसम्मको जिउँदो उपन्यास हो । यसमा तत्कालीन समाजको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि यथार्थ पक्षलाई औपन्यासिकीकरण गरिएको छ । यस्तै अर्को उपन्यास **समयको रेखाचित्र**मा समाजका विभिन्न अवस्थालाई देखाउँदै २०४६ सालको जनआन्दोलनलाई औपन्यासिकीकरण गरिएको छ । समाजको यथार्थतालाई औपन्यासिक शिल्पका दृष्टिले सशक्त रूपमा प्रस्तुत गरी नुका साथै हरेक उपन्यासलाई ऐतिहासिक कालखण्डले समेट्नु उपन्यासकार खनालको औपन्यासिक प्रवृत्ति हो ।

### ५.३.१.४ प्रगतिवादी चिन्तन र सिर्जन विधि

प्रगतिवाद भनेको समाजमा रहेका विसङ्गति, अव्यवस्था, शोषण, अन्याय आदिलाई टिपेर मुक्तिको बाटो देखाउनु हो । प्रगतिवादीले परम्परागत रुढी, कुरीति, कुसंस्कारको विरोध गरी यिनलाई निर्मूल पार्ने प्रयास गर्दछ । प्रगतिवादी उपन्यासहरूले समाजका नराम्रा कुप्रवृत्ति त्यागेर क्रान्तिकारी, विद्रोही भइ परिवर्तनको आकांक्षा बोक्दछन् । प्रगतिवादी उपन्यासमा निम्नवर्गीय चरित्रनायक एवं कलात्मक शैली पनि हुनुपर्छ । खनालको **समयको रेखाचित्र** उपन्यासको आकाश निम्नवर्गीय पात्र हुनुका साथै अन्त्यमा गएर देशको सामाजिक र राजनैतिक अवस्थाप्रति परिवर्तनको वाहक बनेको छ । यसर्थ खनाल प्रगतिवादी उपन्यासकार हुन् ।

### ५.३.१.५ आञ्चलिक उपन्यासकार

कुनै निश्चित क्षेत्रमा सीमित रहेर उपन्यास लेख्नु आञ्चलिक प्रवृत्ति हो । खनालको **उज्यालोको खोजीमा** र समयको रेखाचित्र उपन्यासले उनलाई आञ्चलिक उपन्यासकार बनाइदिएको छ । यी उपन्यासमा तराईको मानपुर गाउँको चित्रणमा बढी जोड दिइएको छ । त्यहीको स्थानीय रंगको भाषाशैली तथा रहनसहनको वर्णन विश्लेषण गरिएको छ । यस आधारमा खनाल आञ्चलिक उपन्यासकार हुन् ।

### ५.३.१.६ प्रकृतिको यथार्थको सुन्दर चित्रण

उपन्यासकार हरिहर खनाल आफ्ना उपन्यासमा सुन्दर प्राकृतिक परिवेशको चित्रण गर्न रुचाउँछन् । उनको **उज्यालोको खोजीमा** उपन्यासमा दुरुङचुङ गाउँ तथा यसको आसपासका क्षेत्रको अत्यन्त कलात्मक पाराले सुन्दर चित्रण गरिएको छ । यस उपन्यासमा हिमाल, नदि, वनजंगल, मानव वस्ती आदिको जीवन्त चित्रण पाइन्छ । यसलाई उदाहरणको रूपमा यसरी हेर्न सकिन्छ :

पूर्व पश्चिम फैलिएर लमतन्न मुद्रामा सुतेको डाँडाको अगाडिपट्टी त्यसको काखमा एउटा सानो गाउँ थियो । (पृ. १)

यस्तै खनालको अर्को उपन्यास **समयको रेखाचित्र**मा पनि प्राकृतिक दृश्यहरूको वर्णन पाइन्छ । प्रकृतिसँग साक्षात्कर गरी लेखिएको खनालको ओजिलो भाषाले अत्यन्त सुन्दर र प्रकृति नै चटक्क मानसपटलमा पसेजस्तो अनुभव गराउँदछ ।

### ५.३.१.७ घटनाप्रधान उपन्यासकार

खनालका दुईवटै उपन्यासमा बढीभन्दा बढी घटनाक्रमहरूको सँगालो पाइन्छ । घटनाहरू एकपछि अर्को गर्दै तीव्र गतिमा अगाडि बढ्दछन् । पाठकहरूलाई शब्दात्मक झमेलामा नफँसाई उत्तेजनाको तीव्र अनुभूति तथा कथावस्तुको प्रवेग द्रुतगतिमा चलिरहन्छ । आकारको हिसाबले लघु उपन्यास भनिएको पाइएपनि घटनाक्रम र विषयवस्तुका दृष्टिले खनालका उपन्यास व्यापक परिधि र समयको दायरालाई समेट्न सफल देखिन्छन । यसर्थ घटनाको तीव्रता पाइनाले खनाललाई घटनाप्रधान उन्यासकार भन्न सकिन्छ ।

### ५.३.१.८ आशावादी स्वर

खनालले आफ्ना उपन्यासमा मान्छेको जीवनलाई निराशायुक्त बनाएका छैनन् । प्रत्येक पात्रहरू सानो-सानो आशाको त्यान्द्रोमा झुण्डिएर भए पनि जीवनरथलाई सकारात्मक गति दिन सक्षम देखिन्छन् । सानोतिनो घटनाबाट कुनैपनि पात्रले जीवनलाई विसङ्गत बनाएका छैनन् । बरु एकपछि अर्को आशाका त्यान्द्रा सँगाल्दै अघि बढेका छन् ।

सुदुर भविष्यप्रति आशावादी छन् । यसर्थ खनाल आशावादी वा जीवनवादी उपन्यासकार हुन् ।

### ५.३.१.९ नारी अस्मिताको रक्षा र उन्मुक्तिको स्वर

खनालले उपन्यासमा नारी पात्रहरूको भूमिकालाई न्यून गरेको देखिन्छ । तर पनि जति नारीपात्रहरू छन्, ती सबै क्रान्तिकारी चेतबाट अघि बढेका छन् । प्रायः विधवा नारीको पुनर्विवाह गराएर खनालले तत्कालीन समाजमा क्रान्ति गरेका छन् । माधवकी श्रीमती पोइल गएपछि उसले एउटी विधवा नारी विष्णुमायासँग विवाह गर्छ । उता शमशेरले पनि निमासँग विवाह गर्दछ । यसबाट नारीप्रतिको दृष्टिकोण सकारात्मक नै देखिन्छ ।

### ५.३.१.१० परिष्कृत/परिमार्जित भाषाशैली

बहुमुखी प्रतिभाका धनी खनाल २०२० देखिनै साहित्यिक फाँटमा लागिपरेका सर्जक हुन् । उनको परिष्कृत शैली करिब ४० वर्षपछि उपन्यासमा प्रविष्टि गरेको छ । सरल र सङ्क्षिप्त शैलीभित्र गहनता र परिष्कृत भाषाको प्रयोग उनको दीनचर्या नै हो । प्रतीक ध्वनी, बिम्ब प्रयोग, स्थानीयताको रङ्ग, आञ्चलिकताको प्रस्तुति, स्थानीय झर्रो भाषाको प्रयोगले उपन्यास सजिव बनेको छ (कोइराला, शब्द संयोजन, २०६५:४०) । लामाछोटा दुवै वाक्यको प्रयोग भएका यिनका उपन्यासमा आफूभित्र रहेको सौन्दर्यचेतको प्रस्तुति पाइन्छ । परिष्कृत तथा परिमार्जित भाषाशैलीभित्र शिष्टता, लालित्य, माधुर्यता आदिको मिश्रणले उपन्यासमा अझ बढी चमक थपेको पाइन्छ ।

यसप्रकार हरिहर खनालका दुई उपन्यासहरू **उज्यालोको खोजीमा** र **समयको रेखाचित्र** प्रकाशित भईसकेका छन् । यी दुवै उपन्यासहरू समाजवादी यथार्थवादबाट प्रभावित छन् । कथाका क्षेत्रमा प्रगतिवादी कथाकारका रूपले परिचित खनाल उपन्यासमा पनि आफ्नो वर्चस्व कायम राख्न सफल देखिन्छन् । कतिपय कुराहरू उपन्यासमा दोहोरिए पनि आफ्ना सबल पक्षले तिनीहरूलाई छोपछाप पार्न खनाल सफल छन् । माथिका प्रवृत्तिहरूका साथै कुसंस्कारको विरोध, बिम्बप्रतीकको प्रयोग, अर्न्तजातीय चित्रण, जनक्रान्तिको चित्रण, सुन्दर भाषायोजना आदि खनालका प्रवृत्तिगत विशेषता भित्र पर्दछन् ।

समग्रमा खनालका उपन्यासहरू समाजमा परिवर्तनको अपेक्षा राखी यसतर्फ अग्रसर भएका देखिन्छन् ।

## ५.४ औपन्यासिक क्षेत्रमा हरिहर खनालको योगदान

नेपाली उपन्यास साहित्यको इतिहासलाई त्यति लामो मान्न सकिदैन । त्यसमा पनि आधुनिक नेपाली उपन्यासको सुरुवात वि.सं. १९९१ तिर मात्रै भएको हो । यति छोटो अवधि भए पनि हरिहर खनालभन्दा पूर्व नै नेपाली उपन्यासले आफ्नो विविध रूपलाई ग्रहण गरिसकेको छ । आरम्भदेखि आजसम्मको विकासको दौडानमा अनेकौं प्रवृत्तिहरू अँगाल्दै उपन्यास विधा अगाडि बढिरहेको छ । आधुनिक नेपाली उपन्यासहरू आदर्शोन्मुख, यथार्थवादी, स्वच्छन्दतावादी, नारीवादी, प्रकृतवादी, विसङ्गतिवादी, अस्तित्त्ववादी, प्रयोगवादी, प्रगतिवादी, मिथकीय आदि विभिन्न धारामा आधारित भएर प्रकाशन भइसकेका छन् । बढ्दो पाश्चात्य प्रभाव र शिल्प प्रतिको झुकावले आधुनिक कालमा उपन्यासको संरचना झन् सशक्त बन्दै गएको देखिन्छ । त्यसैले वर्तमान समयमा नेपाली साहित्यका अरु विधाहरूको स्थितिको तुलनामा उपन्यास विधा निकै उन्नत देखिन्छ ।

वि.सं. २०६५ सालमा आख्यान साहित्य (कथा) मा स्थापित प्रगतिवादी साहित्यकार हरिहर खनालले एकै सालमा दुई वटा उपन्यास प्रकाशित गरे । करिब बिसको दशकदेखि नै साहित्यमा अनवरत लागि परेका खनाल बहुमुखी प्रतिभाका धनी व्यक्ति हुन् । उनले साहित्यको प्रारम्भिक यात्रामा नै उपन्यास लेखनको जमर्को नगरेका होइनन् । त्यही तीव्र इच्छालाई उनले साठीको दशकमा आएर पूरा गरेका छन् । उनका प्रगतिशील कथाभित्र तत्कालीन समाजको राजनैतिक, आर्थिक पक्षलाई स्पष्ट औंल्याएका छन् र उनका उपन्यास पनि यी पक्षबाट टाढा छैनन् । ऐतिहासिक विषयवस्तुलाई चटक्क टिपेर औपन्यासिकीकरण गरी  प्रगतिको विगुल फुक्नु उनका उपन्यासका विशेषता हुन् ।

खनालका दुईवटा उपन्यासमध्ये पहिलो उपन्यास **उज्यालोको खोजीमा** (२०६५, बैशाख १) हो । यो उपन्यास कास्की जिल्लाबाट सुरु भएर पोखरा हुँदै चितवनसम्म फैलिएको छ । उपन्यास माधव र अजयको पहिलो पुस्ता र दोस्रो पुस्ताको केन्द्रीयतामा घुमेको छ । धेरै वर्ष अगाडिदेखिको परिवेशलाई २०३६ सालको विद्यार्थी आन्दोलनसम्म ल्याइपुऱ्याएर अन्त्य गरिएको छ । गोधुली साँझमा बाबु प्रकाशले छोरी सिर्जनालाई

सुनाएबाट सुरु भएको उपन्यास कथाको अन्तसँगै समाप्त हुन्छ । शिक्षा र चेतनाको अभावमा रुमलिएको कष्टकर जीवनमा आर्थिक विपन्नता र शोषण चट्कारो रूप हुनुको साथै पुनर्विवाह, पुरुष विदेशिने, प्राकृतिक प्रकोपको चटारो आदिको चित्र उपन्यासमा चित्रित छ भने २०३६ सालको राजनीतिक कथा पनि उपन्यासमा व्यञ्जित छ । इतिहासका घटनाक्रमहरू मार्फत परिवर्तनको प्रवाह लेखकले देखाएको देखिन्छ । यसले अतीतको एकसयवर्ष पुरानो समय, संस्कृति, समाज, राजनीति र ऐतिहासिक परिवेशको यथार्थ तस्वीर प्रस्तुत गरेको छ (भट्टराई, २०६५ : भूमिका : VII ) ।

उपन्यासकार हरिहर खनालको अर्को उपन्यास हो **समयको रेखाचित्र** (२०६५, भाद्र १२) । यो उपन्यासले पनि ग्रामीण जीवनको यथार्थलाई बोकेको छ । एउटा निम्नवर्गीय पात्र आकाशले वालापनमै जीवन प्रति आशावादी भएर देखाएको आँट र साहसलाई मान्नैपर्ने देखिन्छ । सौतेनी मामलालाई घटनामा देखाउँदै दुःख, कष्ट, अचेतना, अशिक्षाजस्ता कुरा महत्त्वपूर्ण बनी आरम्भमा देखिन्छन् भने अमर सरसँगको भेटले आकाशमा आएको परिवर्तन तथा २०४६ सालको जनआन्दोलनको यथार्थ तस्विर उत्तरार्द्ध खण्डमा देखिन्छ । जनआकांक्षालाई प्रस्तुत गर्ने क्रममा आमूल परिवर्तनकारी, सुनामी जस्ता शब्द शब्दावली प्रस्तुत गरिएको छ । कतिपय वाक्य सुत्रात्मक र दार्शनिक छन् । प्रतीक ध्वनि, विम्व प्रयोग, स्थानीयताको रंग, आञ्चलिकताको प्रस्तुति, स्थानीय झर्रो भाषाको प्रयोगले उपन्यास सजिव बन्न पुगेको छ (कोइराला, शब्दसंयोजन २०६५:४०) । खनालको परिष्कृत शैलीले उपन्यास जीवन्त देखिन्छ । आकाशले लोकतन्त्र प्राप्तिका निम्ति अपाङ्ग जीवन स्वीकार्नु परे पनि यसमा युवाको जोश, वर्गीय हित तथा राष्ट्रप्रेमको महत्त्व बढी देखिन्छ । **समयको रेखाचित्र** (२०६५) सामाजिक रूपान्तरणकालागि निम्नवर्गीय पात्रले गरेको सबल संघर्षलाई अङ्कन गर्ने प्रगतिवादी उपन्यास हो (बराल र एटम, २०६६ : १५५) ।

यसरी हरिहर खनालले नेपाली उपन्यासको क्षेत्रमा गुणात्मक रूपमा निकै उत्कृष्ट खालका दुई वटा उपन्यास लेखिसकेका छन् । यी दुवै उपन्यासको कालखण्ड फरक भए पनि शैली र प्रयोगमा समानताको आभाष देखिन्छ । हाम्रा अग्रज पुर्खाहरूले देखाएको वीरता तथा बलिदानीको कथा रोमाञ्चक पाराभित्रै करुणताले भरिएको छ । खनालको पहिलो उपन्यास सामाजिक यथार्थवादी र ऐतिहासिक यथार्थवादीको मिश्रण हो भने यो उपन्यासलाई सामाजिक प्रगति उन्मुख उपन्यासको संज्ञा दिन सकिन्छ । प्रयोगवादी

उपन्यास लेखनको होडवाजी चलीरहेको समसामयीक परिस्थितिमा **उज्यालोको खोजीमा** उपन्यासले बेग्लै स्थान ओगटेको छ । यो उपन्यास अतीतमा सुरु भएर अतीतमा नै टुङ्गिएको छ । लेखकको जीवनीसँग तादाम्यता राख्ने दुरुङचुङको सुक्ष्म विश्लेषण, प्रस्तुतिमा यथार्थता, समाज र मान्छेको सम्बन्ध, गरिबका पीडा र उदासीको यथार्थता तथा प्रकृतिको चित्रणमा जोड दिएकाले खनालको यो उपन्यास सामाजिक यथार्थवादी धराको एउटा स्पष्ट उदाहरण हो ।

खनालको अर्को उपन्यास **समयको रेखाचित्र**मा समाजकै वास्तविकतालाई केलाउँदै ऐतिहासिक घटनालाई समावेश गरी  आर्थिक विषमताबाट जन्मिने विसङ्गतिको चिरफार गरिएको छ । नायकलाई आशावादी चरित्रका रूपमा स्थापित गराइ समयसँगै क्रान्तिकारी, विद्रोही तथा परिवर्तनकांक्षी बनाइएको छ । परिवर्तन प्राप्तिका लागि ज्यान दिन तयार युवाहरूको जमात देखाइएको छ । यसरी निम्नवर्गबाट आएको एक पात्रद्वारा गरिएको संघर्षको प्रतिफल देखाइएको खनालको यो प्रगतिवादी उपन्यास हो ।

यसप्रकार आकारका दृष्टिले लघु देखिए पनि विचारका दृष्टिले खनालका उपन्यास वृहत छन् । खनालले उपन्यासमार्फत विगतको सामाजिक, आर्थिक, प्राकृतिक वातावरण तथा ऐतिहासिक महत्त्वपूर्ण कालखण्डलाई पाठकसामू पुऱ्याउने उद्देश्य राखेको देखिन्छ । नेपाली समाजका विभिन्न पुराना सामाजिक, ऐतिहासिक, राजनीतिक घटनाहरूलाई उपन्यासमार्फत प्रकट गर्दै नेपाली प्रगतिवादी उपन्यासकारहरूको पंक्तिमा हरिहर खनाल पनि स्थापित हुन पुगेका छन् ।

## ५.५ निष्कर्ष

खनालका प्रकाशित दुई वटा उपन्यासको अध्ययन पश्चात् मात्रात्मक हिसाबले थोरै भए पनि उनका उपन्यासहरु गुणात्मक हिसावले उच्च कोटीका देखिन्छन् । दुई वटै उपन्यासमा निम्नवर्गीय पात्रलाई नायक वनाई वर्गीय मूक्तिको पक्षमा वकालत गरिएको छ भने विगतको सामाजिक ग्रामीण परिवेशसँग सम्पूर्ण पाठकलाई परिचित गराइएको छ । अतीतको महत्वपूर्ण राजनीतिक घटनाहरुलाई वास्तविक तवरले तारतम्य मिलाइएको छ र हाम्रा अग्रजहरुले देशको निम्ति गरेका वलिदानको झझल्को दिएको छ । नेपालको कास्की जिल्लाको प्राकृतिक वातावरणको मनोरम ढङ्गले चित्रण गरिएको छ । दुई वटै उपन्यासमा

नारी पात्रको वाहुल्यता नभएपनि कमै पात्र मार्फत नारी मूक्तिको अस्मिताको स्वर पनि मुखरित भएको छ । उपन्यासमा जातीय समानताको पक्षमा पनि कुरा उठाइएको छ । समग्रमा शिक्षा र चेतनाको अभावले भरिएको अतीतको कालखण्ड पनि ग्रामीण परिवेश तथा राजनीतिक घटनाक्रमलाई उजागर गर्नु तथा प्रगतिवादी स्वर घन्काउनु नै यी दुवै उपन्यासका उद्देश्य हुन् । खनालका यी उपन्यासहरु प्रगतिवादी उपन्यासको क्षेत्रमा मसला बनी आएका देखिन्छन् ।

# परिच्छेद छ

# उपसंहार तथा निष्कर्ष

## ६.१ उपसंहार

**हरिहर खनालको उपन्यासकारीता** शीर्षकको प्रस्तुत शोधपत्र जम्मा ६ परिच्छेदमा संरचित छ । पहिलो परिच्छेदको 'शोधपरिचय' र छैठौं परिच्छेदको 'उपसंहार तथा निष्कर्ष' शोधपत्रमा अनिवार्य खण्ड हुन् । तेस्रो, चौथो र पाँचौ खण्डहरू प्रायोगिक खण्डका रूपमा रहेका छन् ।

वि.सं. २००३ साल भाद्र २१ गतेका दिन गण्डकी अञ्चल कास्की जिल्लाको फल्याङकोट भन्ने गाउँमा बुबा कृष्णप्रसाद खनाल र आमा सुलोचना खनालको कोखबाट हरिहर खनालको जन्म भएको हो । बाल्यकालमै आमाबाबुको मायाबाट वञ्चित र टुहुरा बन्न पुगेका खनालले आफ्नो जीवन रथलाई मुस्किलले मात्र गुडाएका थिए । उनको शिक्षादिक्षा पनि बडो कष्टसँग अगाडि बढेको पाइन्छ । संस्कृत शिक्षाबाट पढाइको आरम्भ गरेका खनाल निम्न माध्यमिक पढाइसँगै वि.सं. २०२० मा चितवन झर्दछन् । उनले प्रवेशिका प्रमाणपत्र तह चितवनमै पूरा गरी त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट अंग्रेजीमा एम्.ए. तथा वी.एड सम्मको अध्ययन गरेका छन् ।

व्यक्तिले आफ्नो अस्तित्त्वको निर्माण आफैले गरेको हुन्छ । जो व्यक्ति ब्यूझिन्छ उसैले मात्र सूर्योदय देख्न सक्छ भनेजस्तै हरिहर खनाल पनि वि.सं. २०२० सालदेखि नै शिक्षण पेशामा प्रवेश गरेका हुन् । बहुआयामिक व्यक्तित्त्वका धनी रहेका खनालले सचेत र कर्तव्यनिष्ठ नागरिकका रूपमा विभिन्न क्षेत्रमा थुप्रै योगदान दिएका छन् । उनले दिएका योगदानहरू पत्रकारिताको क्षेत्रमा, समाज सेवाको क्षेत्रमा, साहित्यिक क्षेत्रमा, धार्मिक क्षेत्रमा, राजनीतिक क्षेत्रमा तथा शैक्षिक क्षेत्र जस्ता विविध क्षेत्रमा रहेका छन् । यी सबै क्षेत्रमा उनले सेवा भावका दृष्टिले योगदान दिएका हुन् ।

हरिहर खनालको महत्त्वपूर्ण क्षेत्रको रूपमा साहित्यिक क्षेत्र रहेको छ । यिनको लेखन प्रेरणाको रूपमा विविध पक्षहरू आएका छन् । वरपरको तत्कालीन वातावरण यसैउसै प्रेरक छदै थियो, त्यसमा शैक्षिक चेतना, जीवनानुभूति, तथा सानै उमेर देखिको रुचि आदिले टेवा

दियो । वि.सं. २०२० को सुरुवाट नै साहित्यमा प्रवेश गरेको देखिए पनि वि.सं. २०२४ देखि औपचारिकता पायो र सार्वजनिक रूपमा प्रवेश पायो । यसपछि निरन्तररूपमा साहित्यिक क्षेत्रमा देखापरेका खनाल अन्ततः नेपाली साहित्यमा सबल स्रष्टा व्यक्तित्त्वका रूपमा चिनिएका छन् ।

हरिहर खनालले साहित्य सिर्जनाको सुरुवात कविताबाट गरेका हुन् । वि.सं. २०२४ मा उनको पहिलो कविता सङ्ग्रह **बिदा हुँदा** प्रकाशित हुन्छ । यसै समयमा (वि.सं. २०२४) **जुनको प्रकाशमा सूर्यलाई निम्त्याएर** नामक कथा पनि देखा पर्दछ । यही कथा वि.सं. २०२५ माघको पारिजातको अंक १० मा प्रकाशित भएपछि उनको लेखन कथातिर अघि बढेको पाइन्छ । त्यसपछि विभिन्न पत्रपत्रिकाहरूमा उनका कथा छापिएका देखिन्छन् । वि.सं. २०२५ मा **देवकोटाको सम्झनामा** शीर्षात्मक क्याम्पस स्तरीय निबन्ध प्रतियोगितामा खनाल प्रथम भएका थिए । वि.सं. २०२५ मा नै वैवाहिक सम्बन्धमा बाँधिएका खनालले त्यसपछि पनि साहित्यिक यात्रालाई निरन्तरता दिए । घर परिवार धान्नको लागि खनालले धेरै समयसम्म ट्यूसन पढाए । खनालको **बिदा हुँदा** कवितासङ्ग्रहमा देशप्रतिको अगाध प्रेम तथा प्रकृतिप्रेम र युवासुलभ प्रेमको झलक पाइन्छ । वि.सं. २०२५ पछाडि एकदशकभन्दा बढी समय खनालले कथा विधालाई अगाडि बढाएको देखिन्छ । यस बेलाका कथाहरूमा **बैनाबट्टा** (२०२६), **यौटा विज्ञापन योग्यताको** (२०२७), **अजम्बरी गाउँ** (२०२७), **दोसाँधका दुई क्षण** (२०३१) आदि पर्दछन् । खनालले आफ्नो साहित्यमा समाजको यथार्थपरक पक्षलाई उजागर गरेका छन् ।

वि.सं. २०२४ देखि औपचारिक रूपमा साहित्यमा लागेका खनालका वि.सं. २०६७ सम्म आइपुग्दा ६ वटा विधामा गरी  जम्मा अठार वटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् । दुई कविता सङ्ग्रह, दश कथा सङ्ग्रह, एक जीवनी अनुवाद, एक निबन्ध सङ्ग्रह, दुई उपन्यास तथा दुई नियात्रा प्रकाशित भइसकेको पाइन्छ । लगभग पाँच दशक लामो साहित्य यात्रामा खनाल नियमीत लेखन र नयाँ नयाँ विधाको प्रकाशनमा लागिपरेका छन् । चितवनका निकटतम साहित्यकर्मी खनालका कृतिहरू चितवनकै संघसंस्थाहरू साझा प्रकाशन, रत्नपुस्तक भण्डार, भुँडी पुराण प्रकाशन पालुवा प्रकाशन तथा खनालको आफ्नै पहलमा प्रकाशित भइरहेका छन् । यस शोधपत्रको उद्देश्य खनालका पछिल्ला चरणका उपन्यासको अध्ययन भएकाले लामो साहित्यिक यात्रालाई गहिरिएर समावेश गरिएको छैन ।

अन्य विधाका तुलनामा खनाल आख्यान विधा त्यसमा पनि कथाको क्षेत्रमा अगाडि देखिन्छन् । यो उनको चार दशक लामो साधनाको प्रतिफल हो । तर आख्यानकै अर्को विधा उपन्यासतर्फ खनालले आफ्नो स्थान स्थापित गराइसकेका छन् । धेरै वर्ष पहिला नै उपन्यास लेखी प्रकाशनमा नल्याएको कुरा व्यक्त गर्ने खनालले २०६५ मा आएर एकै वर्षमा दुई वटा उपन्यास प्रकाशन गरेका छन् । उनका उपन्यासहरू **उज्यालोको खोजीमा** (२०६५, बैशाख १) र **समयको रेखाचित्र** (२०६५ भाद्र १२) हुन् ।

कथाको क्षेत्रमा उत्कृष्टता पाइरहेका खनालको एकैपटक दुई-दुई वटा उपन्यास प्रकाशनले नेपाली साहित्य जगतलाई मसला पुगेको छ । दुवै उपन्यासमा विगतको राजनैतिक घटनालाई ताजा बनाएर पाठकको मानसपटलमा वीरताको आभाष दिलाएको पाइन्छ । उनको पहिलो उपन्यास **उज्यालोको खोजीमा** मा अतीतको एकसय वर्ष पुरानो समय, संस्कृति र सामाजिक राजनीतिक, ऐतिहासिक परिवेशको चित्रण छ । निम्नवर्गीय पात्रहरूलाई उपन्यासमा केन्द्रीयता दिएर कथानकलाई अगाडि बढाइएको छ । दुइ पुस्ताको आफ्नै कथा व्यथालाई अगाडि ल्याइएको छ । बिहान बेलुका छाक टार्नु समस्या बन्दाबन्दै समस्याकै माझमा मृत्युवरण गर्नुपर्ने सत्यता निम्नवर्गमा भएको कुरालाई उपन्यासमा मार्मिक तवरले प्रस्तुत गरिएको छ । यो उपन्यास प्रगतिउन्मुख उपन्यास हो ।

त्यस्तै खनालको अर्को उपन्यास **समयको रेखाचित्र** (२०६५) हो । यो उपन्यास प्रगतिवादी उपन्यासको लहरमा पंक्तिबद्ध भइसकेको छ । निम्नवर्गीय पात्रको चयन, आर्थिक विषमताबाट उब्जिएको समस्या, नायकको भविष्यप्रतिको आशावादीता, क्रान्तिकारी तथा विद्रोही प्रवृत्ति, स्थानीय भाषिका आदिको उचित संयोजनले उपन्यासलाई प्रगतितिर लम्काएको छ । समाजको शोषण, पींडा आदिबाट निकास खोजेको छ । यस उपन्यासले कथाको क्षेत्रमा खनालको स्थान जुन छ, उपन्यासमा पनि त्यही र त्यस्तै हुने आशा गर्न सकिन्छ ।

खनालले साहित्यिक क्षेत्रभन्दा बाहिर रहेर पनि आफ्नो तर्फबाट सक्दो भूमिका निभाएका छन् । उनले व्यक्तिगत रूपमा तथा संस्थागत रूपमा रहेर साहित्य र शैक्षिक क्षेत्रमा टेवा पुऱ्याएका छन् । चितवन जिल्लाको मात्र नभइ देशकै उत्कृष्ट बहुमखी क्याम्पसका रूपमा स्थापित भएको सप्तगण्डकी क्याम्पस, भरतपुरको स्थापना गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका खनालले उक्त क्याम्पसको भौतिक तथा शैक्षिक गुणस्तर

अभिवृद्धिमा गरेको योगदानलाई विर्सन मिल्दैन । विज्ञानजस्तो गहन विषयलाई सङ्कायको रूपमा स्थापित गर्न, आवश्यक पर्ने स्तरीय भौतिक सामग्रीहरू विदेशबाट समेत जुटाउन सक्रिय खनाल शिक्षाप्रेमी व्यक्तिका रूपमा स्थापित छन् । जसका कारण हालसम्म पनि चितवनमा उनी प्रत्येक जनमानसको हृदयमा सम्मानित छन् । साहित्यका विभिन्न विधामा सक्रिय खनाल लेखक, सम्पादक, प्रकाशक, अनुसन्धानकर्ता, अनुवादक, स्तम्भकार आदि गुणले युक्त व्यक्ति हुन् । चर्चाका हिसाबले कथा क्षेत्रमा अगाडि आए पनि भर्खरै मुना पलाउँदै गरेको उपन्यास विधा पनि कथाको निकटवर्ती विधा वा कथा र उपन्यास दुवै आख्यान विधा भएकाले आगामी दिनहरूमा उपन्यासको क्षेत्रमा पनि चर्चित हुनसक्ने सुदुर भविष्यवाणी गर्न सकिन्छ । यिनका प्रकाशित उपन्यासहरूमा रङमडिएको वैचारिकता, परिष्कृतता, सुन्दर भाषायोजना तथा क्रमबद्ध प्रस्तुतिका कारण चर्चाको पंक्तिमा लामबद्ध भएका छन् । आख्यानका क्षेत्रमा प्रगतिशील लेखकका चिनारीबाट अगाडी बढेका खनाल सत्यतथ्य घटनालाई प्रगतिवादी बाटोमा अग्रसर गराउन लागिपरेका प्रखर साहित्यिक व्यक्तित्व हुन् ।

उपयुक्त विषयवस्तु र शैलीमा निर्मित खनालका सुन्दर र प्रभावशाली उपन्यासले ऐतिहासिक उपन्यासको झल्को दिन्छन् । ग्राम्य जीवन र यसको सेरोफेरो भित्र निम्न वर्गीय पात्रको चयन गर्नु खनालको औपन्यासिक वैशिष्ट्य हो । खनालका उपन्यासमा तीव्रताको अनुभूति पाइन्छ भने वर्णनात्मक शैली पनि पाइन्छ । दुवै उपन्यासमा राजनीतिक रङ्ग पोतिएको छ भने उपन्यासको स्थान, प्रमुख पात्रको चरित्र आदि गौर गर्दा खनालले आफ्नै अनुभूतिलाई थोरबहुत कल्पनाले रङ्गाएका त हैनन्? भन्ने विचार पनि उब्जन्छ । पहिलो उपन्यासको अन्तिम विन्दु दोस्रो उपन्यासको सुरुवातबाट भएको होकी जस्तो पनि लाग्छ । जे भए पनि उपन्यासकार हरिहर खनालले प्रगतिवादी उपन्यासकारको पंक्तिमा आफ्नो नाम लेखाएका छन् । खनालको औपन्यासिक उद्देश्य समाजको यथार्थताको उद्घाटन गर्दै मुक्ति तर्फ अग्रसर गराउने रहेको देखिन्छ ।

यसरी यस शोधपत्रमा उपन्यासकार खनालको औपन्यासिक पाटोलाई समेट्ने जमर्को गरिएको छ । नेपाली उपन्यासको क्षेत्रमा हरिहर खनाल एक उच्च स्थानमा स्थापित हुन सफल भएको देखिन्छ ।

## ६.२ निष्कर्ष

१) साहित्यकार हरिहर खनालको जन्म वि.सं. २००३ भाद्र १२ गते वुवा कृष्णप्रसाद खनाल र आमा सुलोचना खनालको कोखवाट गण्डकी अञ्चल कास्की जिल्लाको फल्याडकोट भन्ने गाउँमा भएको हो ।

२) वाल्यकालमै टुहुरा वन्न पुगेका खनालले आफ्नो शिक्षादीक्षा वडो कठीन ढङ्गले पुरा गरेको देखिन्छ । पढाउदै पढ्दै गरेर भए पनि उनले एम.ए. सम्मको शिक्षा हासिल गरेको देखिन्छ ।

३) जीवनानुभव तथा सानै देखिको रुचिलाई साधनाले रङ्गाएर साहित्यकार खानालले साहित्यमा सफलता पाए । २०२० सालमा नै साहित्यमा अनौपचारिक रुपमा प्रवेश गरेका खनालले वि.सं. २०२४ समा विदा हुँदा कविता सङ्ग्रह प्रकाशन गरी सार्वजनिक भए ।

४ प्रगतिवादी कथाकारका रुपमा परिचित खनालले हालसम्म नौ वटा कथा सङ्ग्रह, दुई वटा कविता सङ्ग्रह, दुईवाट अनुवाद, एक निवन्ध सङ्ग्रह, दुई वटा उपन्यास र दुई नियात्रा गरी अठार वटा पुस्तकाकार कृतिहरुको प्रकाशन गरिसकेका छन् ।

५) प्रगतिवादी कथाकारका रुपमा परिचित खनालले प्रगतिवादी प्रवृत्तिलाई नै निरन्तरता दिदै वि.सं. २०६५ मा दुई वटा उपन्यासको प्रकाशन गरे उज्यालोको खोजीमा र समयको रेखाचित्र । यी दुवै उपन्यासहरुमा प्रगतिवादी चेतका साथै समाजका यथार्थ पक्षको चित्रण पाइन्छ ।

६) निम्न वर्गीय ग्रामीण परिवेशमा गरिवीका कारण उत्पन्न समस्या, धेरै वर्ष अगाडिको सामाजिक यथार्थता तथा अतीतका अविस्मरणीय राजनीतिक घटनाक्रमहरु तथा ऐतिहासिक परिवेशको चित्रण खनालका उपन्यासमा पाइन्छ ।

७) वर्गीय सङ्घर्षको मूक्ति तथा परिवर्तनकामी विचारहरु आफ्ना साहित्यमार्फत प्रकट गर्ने खनाल उपन्यासका पात्रमार्फत आशावादी स्वर वुलन्द पार्दछन् । आफ्ना उपन्यासमार्फत खनाल प्राकृतिक सुन्दरताको व्याख्या गर्न अत्यन्त मन पराउछन् ।

८) खनालका उपन्यासमा आञ्चलिकता पाइन्छ । उपन्यासकारको जीवनी र उपन्यासको कथावस्तु मनन् गर्दा खनालको आफ्नै जीवनानुभुति हो कि जस्तो पनि लाग्छ । जे भए पनि यी उपन्यासमा खनालले निम्न वर्गीय पात्रलाई नायक वनाई सङ्घर्षको वकालत गरेका छन् ।

९) खनालका उपन्यासमा प्रकृतिको चित्रण, नारी अस्मिताको रक्षा, आञ्चलिकता, वैचारिकता, ऐतिहासिक तथा राजनीतिक यथार्थता, आशावादीता, सरल तथा ग्रामीण शब्दहरुको प्रयोग आदि प्रवृतिगत विशेषता पाइन्छ ।

१०) यसप्रकार खनाल नेपाली उपन्यास विधामा आफ्ना गहन तथा मर्मस्पर्शी उपन्यासका साथ देखापरेका नवप्रतिभा हुन् । उनको औपन्यासिक क्षमता यिनै दुई वटा उपन्यासमार्फत प्रकट भएको छ । प्रगतिवादी उपन्यासको लहरमा आफ्नो पनि नाम लेखाई उच्च स्थानमा स्थापित हुन खनाल सक्षम भएका छन् ।

# सन्दर्भ सूची

**पुस्तकहरू:**


आचार्य, कृष्णप्रसाद र कृष्णबहादुर वस्नेत (२०६३), **आधुनिक नेपाली उपन्यास र कथा,** काठमाडौ : दीक्षान्त प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५९), **साहित्य प्रकाश** छै.सं., ललितपुर : साझा प्रकाशन ।

खनाल, हरिहर (२०६५), **उज्यालोको खोजीमा,** काठमाडौं : भुँडीपुराण प्रकाशन ।

-----,------ (२०६५), **समयको रेखाचित्र,** काठमाडौं : पालुवा प्रकाशन ।

-----,------ (२०६६), **चीनको डायरी,** हेटौँडा : पूर्ण शाक्य ।

-----,------ (२०६७), **बेलाइती दैनिक**, काठमाण्डौं लेखक स्वयं ।

चापागाइँ, निनु (२०५४), **मार्क्सवादी चिन्तमा सौन्दर्य,**

न्यौपाने, भागवत शरण (२०६४), **हरिहर खनालका छोटा कथाहरू,** काठमाडौं : निरन्तर छापाखाना ।

पौडेल, गोपीन्द्र (२०५९), **सौन्दर्यबोध र समीक्षा विविध,** काठमाडौं : उर्मिला पौडेल ।

पौडेल, गोपीन्द्र (२०६५), **कथाको सौन्दर्यशास्त्र,** काठमाडौं : उर्मिला पौडेल ।

प्रधान, कृष्णचन्द्र सिंह (२०५२), **नेपाली उपन्यास र उपन्यासकार** ते.सं., ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि,** दार्जिलिङ : दोवा प्रकाशन ।

बराल कृष्णहरि र नेत्र एटम (२०६६) उपन्यास सिद्धान्त र नेपाली उपन्यास

भट्टराई, घटराज (२०५६), **नेपाली लेखककोश,** काठमाडौं : मोडेन प्रिन्टर प्रेस ।

बराल, क्रिषिराज (२०६३), **उपन्यासको सौन्दर्यशास्त्र**, दो.सं. ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०५६), **नेपाली साहित्यको संक्षिप्त इतिहास,** ललितपुरः साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** ललितपुर : साझा प्रकाशन ।

**अप्रकाशित शोधपत्रहरू**

अधिकारी, तेजविलास (२०६१), साहित्यकार हरिहर खनाल र उनका साहित्यिक कृतिहरूको संक्षिप्त अध्ययन (त्रि.वि., ने.के..वि., काठमाडौं) ।

अधिकारी, संगीता र हरिहर खनालको 'विघटन' कथा संग्रहको कृति परक अध्ययन -२०६७

चापागाईं, नारायप्रसाद (२०६०), कथाकार हरिहर खनालको कथाकारिता, (त्रि.वि., ने.के..वि., काठमाडौं) ।

वाग्ले, इश्वरचन्द्र (२०४९), हरिहर खनालको जीवनी, व्यक्तित्व र कृतित्व (त्रि.वि., ने.के..वि., काठमाडौं) ।

**पत्रपत्रिका सूचि**

कोइराला, खेम, "हरिहर खनालको 'समयको एउटा रेखाचित्रः एक टिपोट", शब्दसंयोजन ( अङ्क - ८, २०६५), पृ. ३६-४१ ।

भट्टराई, डिजन मार्क्सवादी दर्शन र कला साहित्यसम्बन्धी मान्यता - कुञ्जिनी ।

रेग्मी, चूडामणी, सम्पादकीय, यथार्थ कुरा चन्द्रगढी : जुही प्रकाशन ।